मनराशिसवा नगरपालिका

# नगर शिक्षा योजना

२०८१-२०९०

Manarashiswa Municipality

# Municipal Education Plan

2025-2034




स्थानीय सरकार

मनराशिसवा नगरपालिका

मनरा,महोत्तरी

नगरपालिका शिक्षा योजना निर्माणको कार्यदलका सदस्यहरु :

मिति २०८१/०६/१३ मा सम्पन्न मनराशिसवा नगरपालिकाको कार्यपालिका वैठकवाट गठित नगर शिक्षा योजनाका सदस्यहरूको नामावली

| | |
|---|---|
| श्री मोहन पाण्डेय | संयोजक (नगर प्रमुख) |
| श्री शशिभुषाण झा | सदस्य |
| श्री नरेश कुमार सिंह | सदस्य |
| श्री अन्जु कुमारी सिंह | सदस्य |
| श्री संजय कुमार लालकर्ण | सदस्य |
| श्री अंगत कुमार मण्डल | सदस्य |
| श्री गोमा काफ्ले | सदस्य |
| श्री श्यामदेव महासेठ | सदस्य |
| श्री रामचन्द्र राय यादव | सदस्य |
| श्री कुमोद कुमार सिंह | सदस्य |
| श्री वृजलाल सहनी | सदस्य |
| श्री उदय किशोर झा | सदस्य |
| श्री अनिल कुमार सिंह | सदस्य |
| श्री जय शंकर मण्डल | सदस्य सचिव |

तयारकर्ता
अंगत कुमार मण्डल (सामाजिक विकास संयोजक)
जय शंकर मण्डल (शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख)
श्याम नंदन सिंह (शिक्षा संयोजक)
दिपेश साह (सुचना तथा प्रविधि अधिकृत)
गोमा काफ्ले (महिला तथा बालबालिका शाखा प्रमुख)


| | |
|---|---|
| प्रकाशक | मनराशिसवा नगरपालिका, महोत्तरी |
| प्रकाशन प्रति | १०० |
| प्रमाणित मिति | २०८१ फाल्गुन ८ गते |
| प्रकाशन मिति | २०८२ साल |
| प्रविधिक सहयोग | पिपुल प्रोमोट सेन्टर, धनुषा / युनिसेफ नेपाल |

# विषय सूची

विषय सूची ........ ३
हाम्रो भनाइ ........ ४
प्राक्कथन ........ ५
परिच्छेद १ ........ १
१.१ पृष्ठभूमि ........ १
१.२ पालिकाको समग्र सन्दर्भ ........ २
१.३ शिक्षा क्षेत्रको योजना ........ २७
१.४ पालिकाको शिक्षा क्षेत्रका मुख्य चुनौतीहरू ........ २९
१.५ पालिकाको शिक्षा क्षेत्रको विकासका लागि मुख्य अवसरहरू ........ ३०
१.६ योजना निर्माण प्रक्रिया ........ ३०
१.७ पालिकाको शिक्षा क्षेत्रको योजना निर्माण प्रक्रिया ........ ३३
परिच्छेद दुई : दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्य/गन्तव्य ........ ३५
२.१ परिचय ........ ३५
२.२ दीर्घकालीन सोच(Vision) ........ ३६
२.३ ध्येय (Mission) ........ ३६
२.४ उद्देश्यहरू (Objectives) ........ ३६
२.५ रणनीतिहरू ( Strategies) ........ ३७
२.६ अपेक्षित मुख्य उपलब्धि ........ ३७
२.७ अपेक्षित मुख्य कार्य सम्पादन सूचक (परिमाणात्मक नतिजा) ........ ३८
परिच्छेद ३: विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरू ........ ४२
३.१ प्रारम्भिक बालविकास र शिक्षा ........ ४२
३.२ आधारभूत शिक्षा ........ ४८
३.३ माध्यमिक शिक्षा ........ ५४
३.४ अनौपचारिक शिक्षा र आजीवन सिकाइ ........ ५९
३.५ अन्य उपक्षेत्रहरू ........ ६४
परिच्छेद ४:अन्तर सम्बन्धित विषय तथा क्षेत्रहरू ........ ६८

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन ........................................ ६८

४.२ शिक्षक व्यवस्थापन र विकास ........................................ ७३

४.३ शैक्षिक समता र समावेशीकरण ........................................ ८१

४.४ दिवा खाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रम ........................................ ८५

४.५ आपतकालीन तथा संकटकालिन अवस्थामा शिक्षा ........................................ ८९

४.६ विद्यालय भौतिक पूर्वाधार विकास ........................................ ९४

४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ........................................ ९७

परिच्छेद ५: सुशासन तथा व्यवस्थापन ........................................ १०२

५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास ........................................ १०२

५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध ........................................ १०६

परिच्छेद ६: लगानी र स्रोत व्यवस्थापन ........................................ ११०

परिच्छेद ७ :अनुगमन तथा मूल्याङ्कन ........................................ ११५

अनुसूचीहरु ........................................ ११८

अनुसूची १ : मनराशिसवा नगरपालिका नगर शिक्षा योजना २०८१-२०९० ........................................ ११८

## हाम्रो भनाइ



स्थानीय तहको निर्वाचन पश्चात स्थानीय तहमा २०७२ को संविधानले दिएको अधिकार अनुरुप स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले आधारभूत तथा माध्यमिक शिक्षा सम्वन्धी अधिकारहरू स्थानीय तहलाई हस्तान्तरणगरेको अवस्थामा विद्यालय शिक्षा लगायत समग्र नगरपालिकाको शिक्षा सम्वन्धी योजना तथा कार्यक्रमहरु तयार गरी नगरपालिकाले स्थानीय तहको शिक्षामा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको सर्वविदित नै छ। देश विकासका लागि योजनाले मार्गदर्शन गर्दछ । यो निरन्तर चलिरहने प्रक्रिया हो । यसैका आधारमा राष्ट्रले अपेक्षा गरेका उपलब्धिहरु हासिल भई समृद्धि तर्फ उन्मुख हुन्छ । मनराशिसवा नगरपालिकाले यस पालिकाको शैक्षिक सुधार गरी गुणस्तरीयता ल्याउन शिक्षा क्षेत्रको योजना (२०८१-२०९०) तयार गरी कार्यान्वयन हुने क्रममा रहेको छ।शिक्षा क्षेत्रको योजना यस नगरपालिकाको समग्र शैक्षिक क्षेत्रको १० वर्षे कार्यदिशा हो। यहि मार्गदर्शनका आधारमा आगामी वर्षहरुमा शैक्षिक कार्यक्रमहरु तयार गर्दै अगाडि बढ्ने अपेक्षा नगरपालिकाले राखेको छ।यस शिक्षा क्षेत्रको योजना निर्माणमा सामाजिक विकास समिति, शिक्षा युवा तथा खेलकुद शाखा, शिक्षा क्षेत्रको योजना निर्माण समिति, प्राविधिक समिति र सम्पूर्ण महानुभावहरुको सहयोग, सुझाव, सल्लाह प्रति विशेष धन्यवाद दिन चाहन्छु।

मोहन पाण्डेय
नगर प्रमुख
मनराशिसवा नगरपालिका,महोत्तरी

मनराशिसवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मनरा, महोत्तरी
मधेश प्रदेश, नेपाल
२०७४

# प्राक्कथन



शिक्षामा सबैको पहुँच, गुणस्तरीय शिक्षाको सुनिश्चितता, प्रविधिमैत्री, समान सहभागिता, शिक्षामा लैङ्गिक तथा सामाजिक भेदभाव रहित अवसर, प्रभावकारी शैक्षिक व्यवस्थापनका लागि स्थानीय तहमा शिक्षा क्षेत्रको योजना निर्माण गर्नु पर्ने आजको प्रमुख आवश्यकता हो। दिगो विकासका लक्ष्य, अनिवार्य तथा निःशुल्क शिक्षा, शिक्षा सम्बन्धी ऐन, शिक्षाका राष्ट्रिय लक्ष्य तथा अन्तराष्ट्रिय प्रतिबद्धता साकार पार्न स्थानीय तहमा सरोकारवाला पक्षहरुसँग मिलेर शिक्षालाई सर्वसुलभ र गुणस्तरीय बनाउने कार्यमा शिक्षा क्षेत्रको योजनाले महत्वपूर्ण योगदान पुऱ्याउछ।

मनराशिसवा नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले यस क्षेत्रको शैक्षिक उन्ननयका लागि विभिन्न योजना तथा कार्यक्रमहरुद्वारा निरन्तर रुपमा आफ्नो भूमिकालाई अगाडि बढाएको छ। शिक्षा क्षेत्रको योजना तयारका लागि प्राविधिक सहयोग उपलब्ध गराउने पालिका स्तरीय प्राविधिक कार्यदल, पिपल प्रमोट सेन्टरलाई धन्यवाद दिन चाहन्छौ ।

प्रस्तुत शिक्षा क्षेत्रको योजना यस आकारमा ल्याउन महत्वपूर्ण सहयोग गर्नुहुने शिक्षा क्षेत्रको योजना निर्माण प्राविधिक समिति तथा सामाजिक विकास समितिलाई धन्यवाद व्यक्त गर्दै समय-समयमा सुझाव प्रदान गरी सहयोग पुऱ्याउने नगरपालिका परिवार, नगरशिक्षा समिति, शिक्षकका पेशागत संघ संगठन, विद्यार्थी, अभिभावक, शिक्षा प्रेमी राजनीतिक दल, तथ्याङ्क संकलनकर्ता महानुभावहरु प्रति आभार प्रकट गर्दै आगामी दिनमा परिष्कृत गर्दै अगाडि बढ्नका लागि रचनात्मक सुझावको अपेक्षा गर्दछौ।

..............................
जय शंकर मण्डल ( शिक्षा अधिकृत)
शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख
मनराशिसवा नगरपालिका, महोत्तरी

# परिच्छेद १

**परिचय**

## १.१ पृष्ठभूमि

वि.सं. २०७२ मा जारी भएको नेपालको संविधानअनुसार संघीय गणतन्त्रात्मक राज्यव्यवस्था प्रारम्भ भई संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार क्रियाशील रहेका छन् । यस संविधानले समग्रमा समतामूलक, समावेशी र समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने ध्येय राखेको छ भने यस ध्येय अनुकूलका शिक्षासम्बन्धी सबै नागरिकको आधारभुत र विशिष्ट प्रकारका मौलिक हकहरू र प्राथमिकताहरू स्थापित गरेको छ । यी संवैधानिक हक तथा प्राथमिकताहरूलाई कार्यान्वयन गर्न सहयोगी हुने कानुनी आधार तयार गर्ने क्रममा निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ तथा यससम्बन्धी नियमावली २०७७ कार्यान्वयनमा आएको छ भने बालबालिकासम्बन्धी ऐन २०७५ ले शिक्षालगायत बालबालिका हकहरूलाई प्रत्याभूत गरेको छ । नेपाल सरकारले जारी गरेको राष्ट्रिय शिक्षा नीति २०७६ ले संवैधानिक मान्यतामा आधारित भई शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका लागि नीतिगत मार्गदर्शन गरेको छ ।

सन् २०१५ मा संयुक्त राष्ट्र संघले सन् २०३० सम्ममा हासिल गर्ने गरी निर्धारण गरेको दिगो विकास (SDG) का १७ ओटा लक्ष्यमा नेपालले पनि सहमति जनाएको छ भने यस अन्तर्गतको चौथो लक्ष्यले "सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरूमा प्रोत्साहित गर्ने" उद्देश्य (Aim) राखी यससँग सम्बन्धित सातओटा लक्ष्यहरू (Targets) निर्धारण गरेको छ भने लक्ष्य प्राप्तिका लागि थप तीनओटा माध्यम वा तरिका पनि उल्लेख गरेको छ । युनेस्कोद्वारा दक्षिण कोरियाको इन्चोनमा आयोजित विश्व शिक्षा मञ्च सन् २०१५ को बैठकद्वारा जारी घोषणापत्रले शिक्षासम्बन्धी दिगो विकास लक्ष्य प्रतिको प्रतिबद्धता सहितको कार्यढाँचा तयार गरेकोमा नेपालले पनि यसमा प्रतिबद्धता जनाएको छ । उल्लिखित सन्दर्भलाई समेत दृष्टिगत गरी नेपाल सरकारले २५ वर्षे दीर्घकालीन दृष्टिकोणसहित पन्ध्रौं र हालको सोहौं योजना २०८१/८२–२०८५/८६ तयार गरी शिक्षा विकासका लागि नीतिगत प्राथमिकता निर्धारण गरेको छ । उल्लिखित सन्दर्भहरूलाई समेट्दै सङ्घीय सरकार शिक्षा, बिज्ञान तथा प्रबिधि मन्त्रालयले गत २०८१/८२ देखि १० बर्षे विद्यालय क्षेत्र योजना (SESP) सन् २०२४/२५–२०३४/३५ लाई कार्यान्वयनमा ल्याएको छ भने यिनै परिपेक्षहरूमा टेक्दै यस स्थानीय सरकार मनराशिसवा नगरपालिकाले संबैधानिक दायित्व, प्रावधानहरु र आफ्ना आवश्यकताहरूलाई सापेक्षरूपमा पुरा गर्न आफ्नो पालिकातहमा शिक्षा क्षेत्रको योजना निर्माण र कार्यन्वयन गर्न आवश्यक देखिएको छ । त्यसै गरी ज्ञान, विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई सान्दर्भिकरणसहित आत्मसात गर्न र सृजनशील, सक्रिय तथा पालिकाको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी जनशक्ति विकासका गरी शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि पालिकातहमा शिक्षा क्षेत्रको योजना आवश्यक देखिएको छ । मुलुकको अन्य क्षेत्रहरुमा जस्तै यस पालिकामा पनि बिगतको कोभिड र बेला बखत आइपरेका बिभिन्न प्राकृतिक बिपत र माहामारीबाट शिक्षा क्षेत्रमा भएको लामो अवरोध तथा गतिहिनताले शिक्षा क्षेत्रमा भएको नोक्सानीलाई घटाई गतिशीलता प्रदान गर्न र अबका दिनहरुमा देखा पर्न सक्ने संभावित प्राकृतिक

प्रकोप, महामारी तथा आपत विपतबाट उत्पन्न हुने जोखिमहरू साथै जलवायु परिवर्तनले ल्याएको जोखिमहरूलाई न्यूनीकरण गर्न सक्षम उत्थानशील (Resilient) शिक्षा पद्धतिको विकासको आवश्यकतालाई उपयुक्त ढङ्गले सम्बोधन गर्नु पर्ने नितान्त जरुरी रहेको छ ।

उल्लिखित सन्दर्भले पालिकातहमा शिक्षा क्षेत्रको विकासका लागि तथ्यपरक र प्रभावकारी योजनाको आवश्यकता महसुस गरी यस पालिकाले स्थानीय सरकार स्तरको शिक्षा क्षेत्रको योजना (Education Sector Plan-ESP) आगामी सन् २०३४ सम्मका लागि शिक्षा विकासको दृष्टिकोणसहित सन् २०२४–२०२८ का लागि आवश्यक स्रोतको आकलन गरी तयार गरेको छ ।

योजनाको यस पहिलो परिच्छेदमा योजनाका समग्र सन्दर्भहरू, जस्तैः पालिकाको सामाजिक तथा सांस्कृतिक सन्दर्भ, आर्थिक सन्दर्भ, जनसाङ्खिक स्वरूप, शासकीय स्वरूपलगायत शिक्षाको समग्र अवस्था तथा सन्दर्भ उल्लेख गरिएको छ । प्रस्तुत सन्दर्भका आधारमा शिक्षा क्षेत्रका प्रमुख चुनौती तथा अवसरहरू पहिचान गरिएको छ । यस परिच्छेदको अन्तमा यो योजना निर्माण प्रक्रियाहरू उल्लेख गरिएको छ ।

## १.२ पालिकाको समग्र सन्दर्भ

### (क) भौगोलिक अवस्थितिको विश्लेषण

यो नगरपालिका मधेश प्रदेश अर्न्तगत महोत्तरी जिल्लामा पर्दछ । यस जिल्लामा रहेको १० वटा नगरपालिका र ५ वटा गाउँपालिका मध्ये यो पनि एउटा स्थानिय तह रहेको छ । यो नगरपालिका अक्षांस २६ डिग्री ३६ ईन्च उत्तर देखि २८ डिग्री १० ईन्च उत्तर र देशान्तर ८५ डिग्री ४१ ईन्च पूर्व देखि ८५ डिग्री ५७ ईन्च पूर्व मा रहेको छ। यो नगर समुन्द्री सतहभन्दा ६१ मीटर देखि ८०८ मीटर सम्मको उचाइ रहेको छ। महोत्तरी जिल्लाको कूल क्षेत्रफल १००२ वर्ग किलो मिटर मध्ये यस नगरको कुल क्षेत्रफल ४९.७८ ब.कि.मी. रहेको छ अर्थात ४९७८ हेक्टर (७४६७ बिघा) रहेको छ । यो नगरपालिका जिल्ला सदरमुकाम जलेश्वर बाट करिब १२ कि.मि. को दुरीमा रहेको छ भने प्रादेशीक राजधानी जनकपुरधाम बाट करिब २२ कि.मि. को दुरीमा रहेको छ । आवत जावतको लागी यस नगरको बीचबाट नै हुलाकी राजमार्ग सम्सी हुदै बर्दिबास सम्मको कालोपत्रे बाटो छ । यस नगरपालिकाको प्रशासनिक सिमाना अनुसार पुर्वमा बलबा नगरपालिका र महोत्तरी गाउपालिका, दक्षिणमा एकडारा गाउपालिका, जलेश्वर नगरपालिका, भारतको बिहार राज्यको सीतामढी जिल्ला, पश्चिममा पनि भारतको बिहार राज्यको सीतामढी जिल्ला र उतरमा सम्सी गाउपालिका र रामगोपालपुर नगरपालिका रहेका छन् ।साबिकको गा.बिस.हरु क्रमशः शिसवा कटैया, बथनाहा, साढा, सरपल्लो, मनरा, ईटहर्वा कटी र सोनौल समेत गरि ७ वटा गा.बि.स.हरु समेटी यो नगरपालिका बनेको छ । यस नगरपालिकामा १० वटा वडाहरु रहेका छन् ।

### (ख) जनसाङ्ख्यिक सरंचनाको विश्लेषण


मनराशिसवा नगरपालिकाको कूल जनसंख्या ५२,१९१ जना रहेको छ जसमा पुरुषको २५,६७९जना(४९.२%) र महिला २६,५१२ जना (५०.८%) रहेका छन । यहाँको लैङ्गिक अनुपात ९६.८६ पुरुष प्रति १०० महिला रहेको छ । भने जनघनत्व १०४९ प्रति वर्ग किलोमिटर रहेको छ । विभिन्न समूहको जनसंख्यालाई तालिकामा प्रस्तुत गरिएको छ।

**२०७८ मा कुल जनसंख्या वडागत**

| वार्ड | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| महिला | ३५०४ | ३३७० | २३२५ | २०३३ | २४१२ | ३५९१ | २७२७ | १९१४ | १८६१ | २७७५ | २६५१२ |
| पुरूष | ३४१४ | ३१२५ | २३६३ | १९६६ | २२९८ | ३६९१ | २६६२ | १६७४ | १८८६ | २६०० | २५६७९ |
| जम्मा | ६९१८ | ६४९५ | ४६८८ | ३९९९ | ४७१० | ७२८२ | ५३८९ | ३५८८ | ३७४७ | ५३७५ | ५२१९१ |

*स्रोत: राष्ट्रिय जनगणना २०७८*

**वडागत लिङ्ग अनुसारको जनसंख्या**





**उमेर समूह अनुसार जनसंख्या**

| उमेर समूह | २०७८ साल | जम्मा जनसङ्ख्या प्रतिशत |
|---|---|---|
| ०-४ वर्ष | ५६३३ | १०.७९ |
| ५-९ वर्ष | ६३२७ | १२.१२ |
| १०-१४ वर्ष | ५८४४ | ११.१२ |
| १५-१९ वर्ष | ५४६३ | १०.४६ |
| २०-२४ वर्ष | ४५२८ | ८.६८ |
| २५-२९ वर्ष | ३८५१ | ७.३७ |
| ३०-३४ वर्ष | ३१४१ | ६.०१ |
| ३५-३९ वर्ष | ३२७४ | ६.२७ |
| ४०-४४ वर्ष | २६२० | ५.०२ |
| ४५-४९ वर्ष | २२६० | ४.३३ |
| ५०-५४ वर्ष | २११७ | ४.०५ |
| ५५-५९ वर्ष | १८२४ | ३.४९ |
| ६०-६४ वर्ष | १७११ | ३.४९ |
| ६५-६९ वर्ष | १५७२ | ३.०१ |
| ७०-७४ वर्ष | १२२१ | २.३४ |

| | | |
|---|---|---|
| ७५-७९ वर्ष | ५०२ | ०.९६ |
| ८०-८४ वर्ष | १५७ | ०.३० |
| ८५-८९ वर्ष | ८३ | ०.१५ |
| ९०-९४ वर्ष | ३५ | ०.०६ |
| ९५+ | २८ | ०.०५ |
| जम्मा | ५२१९१ | १०० |

५ वर्ष उमेर समूह तथा लिङ्ग अनुसारको जनसंख्या




स्रोत :राष्ट्रिय जनगणना २०७८

**२०७८ र २०८६ सम्मको प्रक्षेपित बिद्यालय र अन्य उमेर समुहको जनसंख्या**

| उमेर समूह | २०७८ को जनगणना | प्रक्षेपित जनसंख्या | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ |
| ३ | १३३० | १३८३ | १३८९ | १३९६ | १४०२ | १४०९ | १४१६ | १४२२ | १४२९ |
| ४ | १२७५ | १२८७ | १२९३ | १२९९ | १३०५ | १३११ | १३१८ | १३२४ | १३३० |
| ५ | १४७५ | १४८९ | १४९६ | १५०३ | १५१० | १५१७ | १५२४ | १५३१ | १५३९ |
| ५+ | ४६५५८ | ४६९९७ | ४७२१८ | ४७४३९ | ४७६६२ | ४७८८६ | ४८११२ | ४८३३८ | ४८५६५ |
| ५-९ | ६३२७ | ६३८६ | ६४१६ | ६४४७ | ६४७८ | ६५०७ | ६५३८ | ६५६८ | ६६०० |
| १०-१२ | ३८०७ | ३८२४ | ३८४३ | ३८६० | ३८७९ | ३९१५ | ३९३५ | ३९५२ | ३९७१ |
| ५-१२ | १०१३४ | १०२२९ | १०२७६ | १०३२६ | १०३७५ | १०४२२ | १०४७३ | १०५२० | १०५७१ |
| १३-१४ | २०३७ | २०५६ | २०६६ | २०७५ | २०८५ | २०९६ | २१०५ | २११५ | २१२५ |
| १५-१६ | २३३२ | २३५४ | २३६५ | २३७६ | २३८७ | २३९९ | २४१० | २४२१ | २४३२ |
| १३-१६ | ४३६९ | ४४१० | ४४३१ | ४४५१ | ४४७२ | ४४९५ | ४५१५ | ४५३६ | ४५५७ |
| १५-२४ | ९९९१ | १००८५ | १०१३३ | १०१८० | १०२२८ | १०२७६ | १०३२४ | १०३७३ | १०४२२ |
| १५+ | ३४३८७ | ३४७११ | ३४८७४ | ३५०३८ | ३५२०३ | ३५३६८ | ३५५३४ | ३५७०१ | ३५८६९ |
| जम्मा | ५२१९१ | ५२६८३ | ५२९३० | ५३१७९ | ५३४२९ | ५३६८० | ५३९३२ | ५४१८६ | ५४४४१ |


*स्रोत:* राष्ट्रिय जनगणना २०७८/ टूलकिट प्रोजेक्सन

### १.२.१ सामाजिक तथा सांस्कृतिक सन्दर्भ

नेपाल सामाजिक तथा संस्कृतिक विविधतायुक्त देश हो । विभिन्न जातजाति, क्षेत्र, समुदायका फरकफरक सामाजिक तथा सांस्कृतिक परम्परा, रीतिरिवाज तथा प्रचलनहरू रहेका छन् । भाषिक दृष्टिले पनि नेपाल बहुभाषी देश हो, नेपालमा १२३ भाषा/भाषिका पहिचान गरिएको छ । यस्तो सामाजिक, सांस्कृतिक तथा भाषिक विविधताले नेपालको पहिचान स्थापित गर्नुका साथै आ-आफ्नो संस्कृति तथा भाषाप्रति र समग्रतामा यस्तो विविधता प्रति सबै समुदायले गौरव गर्ने गर्दछन्। अर्कोतिर नेपालमा भाषिक, जातजातिगत, क्षेत्रगत आधारमा परम्परादेखि सिर्जित भिन्नताले विभेद तथा बञ्चितीकरणमा परी विकासका अवसरहरूबाट बञ्चित भएका र सुविधा विहिन हुन पुगेका व्यक्ति तथा समुदाय पनि रहेका छन्। खास गरी जातजातीय, भाषिक तथा लैङ्गिक आधारमा हुने भिन्नता तथा बञ्चितीकरणलाई न्यूनीकरण गर्ने विभिन्न प्रयासहरू भई केही सकारात्मक उपलब्धिहरू पनि प्राप्त भएका छन् तापनि सुधार गर्नुपर्ने पक्षहरू थुप्रै छन् ।यस्ता विभेदहरू हटाउन तत् सम्बन्धी विभिन्न कानुनहरू बनाइएका र लक्षित विकास कार्यक्रमहरू सञ्चालन गरिएका छन् भने राजनीतिक, प्रशासनिक तथा केही रोजगारीका क्षेत्रमा आरक्षणा तथा विशेष प्रबन्ध पनि गरिएको छ । यसो हुँदाहुँदै पनि कतिपय सामाजिक व्यवहार परिवर्तन हुन नसक्दा कतिपय स्थान तथा समुदायमा यस्ता भिन्नता पूर्ण रूपमा हट्न सकेका छैनन्।यस्तो अवस्थामा एकातिर विविधतालाई सम्मान गर्ने दृष्टिकोण सहितका शैक्षिक नीति तथा कार्यक्रमहरू आवश्यक हुन्छन् भने अर्कोतिर सबैलाई समावेश गर्ने, समता अभिवृद्धि गर्ने, विभेद रहितताको वातावरण सृजना गर्ने र आवश्यकतानुसार थप तथा विशेष प्रबन्ध गरी समता र समावेशिता अभिवृद्धि गर्ने आवश्यकतालाई योजना निर्माणमा विशेष ध्यन दिनु जरुरी छ ।यसबाट सामाजिक सद्भाव, सहयोग र सहकार्यको संस्कृति विकास गरी समता अभिवृद्धिमा योगदान हुने छ । त्यसैगरी सामाजिक तथा सांस्कृतिक परम्परा तथा रीतिरिवाजका नाममा हुने विभिन्न विभेद, अन्याय, बञ्चितीकरण तथा अन्धविश्वास र हानीकारक अभ्यासप्रतिको सचेतताको विकास गर्नु पनि उत्ति कै आवश्यक छ ।

यसै सन्दर्भमा यस मनराशिसवा नगरपालिका सामाजिक तथा सांस्कृतिक विविधतायुक्त स्थानीय तह हो। साविकको मनराकट्टी र शिसवाकटैया गाविसको संयुक्त नामले नै यस पालिकाको नाम मनराशिसवा नामाकरण भएको हो ।यहाँ विभिन्न जातजातिका फरक फरक संस्कार, संस्कृति, रीतिरिवाज एवम् प्रचलनहरु रहेका छन्। यहाँ बसोबास गर्ने जातिहरु राजपुत, भूमिहार ब्राम्हण, मैथिल ब्राह्मण ,साह मुस्लिम, मण्डल, कोइरी, कलवार, मुसहर, चमार, दुशाध, थारु, डोम र कानु हुन्।


जातिगत अनुसारको जनसंख्या




| **जातजाती** | **जनसंख्या** | **प्रतिशत (जम्मा जनसंख्यामा)** |
|---|---|---|
| मुस्लिम | ६६०९ | १२.७% |
| धानुक | ५२६३ | १०.१% |
| यादव | ४४३२ | ८.५% |
| तेली | ३५८० | ६.९% |
| मल्लाहा | ३३२४ | ६.४% |
| भूमिहार | ३१८७ | ६.१% |
| कोइरी | २६८४ | ५.१% |
| खत्वे | २२१४ | ४.२% |
| राजपुत | २०११ | ३.९% |
| चमार | १९७१ | ३.८% |

**स्रोतः राष्ट्रिय जनगणना २०७८**


**भाषागत लिङ्ग अनुसारको जनसंख्या**




*स्रोत :राष्ट्रिय जनगणना २०७८*

प्राय जसो यस नगरमा सबै जातीले मैथिलि भाषा बोल्दछन तर यहाँ मैथिली, नेपाली, हिन्दि मातृभाषा का रुपमा बोल्ने चलन छ ।यहाँका समूदायले आ आफ्नो घर व्यवहारमा स्थानिय भाषा बोले तापनि सरकारी कामकाज, सभा गोष्ठीहरुमा नेपाली भाषा नै प्रयोग गर्दछ।यस नगरका मानिसहरु मैथिली भाषा प्रतिशत ७७.९,मगही ११.९ प्रतिशत, बज्जिका ५.९ प्रतिशत, उर्दु ३.१ प्रतिशत, नेपाली ०.६ प्रतिशत  र अन्य भाषा ०.६ प्रतिशत नै बोल्ने गर्दछन।

**धर्म र लिङ्ग अनुसारको जनसंख्या**




*स्रोत :राष्ट्रिय जनगणना २०७८*

यो स्थानीय तहमा हिन्दू, मुस्लिम धर्मालम्बी, क्रिश्चियन धर्मावलम्बीहरु बसोबास गर्छन् भने उनीहरुले नागपंचमी, घरी पबनी, ग्राम देबताको पुजा, रक्षाबन्धन, तीज, चउरचन, ऋषिपचमी, कृष्णाष्टमी, विश्वकर्मा पूजा, जितिया, दशै (दुर्गापूजा), दिपावली, छठ, विवाह पञ्चमी, माघे सक्रान्ती, शिवरात्री, होली, रामनवमी, जुडशितल तथा सतुआईन आदी जस्ता चाडपर्वहरु मान्ने गर्दछन् ।  । यी मध्ये पनि दिपावली, छठ र होली विशेष आकर्षण तथा उत्साहका साथ मनाईन्छ । यसैगरी मुस्लिम समुदायमा मनाईने चाडपर्वहरु रमजान, ईद उल (फितर, बकरिद, मोहरम (ताजया) आदी हुन् । यसबाहेक आ आफ्नो जातीय धार्मिक तथा सास्कृतिक परम्पराअनुसार अन्य चाडपर्व पनि उत्साहका साथ मनाईने गरिन्छ । चाडपर्व तथा मेलाले धार्मिक सास्कृतिक तथा सामुदायिक परम्पराको सरक्षणका साथै खुशियाली

साटासाट तथा मनोरंजनका लागी खासगरी ग्रामिण भेगमा धेरै महत्व हुन्छ । यस पालिकाभित्र रहेका बहुविशेषताहरु बीचमा एकीकरण भएको अवस्था छ। अनेकता बीच एकता कायम भएको छ।त्यसैले सामाजिक सद्भाव, सहयोग, सहकार्य, सह अस्तित्व, सहिष्णुता, मेलमिलाप कायम भएको छ।

### पर्यटकीय एवं ऐतिहासिक विशेषता

यस नगरमा पर्यटकीय बिकासको प्रशस्त संभाबना भए पनि प्रचार प्रसारको कमीले ओझेलमा रहेकाछन र यस नगरमा ३६ देबी देबताहरुको मठ मन्दिर तथा थानहरु तथा ६ वटा मस्जिद रहेको छ । उक्त धार्मिक स्थलहरुलाई प्रचार प्रसार गरेका पर्यटकहरु आकर्षण भई पर्यटन व्यवसायको बिकासको ठुलो संभाबना रहेको छ । बर्षेणी महाबीर झण्डा महोत्सव लगायत कैयौं मेला लाग्ने गरेको पाईन्छ ।

### सामाजिक अवस्था

यस नगरको सामुदायिक स्तरको निर्णय प्रक्रियामा महिलाहरुको सहभागिता एकदमै कमजोर छ । नगर तथा अन्य सेवा प्रदायक निकायहरुमा महिलाहरुको सहभागिता न्युन छ । तर नगरमा गठित समूहहरुमा भने महिलाहरुको नेतृत्व नाम को लागी मात्र रहेको देखिन्छ । उक्त समुहबाट हुने निर्णय तथा नगरका कार्यक्रममा प्रतिनिधित्व गाराउनु पर्ने कार्यमा भने महिलाहरु सहभागि हुने गरेका छन् । तर निर्णयमा नै प्रभाव पार्न सक्ने अवस्था भने छैन । महिलाहरु खासगरी घरायसी कामको साथै खेतवारीको काम पनि गर्ने गर्दछन । पुरुषहरु चाहि खेतीको कामको साथै आर्थिक काममा बढी व्यस्त हुने गरेको देखिन्छ । पुरुषको तुलनामा महिलाको भागमा बढी काम पर्दछ । खाना देखि सरसफाई, खेतीपाती, बच्चा हेरचाह सम्म महिलाको नै जिम्मामा रहेको हुन्छ । पुरुषहरुले बाहिर खेतमा जाने, जागिर गर्ने, हाटबजार जस्ता कामहरु मात्र गर्नु पर्छ भन्ने मान्यता रहेको छ । ।

## १.२.२ आर्थिक सामाजिक सन्दर्भ

### आर्थिक गतिविधिहरुः

नेपाल न्यून आय भएको मुलुकबाट मध्यम आय भएको मुलुकमा प्रवेश गर्ने तयारीमा छ । विगत केही दशकदेखि नेपालले औसत आर्थिक वृद्धिदरमा राम्रै उपलब्धि हासिल गरेको छ । सन् २०१५ को भुकम्पका कारण सन् २०१५/१६ (०.८ प्रतिशत)र बिगतको कोभिड–१९ का कारणले सन् २०१९/२० को आर्थिक वृद्धिदर न्यून(२.३ प्रतिशत) रहन जाँदा विगत १० वर्षको औसत आर्थिक वृद्धिदर ४.६ प्रतिशत रहेको छ । भुकम्प पछिको वर्ष २०१६/१७ मा आर्थिक वृद्धिदर ८.२ प्रतिशत पुगेको थियो भने त्यसपछिका दुई वर्ष पनि आर्थिक वृद्धिदर ७ प्रतिशतको हाराहारीमा रही तुलनात्मक रूपमा राम्रो रहेको थियो । विगत १० वर्षको औसत मूल्य वृद्धि ६ प्रतिशतको हाराहारीमा रहेको छ ।

नेपालको सन् २०१९ को प्रतिव्यक्ति कुल राष्ट्रिय आय १०८० अमेरिकी डलरका आधारमा विश्व बैंकको वर्गीकरण अनुसार न्यून आय भएको मुलुकबाट न्यून–मध्यम आय भएको मुलुकमा प्रवेश गर्ने आधार पुरा भएको छ । सन् २०१९ को राष्ट्रिय कुल गार्हस्थ उत्पादन (GDP) सन्

२००९/१० को भन्दा करिब तीन गुणाले वृद्धि भई रु.३७६७अरब रहेको छ भने यसअनुसार प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन रु.१.२६ लाख हुन आउँदछ ।

सङ्घीय स्तरमा मध्यकालिन खर्च संरचना(MTEF)मा प्रक्षेपण गरिए अनुसार आगामी तीन वर्षको वृद्धिदर तथा राष्ट्रिय कुल गार्हस्थ उत्पादनको प्रक्षेपण निम्नअनुसार रहेको छः

**तालिका १.१ः मध्यकालिन खर्च संरचना प्रक्षेपण (सन् २०२०/२०२३)**


| | 2015/16 | 2016/17 | 2017/18 | 2018/19 | 2019/20 | MTEF 2020/2023 (प्रक्षेपण) | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | 2020/21 | 2021/22 | 2022/23 |
| कुल गार्हस्थ उत्पादन ( हालको मूल्य रु. अरबमा) | 2,253.2 | 2,674.5 | 3,044.9 | 3,458.8 | 3,767.0 | 4,312.9 | 5,024.3 | 5,837.0 |
| % आर्थिक वृद्धि | 0.6 | 8.2 | 6.7 | 7.0 | 2.3 | 7.0 | 9.9 | 9.6 |
| % मूल्य वृद्धि | 5.2 | 9.7 | 6.7 | 6.2 | 6.5 | 7.0 | 6.0 | 6.0 |
| प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन (रु.) | 79,500 | 93,100 | 104,600 | 117,300 | 126,000 | 142,000 | 163,400 | 187,600 |
| % प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादनमा वृद्धि (स्थिर मूल्यमा) | -0.8 | 6.8 | 5.3 | 5.6 | 0.9 | 5.3 | 8.6 | 8.3 |

*स्रोतः NPC, 2020a.*

सरकारको आम्दानी र खर्चको अन्तर यो वर्ष ६.५ प्रतिशत रहेको छ भने आगामी तीन वर्षका लागि ९ देखि १० प्रतिशतको अन्तर प्रक्षेपण गरिएको छ ।यस वर्ष कर तथा गैरकर राजस्व कुल गार्हस्थ उत्पादनको २२ प्रतिशत रहेकोमा आगामी तीन वर्षका लागि यो प्रतिशत क्रमशः २३.५ २४.१ र २४.५ प्रक्षेपण गरिएको छ । त्यसै गरी यस वर्ष कुल खर्च कुल गार्हस्थ उत्पादनको २८.५ प्रतिशत रहेकोमा आगामी तीन वर्षका लागि यो प्रतिशत क्रमशः ३४.२ ३३.८ र ३३.५ प्रक्षेपण गरिएको छ(NPC, 2020a)।

माथि उल्लेख गरी झैं यस पालिकाको समग्र आर्थिक गतिबिधि र सोका परिसूचकहरुलाई बिक्ष्लेषण गर्दा कम आय भएको मुलुकबाट नेपाललाई मध्यम आय भएको राष्ट्रमा पुर्याउँने सरकारको महत्वकांक्षी लक्ष्यलाई टेवा दिन मनराशिसवा नगरपालिकाले पनि विभिन्न किसिमका आर्थिक क्रियाकलापहरुलाई अगाडि बढाएको छ। यहाँका बासिन्दा मुख्य गरी कृषिमा निर्भर छन । यहाँ धान, गहु, उखु, सुर्ती, सरसो, तरकारी खेती हुने गर्छ । यहाँका मानिसहरुको आर्थिक स्तर माथि उकास्न उन्नत जातको पशुपालन, बीउ विजन, व्यावसायिक खेती, रोजगार तथा स्वरोजगारमुखी कार्यक्रम सञ्चालन गर्दै आएकोछ । यसका अलवा वैदेशिक रोजगारले पनि यहाँको आर्थिक अवस्था वृद्धि गर्नमा मद्दत गरेको देखिन्छ ।


**रोजगार /बेरोजगार जनसंख्या**




*स्रोत :राष्ट्रिय जनगणना २०७८*

यस मनराशिसवा नगरपालिकाको सामुदायिक स्तरको निर्णय प्रक्रियामा महिलाहरुको सहभागिता एकदमै कमजोर छ।नगर तथा अन्य सेवा प्रदायक निकायहरुमा महिलाहरुको सहभागिता न्युन छ।तर नगरमा गठित समूहहरुमा भने महिलाहरुको नेतृत्व नाम को लागी मात्र रहेको देखिन्छ। उक्त समुहबाट हुने निर्णय तथा नगरका कार्यक्रममा प्रतिनिधित्व गाराउनु पर्ने कार्यमा भने महिलाहरु सहभागि हुने गरेका छन्। तर निर्णयमा नै प्रभाव पार्न सक्ने अवस्था भने छैन । महिलाहरु खासगरी घरायसी कामको साथै खेतवारीको काम पनि गर्ने गर्दछन। पुरुषहरु चाहि खेतीको कामको साथै आर्थिक काममा बढी व्यस्त हुने गरेको देखिन्छ। पुरुषको तुलनामा महिलाको भागमा बढी काम पर्दछ। खाना देखि सरसफाई, खेतीपाती, बच्चा हेरचाह सम्म महिलाको नै जिम्मामा रहेको हुन्छ । पुरुषहरुले बाहिर खेतमा जाने, जागिर गर्ने, हाटबजार जस्ता कामहरु मात्र गर्नु पर्छ भन्ने मान्यता रहेको छ।

**आर्थिक क्रियाकलापमा संलग्न जनसंख्या**



*स्रोत :राष्ट्रिय जनगणना २०७८*

## क) कृषि योग्य भुमि र उत्पादन

### कृषि

यस नगरको बहुसंख्यक मानिसहरु ८० प्रतिशत अझै पनि कृषि पेशामा नै निर्भर छन् । उनीहरुको पहुंच ऋण सुबिधा र बैकल्पीक श्रोत माथी सीमित छ । त्यसकारण उनीहरु साहू महाजनबाट बढी ब्याजमा ऋण लिन बाध्य छन् । अचेल बैदेशिक रोजगारीमा युवाहरुको चासो निकै बढेको छ । यो नगर गाउं नै गाउंले भरिएको र धेरैजसो जनताहरु परम्परागत कृषि प्रणालीमा नै आधारित रहेको हुनाले आर्थिक स्थिति निक्कै नै कमजोर रहेको पाईन्छ । यहां रोजगारीको अवसर पनि कम भएकोले गरीवहरु भारतको पंजाव, दिल्ली, अलिगढ, लखनउ जस्ता शहरहरुमा कामकाज गरी आयआर्जन एवं जिविकोपार्जनका लागि विदेशिन्छन् भने त्यस्तै हाल धेरै मानिसहरु मलेशिया, दुवई, अरव, कतार तिर पनि गएको पाइन्छ । वाहिर जाने मानिसहरुको सामाजिक तथा आर्थिक अवस्थामा सुधार पनि आएको पाईन्छ । यस नगरपालिकाको कुल जग्गा ७४६७ बिघा रहेको जसमा सिचाई हुने भुभाग १३.५३ % र न हुने भुभाग ७०.४८% रहेको देखिन्छ भने निजी भोगको जग्गा ८४.०३% र गुठी को जग्गा १५.३४ बिघा, बिद्यालयको जग्गा ०.१८ प्रतिशत तथा सार्बजनिक जग्गा ०.४५ % रहेको छ । यस नगरपालिकाको प्राय जसो भूभाग डिप ट्युबेलबाट सिचाई हुने भएकोले उब्जनी पनि बढी हुने गरेको पाईन्छ । यस्तो जग्गामा खासगरी, धान, गहुँ, तरकारी र उखु बाली लगाइन्छ । सिंचित जग्गाहरुमा राम्रो उब्जनी हुन्छ । यहाँको अधिकांश मानिसहरु कृषि पेशामा निर्भर छ । यस नगरपालिकामा कृषि कार्य हेतु ७८ वटा ट्याक्टर राखेका छन । कृषिमा परम्परागत खेती प्रणाली गर्दा लगानीको अपेक्षा उत्पादन कम हुने गर्दछ । यस नगरपालिकाको मुख्य उत्पादन धान तथा गहु नै हो र दलहन बालीमा रहर तथा मसुरोको उत्पादन हुने गर्दछ । तसर्थ समग्रमा यहाँको मानिसहरुको आयस्तर मध्यम छ । कृषिको साथसाथै यस नगरपालिकामा पशुपालन, जागीर, व्यापार व्यावसाय, ज्याला मजदुरीबाट पनि जीविकोपार्जन गर्ने गर्दछ । यहाँ रोजगारीको प्रशस्त अवसर भए तापनि बजार सुविधाले आफ्नो खेतवारीमा उब्जाएको फसलहरु सुलभ तरिकाले बिक्री वितरणको लागि नजिकको बजार सरपललो, बलबा तथा जलेश्वर आउने गरेका छने भने त्यसतै सरकारी जागीरेको संख्या पनि अधिक रहेको पाईन्छ । विभिन्न पेशा व्यवसायमा संलग्न व्यक्तिहरुले यसबाट आयआर्जन गरेका छन् तर आर्थिक सम्पतिमा पहुँच सबै वर्गको भएपनि नियन्त्रण भने पुरुषको मात्रै छ महिलाहरुको नियन्त्रण आर्थिक सम्पतिमा छैन । घरजग्गा, पशुपंक्षिमा महिलाको राम्रो पहुँच भए पनि विक्रि गर्ने अधिकार महिलाको छैन । पुरुषको नियन्त्रण यति छ कि महिला पनि पुरुष कै नियन्त्रणमा छन् । आर्थिक सेवा प्रदान गर्ने संस्थाहरु बैंकहरुले महिलाहरु मार्फत कारोवार गर्ने भएको कारण उक्त कार्यमा महिलाहरुको सहभागिता राम्रो रहेको छ ।

## ख) प्रमुख खेती र उपयोग

यस नगरपालिकाका मानिसहरु कृषिमा नै निर्भर रहेकोले यहाँका अधिकांश कृषिकहरु आफ्नो खेतबरीमा नगदेबाली लगाउन बढि आकर्षित रहेको देखिन्छ । कृषकहरु मौसम अनुसारको तरकारीहरु जस्तैः- आलु, काउली, भण्टा, टमाटर, खुर्सानी, फर्सी, तरभुज, लौका, मुला र साग सब्जीहरु लगाउने गर्दछ । यो नगरपालिकाको मानिसहरु सब भन्दा बढी धान, गहुँ, दाल तथा व्यवसायिक

रुपमा तरकारी खेति गर्ने गर्छन् । यहाँ बार्षिक कूल उत्पादन ५०८०७.०१ क्विन्टल जसमा धान १५४४५.६५ क्विन्टल गहुँ १०३७५.७५ क्विन्टल, दाल १००६१ क्विन्टल र दलहन अन्य वाली उत्पादन भैरहेको देखिन्छ । यहाँका मुख्य वालीहरु यस प्रकार छन्:

खाद्यान्न वाली : धान, गहुँ ।

नगदे वाली : उखु,दलहन, प्याज, अदुवा, काकरो, तरभुज तथा मौसमी तरकारीहरु ।

तरकारी वाली : आलु, गोलभेडा, काउली, भन्टा, मुला, फर्सी, रामतोरिया भिण्डी), बन्दागोभी, काँक्रो, साग, करेला, बोरी, घिरौंला, लौका, सोहीजन ।

फलफूल : केरा, आँप, मेवा, लिची, अम्बा, बोगटे (टाभ नेमो), कागती, कटहर आदि ।

### ग) पशुपालन

यस नगरपालिकामा परम्परागत रुपमा पशुपालन व्यवसाय गर्दै आएको पाइन्छ । जग्गा जमिन नभएका किसानहरु पशुपालन गर्दै आई रहेका छन् भने उनीहरुको जीविकोपार्जन पशुपालनबाट नै भइ रहेको पाइन्छ । पशुपालनलाई आधुनिकरण गर्न सकेमा यस नगरका कृषकहरु लाभान्वित हुन सक्ने देखिन्छ । यस नगरपालिकामा पशुपालनको सम्भाव्यता राम्रो रहेको पाइन्छ । बलवा, सरपल्लो, सम्सी र जलेश्वर बजार नजिक रहेकोले दुध तथा मासु उत्पादन गरी विक्रि वितरण गर्न सकिने छ। यस नगरपालिकाका पशुपालन समूह निर्माण गरी उनीहरुलाई उन्नत जातको गाई, भैसी, भेडा, बाखा, हाँस, कुखुरा, कुखुराको चल्ला उत्पादन गर्न तथा अन्य पशुपालन सम्बन्धि तालिमको व्यवस्थापन भएमा दूध, मासु, फुल उत्पादन गरी आय आर्जन बढाउन सकिन्छ ।

### घ) प्राकृतिक स्रोत तथा सम्पदा

#### वन सम्पदा

यस नगरपालिका मनरा सिसबाका किसानहरुले आ आफनो निजी जग्गामा विभिन्न प्रजातिका विरुवाहरु लगाई निजी वनको रुपमा हुर्काइएको देखिन्छ । काठ, दाउरा आपुर्तिको लागि लगाइएको निजी वनको अवस्था मध्यम खालको रहेको छ । निजी वन प्रवर्द्धनका लागि यहका निजी वन धनीहरुले सम्वन्धित संग समन्वय गर्न अति आवश्यक देखिन्छ । साथै नगरपालिकाको अधिनमा रहेका पर्ति तथा पोखरीका डिलहरुमा वृक्षारोपण गरी भू क्षय वाट जोग्नु र नगरपालिकालाई हराभरा बनाउन तिर जोड दिनुपर्छ । यस नगरपालिकामा अनुमानित ४९ विघहा निजी जग्गामा यहाका निजी किसानहरुले विभिन्न प्रजातिका विरुवाहरु हुकाई निजी वनको विकास गरेको छ । यस नगरपालिकामा जम्मा ५५० बांसको झाडी रहेको छ ।

**जडिबुटी**

यस मनरा सिसबा नगरपालिकामा दिगो रुपमा जडीबुटी खेती नगरेता पनि यंहाका किसानहरुले जडीबुटी खेती गर्न तर्फ उन्मुख देखिएको छ। प्राविधिक ज्ञान, सरकारी कार्यालयहरु संगको समन्वय र चेतनाको कमीले गर्दा यंहाका किसानहरु जडबुटी खेती गर्न असमक्ष छन् ।

**नदीनाला**

यस मनरा सिसवा नगरपालिका, महोत्तरी जिल्लाको दक्षिणी भेगमा पर्दछ। यस नगरपालिकामा जंगा र रातो नदी पर्दछ त्यस्तै यस नगरपालिकामा निजी ५० वटा र सार्वजनिक स्वामित्वमा १५ गरि कुल जम्मा ६५ वटा पोखरीहरु रहेका छन ।

**हावापानी**

यो नगर मनसुनी हावाद्वारा प्रभावित क्षेत्र हो । यहाँ उष्ण जलवायु पाईन्छ । यहाको अधिकतम तापक्रम गर्मीयाममा ४२ डिग्री सेल्सियसभन्दा पनि बढी हुने गरेकाले कहिलेकाही लु चल्ने गर्दछ त्यस्तै जाडोयाममा न्युनतम तापक्रम ५ डिग्री सेल्सियससम्म पुग्नुका साथै शितलहर समेतका कारणले जनजीवन प्रभावित हुने गर्द छ । यस नगरपालिकामा वार्षिक औसत वर्षा १८४० मिलीमीटर देखि २२०० मिलीमटर हुने गरेको पाईन्छ यस नगरपालिकामा ८० प्रतिशत वर्षा बैशाख देखि भदौ महिनाभित्र हुने गर्दछ । हिउदमा यस नगरपालिकामा न्यून वर्षा हुने गर्दछ ।

## १.२.३ राजनीतिक तथा प्रशासनिक बिभाजन र समानुपातिक विकास

| वडा | जम्मा जनसंख्या | उपलब्ध प्रमुख सेवाहारू | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| १. | ६९१८ | विद्युत | खानेपानी | निःशुल्क स्वास्थ सेवा | जन्म दर्ता, बिबाह दर्ता , मृत्य दर्ता | सामाजिक सुरक्षा |
| २. | ६४९५ | विद्युत | खानेपानी | निःशुल्क स्वास्थ सेवा | जन्म दर्ता, बिबाह दर्ता , मृत्य दर्ता | सामाजिक सुरक्षा |
| ३. | ४६८८ | विद्युत | खानेपानी | निःशुल्क स्वास्थ सेवा | जन्म दर्ता, बिबाह दर्ता , मृत्य दर्ता | सामाजिक सुरक्षा |
| ४. | ३९९९ | विद्युत | खानेपानी | निःशुल्क स्वास्थ सेवा | जन्म दर्ता, बिबाह दर्ता , मृत्य दर्ता | सामाजिक सुरक्षा |
| ५. | ४७१० | विद्युत | खानेपानी | निःशुल्क स्वास्थ सेवा | जन्म दर्ता, बिबाह दर्ता , मृत्य दर्ता | सामाजिक सुरक्षा |
| ६. | ७२८२ | विद्युत | खानेपानी | निःशुल्क स्वास्थ सेवा | जन्म दर्ता, बिबाह दर्ता , मृत्य दर्ता | सामाजिक सुरक्षा |
| ७. | ५३८९ | विद्युत | खानेपानी | निःशुल्क स्वास्थ सेवा | जन्म दर्ता, बिबाह दर्ता , मृत्य दर्ता | सामाजिक सुरक्षा |
| ८. | ३५८८ | विद्युत | खानेपानी | निःशुल्क स्वास्थ सेवा | जन्म दर्ता, बिबाह दर्ता , मृत्य दर्ता | सामाजिक सुरक्षा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९. | ३७४७ | विद्युत | खानेपानी | नि:शुल्क स्वास्थ सेवा | जन्म दर्ता, बिबाह दर्ता , मृत्य दर्ता | सामाजिक सुरक्षा |
| १०. | ५३७५ | विद्युत | खानेपानी | नि:शुल्क स्वास्थ सेवा | जनम दर्ता, बिबाह दर्ता , मृत्य दर्ता | सामाजिक सुरक्षा |
| | ५२१९१ | | | | | |

## १.२.४ पूर्वधार र विकास

### क) स्वास्थ्य सेवा

नेपालमा स्वास्थ्य क्षेत्र विकासक्रमको इतिहास लामो छ । यसको पृष्ठभूमिलाई समीक्षा गर्दा सत्रौं शताब्दीमा सिंहदरबार दरबार वैद्यखाना खुलेपछि मात्र आयुर्वेद उपचारको विकास भएको पाइन्छ । वि.सं. १९४७ मा वीर अस्पतालको स्थापना भएपछि आधुनिक चिकित्सा प्रणालीको सुरुवात भएको हो । स्वास्थ्य क्षेत्रको विकासक्रम वि.सं. २०१३ पहिलो आवधिक योजनासँगै भएको पाइन्छ । यसपछिका केही दीर्घकालीन स्वास्थ्य योजनाको तर्जुमा र कार्यान्वयन पछि स्वास्थ्य क्षेत्रको समग्र विकासमा उल्लेख्य प्रगति भएको पाइन्छ ।साथै २०४६ को राजनीतिक परिवर्तन पछि पहिलो पटक राष्ट्रिय स्वास्थ्य नीति, २०४८ ले गाउँ स्तरमा प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीको स्थापना गर्न उल्लेख्य सहयोग गरेको पाइन्छ । यो रणनीतिले आधारभूत स्वास्थ्य सेवालाई केन्द्रमा राख्दै स्वास्थ्य क्षेत्रको संरचनागत विकास र विस्तारलाई सुदृढीकरण गर्न निजी क्षेत्रको लगानी र समुदायको सहभागिता बढाउन प्राथमिकता दिएको पाइन्छ ।

यस मनराशिसवा नगरपालिकामा १५ बेड सहितको १ नगर अस्पताल, ३ आधारभुत स्वास्थ्य केन्द्र, ६ हेल्थ पोस्ट, ३ बर्थिङ्ग सेन्टर रहेका छन् । प्रयोगशाला शुरु भएको १ स्वास्थ्य संस्था मार्फत २४ औं घण्टा ईमर्जेन्सी सेवा संचालनमा छन् । २ ओटा एम्बुलेन्स सेवा मार्फत १०० प्रतिशत परिवार ३० मिनेट सम्मको दुरीमा स्वास्थ्य सेवाको पहुँचमा पुगेका छन्। यस नगरपालिमा मार्फत ७० किसिमको नि:शुल्क औषधि उपलब्ध छ । ६३ जना महिला स्वास्थ्य स्वयं सेविका मार्फत दैनिक घरदैलो स्वास्थ्य कार्यक्रम संचालनमा छन् । यस नगरपालिकामा विगत ७ वर्ष देखि बहुक्षेत्रिय पोषण कार्यक्रम प्रभवकारी ढङ्गले संचालन हुदा कुपोषण प्रभावित जनसंख्या २.८१ प्रतिशतमा झरेको छ । गर्भावस्थाको परिक्षण दर ९५ प्रतिशत पुगेकोले नवजात शिशु मृत्युदर ०.८ (प्रतिहजार जीवित जन्ममा) रहेको छ भने शिशु मृत्यु दर ० (प्रतिहजार जीवित जन्ममा) र ५ वर्ष मुनिको बाल मृत्यु दर ० (प्रतिहजार जीवित जन्ममा) रहेका छन् । ९५ प्रतिशत पूर्ण खोप तथा १०० प्रतिशत भिटामिन ए खाने बालबालिका रहेका छन् । वर्षमा २ पटक प्रत्येक विद्यालयमा गएर हरेक विद्यार्थीहरुलाई जुकाको औषधि खुवाउने गरिएको छ भने छात्राहरुलाई १३/१३ हप्ता गरी जम्मा २६ हप्ता सम्म फोलिक एसिड(आइरन चक्की ) दिने गरिएको छ ।

## ख) खानेपानी

खानेपानी मानव जीवनका लागि नभई नहुने आधारभूत आवश्यकता हो भने सरसफाई मानिसको स्वास्थ्य र प्रतिष्ठासँग गाँसिएको महत्वपूर्ण पक्ष हो । त्यसैले खानेपानी तथा सरसफाईलाई सामाजिक तथा आर्थिक विकासको प्रमुख आधारका रुपमा लिन सकिन्छ । दुषित खानेपानी तथा कमजोर सरसफाइको कारण नेपालमा वर्षेनी ५ वर्षभन्दा कम उमेरका करिव १३००० वालवालिकाहरु मृत्युको मुखमा पर्ने गरेका छन् । ८० प्रतिशत रोगहरु पनि प्रदुषित खानेपानी तथा कमजोर सरसफाइको कारण हुने तथ्य जगजाहेर नै छ । खानेपानी पहुँचको कुरा गर्दा वर्तमान पहुँच ८० प्रतिशत भएता पनि खानेपानी तथा ढल निकास विभागको तथ्यांक अनुसार नेपालमा करिव २१ प्रतिशत आयोजनाहरु पूर्णरुपमा संचालनमा रहेका छैनन्।

खानेपानी स्रोतको विवरण यस नगरपालिका का ८५५१ घर परिवारहरु खानेपानी र घरेलु काम काजको लागि ट्युवेलको पानि प्रयोग गरेको देखिन्छ । यस नगरमा व्यक्तिगत तथा सामुदायिक ट्युवेल जडान भएको पाईन्छ भने दलित वस्तिमा समुदायिक ट्युवेलको बढी मात्रामा उपलब्धता नभएको कारण पानीको लागि बढि समय खपत गरिरहेका छन् । ९० प्रतिशत घरपरिवार व्यक्तिगत ट्यूवेल र निजि ट्यूवेल बढि उपभोग गरिरहेका छन् । यहाँका बासिन्दामा सरसफाइ र खानेपानीको गुणस्तर सम्बन्धी जनचेतनाको कमीले गर्दा शुद्ध, सफा र स्वच्छ पानीको प्रयोग नभएको कारणले सरसफाई सम्बन्धी जनचेतना मुलक कार्यक्रम, हालको खानेपानीको गुणस्तर मापन, आयर, आरसेनिक मापन र दुषित पानि प्रयोग गर्नाले हुने हानि नोक्सानीको बारेमा जनचेतना मुलक कार्यक्रम गर्नु आवश्यक देखिन्छ भने दलित वस्तिहरुमा सार्वजनिक कलको व्यवस्था गर्नु पर्ने देखिन्छ ।

## ग) उद्योग

यस नगरपालिकामा उद्योग धन्दाको प्रचुर संभावना प्रचुर मात्रामा रहे पनि धान कुटने, च्युरा कुटने, गहु पिध्ने मसला पिध्ने, चिरान मेसीन, ग्रील तथा तेल पेल्ने उद्योग बाहेक कुनै पनि उद्योग धन्दा रहेका छैन । यस नगरपालिकामा जम्मा ७१ वटा स साना मिल रहेको जसमा प्रत्यक्ष १४२ जनालाई प्रत्यक्ष रोजगारी दिएका देखिन्छ । यस नगरपालिकाको चौकमा साना साना पसल, डेरी उद्योग, वितिय संस्था तथा साप्ताहिक बजार लाग्ने गरेको हुदा यँहा व्यापारको ठुलो संभावना रहेको देखिन्छ । यस नगरपालिकामा प्रत्येक प्रत्येक टोलमा साप्ताहिक बजार लाग्ने गरेको छ । यहाँको किसानहरु आफनो कृषि उपज नजीकको नगरपालिका मनरा, सरपल्लो तथा जलेश्वरमा लगी किनबेच गर्ने गरेको पाईन्छ भने यस नगरपालिकामा बासिन्दाहरु भारतीय बोर्डर परिहार, सुरसण्ड नजीक रहेको आफनो घरायसी समानहरु पारी वाट पनि किनबेच गरेको पाईन्छ । यस नगरपालिकामा सब भन्दा बढी लघु उद्योग वडा नं १० मा रहेको छ भने लघु उद्योग नभएको वडाको संख्या ५ र ८ रहेका छन जहाकी १ वटा पनि लघु उद्योग रहेको छैन ।

### घ) बैंकिंग सेवा

यस नगरपालिकामा वित्तीय सेवा प्रवाहका लागि विभिन्न बैंक तथा सहकारी संस्थाहरू क्रियाशील छन्। हाल यस नगरपालिकामा उपलब्ध रहेका वित्तीय संस्थाहरू निम्नानुसार रहेका छन्ः

तपसील

१. लक्ष्मी बैंक लिमिटेड
२. मल्टी पर्पोस फिनान्स लिमिटेड
३. लघुबीत्त सहकारी, सरपल्लो
४. सहयोगी बचत सहकारी, सरपल्लो७-
५. लक्ष्मी सहकारी, सरपल्लो ७
६. IME मनी ट्रान्सफर, सरपल्लो
७. प्रभु मनी ट्रान्सफर, सपल्लो ७-
८. सुमित सहकारी संस्था लिमिटेड, जाउख ४
९. साना किसान सहकारी संस्था भोलही २-
१०. स्वावलम्बन सहकारी मनरा १-
११. ग्रामीण विकास सहकारी १-


## १.२ पालिकाको शैक्षिक सन्दर्भ

## १.२.१ नेपालको सन्दर्भमा शिक्षा

नेपाल एक वहुभाषिक, बहुजातीय, बहुधार्मिक (सहिष्णुता), विविध भौगोलिक अवस्थाले युक्ते एक लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक हो । यहाँको शिक्षा प्रणालीमा परम्परादेखि विद्यमान माथि उल्लेखित पक्षले प्रत्यक्ष एव परोक्षरुपमा प्रभाव पार्दै समय सापेक्ष रुपका राजनैतिक एवं सामाजिक घटनाले परिवर्तन एवं परिमार्जन गरेको पाईन्छ ।०६३ को राजनैतिक आमूल परिवर्तन पश्चात वर्तमान अवस्थाको नेपालको शिक्षाको परिभाषा दिन त्यति सजिलो छैन । तापनि मुलुकको राजनैतिक, सामाजिक, आर्थिक, धार्मिक, साँस्कृतिक अवस्था लगायत यहाँ वसोवास गर्ने विविध जातजातिको अवस्था, आवश्यकता र चाहनालाई मध्यनजर गर्दा नेपालको शिक्षा भन्नाले अनिवार्य एवं निःशुल्क प्राथमिक शिक्षा, सवै तहमा दिगो, प्रभावकारी एवं गुणस्तरयुक्त व्यावहारिक शिक्षा, देशमा वढ्दो वेरोजगारी समस्यालाई मुलुक भित्रै समाधान गरी आत्मनिर्भर बनाउन सक्ने प्राविधिक एवं व्यावसायिक शिक्षामा प्राथमिकता, सवै भाषा, लिपि, संस्कृति धर्म आदिको संरक्षण, सम्वद्र्धन एवं परिमार्जन गर्दै समाजमा सहयोगको आदान प्रदान गरी समायोजन हुनसक्ने परिपक्व नागरिकको विकास, राज्यलाई आधुनिक विश्वसंग विश्ववन्धुत्व, भाइचारा, सहयोगको आदान—प्रदान गर्न सक्ने आधुनिक वैज्ञानिक शिक्षा प्रणाली, अन्तर्राष्ट्रिय स्तरमा राज्यको छवि कायम राखी विश्वलाई सन्देश दिन सक्ने मौलिक शिक्षा प्रणाली तथा अन्तर्राष्ट्रिय स्तरमा सम्पर्क बढाउनका लागि अंग्रेजी भाषा

लगायत प्रमूख अन्तर्राष्ट्रिय भाषाको प्रभावकारी सिकाई व्यवस्था आदिको माध्यमबाट समतामूलक समावेसी सामाजिक व्यवस्था निर्माण गर्न सक्ने शिक्षा प्रणाली हुनुपर्दछ ।

साक्षर जनसंख्या





| Wards | Sex | Population aged 5 years & above | Population who | | | Literacy Rate |
|---|---|---|---|---|---|---|
| | | | Can read & write | Can read only | Can't read & write | |
| All Wards | Total | 46558 | 27401 | 117 | 19040 | 58.85 |
| | Male | 22668 | 15215 | 58 | 7395 | 67.12 |
| | Female | 23890 | 12186 | 59 | 11645 | 51.01 |
| 1 | Total | 6234 | 3862 | 14 | 2358 | 61.95 |
| | Male | 3049 | 2175 | 5 | 869 | 71.33 |
| | Female | 3185 | 1687 | 9 | 1489 | 52.97 |
| 2 | Total | 5902 | 3524 | 5 | 2373 | 59.71 |
| | Male | 2816 | 1938 | 4 | 874 | 68.82 |
| | Female | 3086 | 1586 | 1 | 1499 | 51.39 |
| 3 | Total | 4166 | 2413 | 6 | 1747 | 57.92 |
| | Male | 2065 | 1350 | 5 | 710 | 65.38 |
| | Female | 2101 | 1063 | 1 | 1037 | 50.59 |
| 4 | Total | 3508 | 2182 | 63 | 1263 | 62.20 |
| | Male | 1711 | 1206 | 33 | 472 | 70.49 |
| | Female | 1797 | 976 | 30 | 791 | 54.31 |
| 5 | Total | 4145 | 2066 | 3 | 2076 | 49.84 |
| | Male | 2010 | 1151 | 2 | 857 | 57.26 |
| | Female | 2135 | 915 | 1 | 1219 | 42.86 |
| 6 | Total | 6412 | 3355 | 6 | 3051 | 52.32 |
| | Male | 3201 | 1964 | 2 | 1235 | 61.36 |
| | Female | 3211 | 1391 | 4 | 1816 | 43.32 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 7 | Total | 4790 | 2741 | 4 | 2045 | 57.22 |
| | Male | 2328 | 1546 | 2 | 780 | 66.41 |
| | Female | 2462 | 1195 | 2 | 1265 | 48.54 |
| 8 | Total | 3170 | 1986 | 4 | 1180 | 62.65 |
| | Male | 1477 | 1031 | 1 | 445 | 69.80 |
| | Female | 1693 | 955 | 3 | 735 | 56.41 |
| 9 | Total | 3361 | 2187 | 5 | 1169 | 65.07 |
| | Male | 1664 | 1215 | 0 | 449 | 73.02 |
| | Female | 1697 | 972 | 5 | 720 | 57.28 |
| 10 | Total | 4870 | 3085 | 7 | 1778 | 63.35 |
| | Male | 2347 | 1639 | 4 | 704 | 69.83 |
| | Female | 2523 | 1446 | 3 | 1074 | 57.31 |

*स्रोत :राष्ट्रिय जनगणना २०७८*

**वडागत साक्षर जनसंख्या**




*स्रोत :राष्ट्रिय जनगणना २०७८*


## १.२.२ नीतिगत प्रबन्ध

नेपालको संविधानले समाजवाद उन्मुख राज्य प्रणालीका आधारमा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ । संविधानले अपाङ्गता भएका र आर्थिक रूपमा विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक र मातृभाषामा शिक्षा पाउने हक समेतको व्यवस्था गरेकोछ ।गुणस्तरीय शिक्षाको सुनिश्चितता र जीवन पर्यन्त शिक्षाको समान अवसरले राज्यको आर्थिक समृद्धि र सामाजिक न्याय सहितको समतामूलक समाज निर्माण गर्ने सोच पुरा गर्न योगदान पुऱ्याउँदछ ।

शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिष्पर्धी एवम् गुणस्तरयुक्त बनाउनका लागि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सम्बन्धी ऐन २०७५ ले हरेक नागरिकको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरेको छ । नेपाल सरकारले २०७६ सालमा जारी गरेको राष्ट्रिय शिक्षा नीतिले गुणस्तरीय शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्दै सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त एवं उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ ।यसै गरी नेपाल सरकारको २५-वर्षे दीर्घकालीन सोच समृद्ध नेपाल, सुखी नेपाली सहितको समुन्नत राष्ट्र निर्माणका आधारमा पन्ध्रौं आवधिक योजनाका लक्षहरू तय गरिएको छ । उल्लिखित नीति कार्यान्वयन गरी लक्ष प्राप्त गर्नका लागि शिक्षा पद्धति र शिक्षामा गरिने लगानीको स्वरूपमा आवश्यक सुधार गर्नु पर्ने हुन्छ ।

### १.२.३ शिक्षाको संरचना :

**Organogram Educational Structure in Nepal**




नेपालको विद्यालय क्षेत्रअन्तर्गत एक बर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा चार वर्षका बालबालिका सहभागी हुन्छन् भने ५–१२ वर्ष उमेर समूहका लागि ८ वर्षको निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा र १३–१६ वर्ष उमेर समूहका लागि ४ वर्षको निःशुल्क माध्यमिक

शिक्षा प्रदान गर्ने दायित्व सरकारको रहेको छ तापनि शुल्क तिरेर पढ्ने निजी क्षेत्रबाट सञ्चालित र सरकारको लगानीमा सञ्चालित शुल्क तिर्न नपर्ने गरी दुवै प्रकारका विद्यालयहरू सञ्चालन भइरहेका छन्। यस खण्डमा मुलुकको संक्षिप्त शैक्षिक सन्दर्भ अन्तर्गत नीतिगत प्रबन्ध, उल्लेख्य उपलब्धि तथा अन्तर, विद्यालय क्षेत्र विकास योजनाका कार्यक्रम तथा उपलब्धिहरू र दिगो विकास लक्षहरूको सन्दर्भ उल्लेख गरिएको छ ।

## १.२.४ विद्यालय सङ्ख्या

| बिद्यालयको प्रकार | सन्चालित कक्षा अनुसारको सङ्ख्या | | | | | | | | | | | | | तहगत सङ्ख्या | | | | | | जम्मा इकाई |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | EC-ED | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १-५ | ६-८ | १-८ | ९-१० | ११-१२ | ९-१२ | |
| सबै प्रकारका बिद्यालयमा कक्षागत र तहगत सङ्ख्या | ३५ | १ | २ | २ | ४ | १० | २ | ३ | २ | ० | ५ | ० | ४ | १९ | ७ | २६ | ५ | ४ | ९ | ३५ |
| सामुदायिक बिद्यालयमा कक्षागत र तहगत सङ्ख्या | २७ | ० | ० | ० | ४ | ६ | १ | २ | २ | ० | ४ | ० | ४ | १० | ५ | १५ | ४ | ४ | ८ | २३ |
| समुदायिक शुन्य दरबन्दी भएका बिद्यालय | २ | ० | ० | ० | ० | १ | १ | २ | १ | ० | २ | ० | ३ | १ | ४ | ५ | २ | ३ | ५ | १० |
| सामुदयिक बिशेष बिद्यालय | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| सामुदयिक धार्मिक बिद्यालयको सङ्ख्या | ३ | १ | ० | ० | ० | ३ | १ | ० | ० | ० | ० | ० | ० | ४ | १ | ५ | ० | ० | ० | ५ |
| घुम्ती बिद्यालयहरुको सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| समाहित शिक्षा सहितका बिद्यालयहरुको सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| आवासिय सुबिधा सहितका बिद्यालयहरु | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| प्राबिधिक धार सहितका सामुदयिक बिद्यालय(कक्षा९-१२) | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | १ | १ | १ |

*स्रोत :* IEMIS 2081

## १.२.५ विद्यार्थी सङ्ख्या र भर्ना प्रवृत्ती

| बिद्यार्थी बिबरण (Students details) | ECED | | | G1 | | | G2 | | | G3 | | | G4 | | | G5 | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T |
| सबै प्रकारका बिद्यालयमा कक्षागत र तहगत जम्मा बिद्यार्थी सङ्ख्या | ७४८ | ८४१ | १५८९ | ८४५ | ९३५ | १७८० | ७४४ | ८८४ | १६२८ | ७६१ | ७३५ | १४९६ | ७८५ | ८०० | १५८५ | ७५२ | ७५३ | १५०५ |
| सामुदायिकबिद्यालय मा कक्षागत र तहगत जम्मा बिद्यार्थी सङ्ख्या | ५५० | ५८३ | ११३३ | ६३७ | ६८४ | १३२१ | ६०१ | ६८९ | १२९० | ६३३ | ५९३ | १२२६ | ६६१ | ६५४ | १३१५ | ६५८ | ६५८ | १३१६ |
| सबै प्रकारका बिद्यालयमा कक्षागत र तहगत दलित बिद्यार्थी सङ्ख्या | १०५ | १२० | २२५ | १०० | १११ | २११ | ३० | १२८ | १५८ | १०३ | ९३ | १९६ | ११५ | १२० | २३५ | १३२ | ११९ | २५१ |
| सामुदायिक | ७५ | ७८ | १५३ | ४७ | ६० | १०७ | ४३ | ३९ | ८२ | ३३ | ४० | ७३ | ५१ | ४० | ९१ | ४७ | ५७ | १०४ |

| बिद्यार्थी बिबरण (Students details) | G6 | | | G7 | | | G8 | | | G9 | | | G10 | | | G11 | | | G12 | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T |
| सबै प्रकारका बिद्यालयमा कक्षागत र तहगत जम्मा बिद्यार्थी सङ्ख्या | ६४९ | ६०१ | १२५० | ६२६ | ६१० | १२३६ | ५६९ | ५३६ | ११०५ | ३२५ | ३३४ | ६५९ | ४१९ | ४४४ | ८६३ | ११५ | १२८ | २४३ | १८० | २१५ | ३९५ |
| सामुदायिकबिद्यालय मा कक्षागत र तहगत जम्मा बिद्यार्थी सङ्ख्या | ६१० | ५३० | ११४० | ५९९ | ५६४ | ११६३ | ५५५ | ५०४ | १०५९ | ३२४ | ३२७ | ६५१ | ३९२ | ३९९ | ७९१ | १०० | ८७ | १८७ | १६६ | १८५ | ३५१ |
| सबै प्रकारका बिद्यालयमा कक्षागत र तहगत दलित बिद्यार्थी सङ्ख्या | १०४ | ९५ | १९९ | १०३ | ९३ | १९६ | ८७ | ९७ | १८४ | ७२ | ५४ | १२६ | ५१ | ५३ | १०४ | २१ | १२ | ३३ | ३७ | २७ | ६४ |
| सामुदायिक | ३३ | ३६ | ६९ | ४५ | ४० | ८५ | २९ | ३२ | ६१ | ४१ | ३६ | ७७ | ३० | २९ | ५९ | ५० | ३९ | ८९ | ५६ | ४७ | १० |

| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विद्यालयमा कक्षागत र तहगत दलित विद्यार्थी सङ्ख्या | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | ३ |
| सबै प्रकारका विद्यालयमा कक्षागत र तहगत अपाङ्गता भएका विद्यार्थीसङ्ख्या | १६ | २५ | ४१ | १५ | २७ | ४२ | १ | ७ | ८ | २ | ० | २ | १ | १ | २ | ३ | २ | ५ | २ | ० | २ | १ | ४ | ५ | ३ | ० | ३ | १ | १ | २ | १ | ० | १ | ० | ० | ० | ३ | १ | ४ |
| सामुदायिक विद्यालयमा कक्षागत र तहगत अपाङ्गता भएका विद्यार्थीसङ्ख्या | ८ | १६ | २४ | ११ | २२ | ३३ | १ | २ | ३ | २ | ० | २ | १ | ० | १ | २ | १ | ३ | १ | ० | १ | १ | ३ | ४ | ३ | ० | ३ | १ | १ | २ | १ | ० | १ | ० | ० | ० | ३ | १ | ४ |
| सबै प्रकारका विद्यालयमा कक्षागत र तहगत तोकिएका २२ जनजातीविद्यार्थी सङ्ख्या | १०२ | १२८ | २३० | ९१ | १२९ | २२० | ९६ | १०७ | २०३ | ८९ | ९१ | १८० | १०२ | १०७ | २०९ | १०७ | ७८ | १८५ | ८५ | ८९ | १७४ | ७२ | ९३ | १६५ | ५८ | ५२ | ११० | ३९ | ४३ | ८२ | ५१ | ५१ | १०२ | १३ | १२ | २५ | ४१ | ४५ | ८६ |
| सामुदायिक विद्यालयमा कक्षागत र तहगत तोकिएका २२ जनजाती विद्यार्थीसङ्ख्या | ७६ | ८९ | १६५ | ७९ | ११० | १८९ | ८४ | ९३ | १७७ | ८६ | ८५ | १७१ | ९५ | १०३ | १९८ | १०० | ६७ | १६७ | ७९ | ८५ | १६४ | ७० | ८३ | १५३ | ५८ | ५७ | ११५ | ३९ | ४२ | ८१ | ५१ | ५१ | १०२ | १३ | १२ | २५ | ४१ | ४५ | ८६ |
| सामुदायिक विद्यालयमा सन्चालित प्राबिधिक धारका बिद्यार्थी सङ्ख्या (कक्षा ९-१२ मा) | | | ० | | | ० | | | ० | | | ० | | | ० | | | ० | | | ० | | | ० | | | ० | १८ | २३ | ४१ | १९ | २७ | ४६ | १२ | ३६ | ४८ | १६ | ३० | ४६ |

स्रोत : IEMIS 2081

## १.२.६ विद्यालयगत शिक्षक तथा कर्मचारी विवरण

मनराशिसवा नगरपालिका अन्तर्गत रहेका विद्यालय शिक्षक तथा कर्मचारी विवरण २०८१

| सि.नं. | विद्यालयको नाम | संचालित कक्षा | वालविकास | प्रा.वि.दरवन्दी | | | नि.मा.वि.दरवन्दी | | | मा.वि.दरवन्दी | | | उ.मा.वि.दरवन्दी | | | विद्यालय कर्मचारी | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | नेपाल सरकार स्वीकृत दरवन्दी | राहत | अनुदान | नेपाल सरकार स्वीकृत दरवन्दी | राहत | अनुदान | नेपाल सरकार स्वीकृत दरवन्दी | राहत | अनुदान | नेपाल सरकार स्वीकृत दरवन्दी | राहत | अनुदान | विद्यालय सहायक | विद्यालय सहयोगी | |
| १ | श्री दुर्गा माध्यमिक विद्यालय मनरा | ०-१२ | १ | ८ | ० | ० | ३ | १ | १ | ५ | ० | ० | ० | २ | १ | १ | १ | |
| | श्री दुर्गा माध्यमिक विद्यालय मनरा (प्राविधिक) | | | १ | | | २ | | | ६ | | | | | | | | |
| २ | श्री मुन्सीफ माध्यमिक विद्यालय साढाँ | ०-१२ | २ | ४ | २ | ० | ४ | ० | १ | २ | ३ | ० | ० | ० | २ | १ | १ | |
| ३ | श्री जनता मा.वि. कटैया चौरिया चौ. कट्टी | ०-१२ | २ | ६ | १ | ० | १ | १ | १ | २ | १ | १ | ० | ० | २ | १ | १ | |
| ४ | श्री सरयु मुन्नीलाल माध्यमिक विद्यालय सरपल्लो | ०-१२ | १ | ६ | १ | ० | ३ | ० | १ | १ | ० | २ | ० | ० | १ | १ | १ | |
| ५ | श्री भै.गु.लो.ज.मा. विद्यालय बथनाहा | ०-११ | १ | ७ | ० | ० | ३ | ० | १ | ३ | १ | ० | ० | ० | ० | १ | १ | |
| ६ | श्री माध्यमिक विद्यालय सहसराम | ०-१० | १ | ५ | २ | ० | ३ | ० | १ | १ | ० | ० | ० | ० | ० | १ | १ | |
| ७ | श्री जनता माध्यमिक विद्यालय सोनौल | ०-१० | २ | ६ | १ | ० | ० | ० | ३ | १ | ० | ० | ० | ० | ० | ० | १ | |
| ८ | श्री ने.रा.कु.माध्यमिक विद्यालय मनरा कटी | ०-१० | १ | ६ | १ | ० | १ | १ | १ | १ | ० | ० | ० | ० | ० | ० | १ | |
| ९ | श्री राधा आधारभुत विद्यालय इटहर्वा हनुमानपुर | ०-८ | २ | ६ | ३ | ० | १ | ० | १ | | | | | | | | १ | |
| १० | श्री विद्यासती आधारभुत विद्यालय जाउख | ०-८ | २ | ५ | १ | ० | १ | ० | १ | | | | | | | | १ | |
| ११ | श्री राष्ट्रिय आधारभुत विद्यालय झिंगास्थान | ०-८ | १ | ५ | १ | ० | १ | ० | १ | | | | | | | | १ | |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | श्री राष्ट्रिय जनता आधारभुत विद्यालय मरुवाही | ०-८ | २ | ६ | ० | ० | १ | ० | १ | | | | | | | १ | |
| १३ | श्री नेपाल राष्ट्रिय जनता आधारभुत विद्यालय सकरी | ०-७ | २ | ५ | १ | १ | १ | ० | | | | | | | | १ | |
| १४ | श्री नेपाल राष्ट्रिय आधारभुत विद्यालय मनरा | ०-५ | १ | ३ | १ | १ | | | | | | | | | | १ | |
| १५ | श्री राष्ट्रिय आधारभुत विद्यालय भोल्ही | ०-५ | १ | ४ | ० | १ | | | | | | | | | | १ | |
| १६ | श्री चुल्हाई माया आधारभुत विद्यालय सरपल्लो | ०-५ | १ | १ | ३ | १ | | | | | | | | | | १ | |
| १७ | श्री हनुमानदत विश्वनाथ जनता सरकारी आधारभुत विद्यालय मधवा | ०-५ | १ | ३ | ० | १ | | | | | | | | | | १ | |
| १८ | श्री नेपाल राष्ट्रिय आधारभुत विद्यालय बथनाहा मुसहरीटोल | ०-५ | १ | २ | ० | १ | | | | | | | | | | १ | |
| १९ | श्री जन एकता आधारभुत विद्यालय सानो कट्टी | ०-५ | १ | २ | ० | १ | | | | | | | | | | १ | |
| २० | श्री जनता आधारभुत विद्यालय मनोगीकुट्टी साढाँ | ०-४ | १ | २ | ० | १ | | | | | | | | | | १ | |
| २१ | श्री पं.प.रा.वि.रा.आ.वि.साढाँ | ०-४ | १ | १ | २ | १ | | | | | | | | | | १ | |
| २२ | श्री जनता आधारभुत विद्यालय खुसनगरी | ०-४ | २ | २ | ० | १ | | | | | | | | | | १ | |
| २३ | श्री सहदेव सहनी आधारभुत विद्यालय जाउख | ०-४ | १ | २ | ० | १ | | | | | | | | | | १ | |
| | **कुल जम्मा :** | | ३२ | ९८ | २० | ११ | २५ | ३ | १४ | २२ | ५ | ३ | ० | २ | ६ | ६ | २३ | |
| | | | | १२९ | | | ४२ | | | ३० | | | ८ | | | | | |

### १.२.६ विद्यार्थी शिक्षक अनुपात विश्लेषण

| सामुदायिक विद्यालयमा स्वीकृत र राहत दरबन्दी तथा अनुदानमा तहगत रूपमा कार्यरत शिक्षक र बिद्यार्थीको अनुपात (STR) | २०८१/८२ |
|---|---|
| बालविकास तथा पूर्व प्रा.वि.(ECED) | ३५ |
| आधारभूत तह (कक्षा १-५) | ४६ |
| आधारभूत तह (कक्षा ६-८) | ९३ |
| आधारभूत तह (कक्षा १-८) | ७९ |
| माध्यमिक तह (कक्षा ९-१०) | ४७ |
| माध्यमिक तह (कक्षा ११-१२) | ५४ |
| माध्यमिक तह (कक्षा ९-१२) | ६८ |

*स्रोत :* Toolkit

### १.२.७ उल्लेख्य उपलब्धि तथा अन्तर(Gaps)

नेपालमा विगत केही दशकमा भएको शिक्षाको विस्तार उल्लेख्य रहेको छ । विद्यालय तथा विद्यार्थी सङ्ख्यामा भएको वृद्धि, कुल र खुद भर्ना दरमा भएको वृद्धिर साक्षरता दरमा भएको उल्लेख्य सुधारले शिक्षामा भएको विस्तारलाई पुष्टि गर्दछन् । सन् २०२० को तथ्याङ्क अनुसार प्रारम्भिक बालविकास तथा शिक्षामा कुल र खुद भर्ना दर क्रमशः ८६.४ र ६७.२ प्रतिशत पुगेको छ भने आधारभूत शिक्षा (कक्षा १–५) मा यो प्रतिशत क्रमशः ११९.३ र ९७.१ रहेको छ । त्यसै गरी आधारभूत शिक्षा (कक्षा १–८)कुल र खुद भर्ना दर क्रमशः ११०.४र ९३.८ प्रतिशत रहेको छ । अर्कोतिर कक्षा १–३ मा औसत कक्षा दोहऱ्याउने दर ८ प्रतिशतको हाराहारीमा र कक्षा छाड्ने दर ४ प्रतिशतको हाराहारीमा रहेको छ । कक्षा ८ सम्मको टिकाउ दर ७९.३ प्रतिशत मात्र रहेको देखिन्छ ।यसरी भर्ना भएकामध्ये करिब २१ प्रतिशत बालबालिकाहरू कक्षा ८ सम्म पनि नपुगेका र करिब ६.२ प्रतिशत उमेर समूह ५–१२ वर्षका बालबालिकाहरू विद्यालय बाहिर रहेका हुनाले यी दुवै समूहका बालबालिकालाई कक्षा ८ सम्म टिकाउनु जरुरी छ । माध्यमिक तह (कक्षा ९–१२)मा भने कुल र खुद भर्ना दर क्रमशः ७१.४ र ४७.६ प्रतिशत मात्र रही माध्यमिक शिक्षा उमेरको ठूलो जनसङ्ख्या (५२.४ प्रतिशत) माध्यमिक तहको शिक्षा भन्दा बाहिर रहेको छ।

विद्यालय शिक्षामा सरकारको प्रत्यक्ष लगानी नभई अभिभावकबाट शुल्क लिएर सञ्चालन भएका नाफामूलक र गैरनाफा मूलक गरी दुई प्रकारका संस्थागत (निजी क्षेत्रबाट सञ्चालित) विद्यालयको उपस्थिति पनि उल्लेख्य छ ।सन् २०२० को तथ्याङ्क अनुसार प्रारम्भिक बालविकास तथा शिक्षामा कुल विद्यार्थी सङ्ख्याको ४९.८% निजी क्षेत्रबाट सञ्चालित विद्यालयमा भर्ना भएका छन् । विद्यालयहरूको सङ्ख्याका आधारमा १६.४% मात्र निजी क्षेत्रबाट सञ्चालित छन् भने सामुदायिक प्रारम्भिक बालविकास तथा शिक्षामा केन्द्रहरू (८३.६%) मा ५०.२%मात्र विद्यार्थी देखिन्छन् । यसका हुनाका दुई कारण छन् । पहिलो, निजी क्षेत्रबाट सञ्चालित विद्यालयहरूले २ देखि ४ वर्षका कक्षाहरू चलाएका छन् भने धेरैजसो सामुदायिकले १ वर्षका कक्षा चलाएका छन् । दोस्रो, निजी क्षेत्रबाट सञ्चालित अधिकांश प्रारम्भिक बालविकास तथा शिक्षामा केन्द्रहरू

तुलनात्मक रूपमा घना बस्ती भएका क्षेत्रमा रहेका छन् । त्यसै गरी आधारभूत (१–८) र माध्यमिक तह (९–१२) मा कुल विद्यार्थी सङ्ख्याको क्रमशः २५.७ र २८.२ प्रतिशत निजी क्षेत्रबाट सञ्चालित विद्यालयमा अध्ययन गर्दछन् ।

आधारभूत तहमा  लैङ्गिक समता सूचक ०.९८  पुगेको छ भने माध्यमिक तहमा सूचक समतामा पुगेको देखिन्छ। त्यसै गरी  दलित विद्यार्थीहरूको भर्ना दरमा पनि पर्याप्त सुधार भई प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत तह (कक्षा १–५) र आधारभूत तह (कक्षा १–८) मा कुल भर्नामध्ये क्रमशः १८.५, १९.५ र १८.२ प्रतिशत दलित विद्यार्थी भर्ना भएका छन् ।विभिन्न किसिमका अपाङ्गता भएका सबै बालबालिकालाई समावेशी वातावरण सिर्जना तथा आवश्यकता अनुसारको प्रबन्ध सहिको सहभागिता र सिकाइका लागि समग्र विद्यालय पद्धतिको क्षमता विकास तथा अपाङ्गता मैत्री सिकाइ वातावरण निर्माणमा थप प्रयास आवश्यक छ ।

विद्यार्थीको सिकाइ उपलब्धिका आधारमा गुणस्तरलाई हेर्दा शैक्षिक गुणस्तर परीक्षण केन्द्रद्वारा कक्षा ३,५ र ८ मा गरिएका परीक्षणले समग्रमा कमजोर उपलब्धि देखाएका छन् भने सोही केन्द्रद्वारा गरिएका माध्यमिक विद्यालयका कार्यसम्पादन परीक्षणहरूले अधिकांश विद्यालयको व्यस्थापकीय क्षमता, विद्यालयको भौतिक तथा शैक्षिक वातावरण, शिक्षक तयारी, कक्षाकोठाको शिक्षण सिकाइ तथा विद्यार्थीको समग्र सिकाइ उपलब्धि कमजोर रहेको देखाएका छन् ।

यसरी विद्यालय तथा विद्यार्थी भर्नामा वृद्धि तथा समताका सूचकहरूमा सुधार आए पनि सबै बालबालिकालाई विद्यालयमा ल्याई गुणस्तरीय सिकाइ सहित विद्यालय तह पुरा गराउन थप प्रयास तथा सुधार आवश्यक छ । यसका लागि समग्र विद्यालय पद्धतिलाई बालमैत्री र गुणस्तर उन्मुख बनाउन विद्यालयमा पूर्वाधार सहितको सिकाइ वातावरण निर्माण, शिक्षकको क्षमता तथा उत्प्रेरणामा सुधार र निरन्तर सहयोग पद्धतिको विकास आवश्यक हुन्छ । त्यसै गरी विद्यार्थीलाई सिकाइका लागि उत्प्रेरित गर्न उनीहरूको कुशलता प्रति चासो बढाउन विद्यालयमा आधारित स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा तथा शिक्षालाई विद्यालयमा आवद्ध गरी व्यवस्थित गर्नु पनि उत्तिकै आवश्यक छ

शिक्षाको सबै तहमा सुशासन कायम गर्न र प्रभावकारी र गुणस्तरीय सेवा प्रवाहका लागि नेपालको संविधान अनुसार तीनै तहको सरकारको समन्वय. सहकार्य र सहकारिताको सिद्धान्तमा आधारित उच्च गुणस्तरको शैक्षिक व्यवस्थापनका गर्नसक्ने गरी शासकीय तथा व्यवस्थापकीय प्रबन्धका लागि गर्नु आवश्यक छ । सार्वजनिक शिक्षामा न्यून पहुँचभएका दुर्गम गाउँका बालबालिका तथा युवाहरूका लागि शिक्षा प्रणालीमा समतामूलक पहुँच तथा सहभागिता सुनिश्चित गर्न सेवा प्रदायक प्रणाली तथा शिक्षकका दक्षता सुधार गरी गुणस्तर अभिवृद्धि गर्नु आवश्यक छ । यस प्रयोजनका लागि हालसम्म कार्यान्वयन भएका योजनाहरूको समीक्षाका आधारमा विकास कार्यक्रमहरूको परिमार्जन तथा सेवा प्रदायक एकाइ तथा निकायहरूको क्षमता अभिवृद्धि जरूरी देखिएको छ ।

यसै गरी स्थानीय र प्रदेशतहमा शिक्षा योजना निर्माण, अनुगमन तथा प्रतिवेदन प्रणाली सम्बन्धी क्षमता तथा संयन्त्र विकास गर्ने, शिक्षकको सक्षमता विकास गर्ने, पाठ्यक्रम अनुसार अपेक्षित

गुणस्तर सुनिश्चित गर्ने, सामुदायिक विद्यालयहरूको प्रतिवद्धता र उत्तरदायित्वमा सुधार गर्ने, साधन र स्रोतको पर्याप्त व्यवस्था गर्ने,विद्यालय तहको प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकासलाई श्रम बजारको मागसँग जोडी सान्दर्भिकता सुनिश्चित गर्ने गरी सुधार गर्ने,तथ्याङ्कलाई विश्वसनीय बनाई शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई सुदृढ गर्ने, दिगो लगानीको स्रोत पहिचान गर्ने, जीवन पर्यन्त सिकाइका अवसरमा वृद्धि तथा विस्तार गर्ने, औपचारिक, अनौपचारिक, अनियमित र जीवनपर्यन्त शिक्षाबिच पारगम्यताको संस्थागत व्यवस्था गर्ने, प्रविधिमा आधारित शिक्षण सिकाइ सुनिश्चित गर्ने, सिकाइलाई विज्ञान र प्रविधिसँग जोड्ने जस्ता प्रमुख चुनौतीहरू रहेका छन् ।

## १.३ शिक्षा क्षेत्रको योजना

नेपालको संविधान र संघीय संरचना अनुरूप शिक्षाका योजना तथा कार्यक्रमहरू विकास गर्ने क्रममा तयार गरिएको चालु विद्यालय क्षेत्र विकास योजना (SSDP) को ५वर्षे (वि.सं. २०७३-२०७८)समयावधि आगामी २०७८ साल असार मसान्तमा समाप्त हुँदैछ । यस योजनालेराष्ट्रको सामाजिक तथा आर्थिक रूपान्तरणका लागि आवश्यक स्वावलम्बी, प्रतिस्पर्धी, प्रवर्तनात्मक र मूल्य उन्मुख नागरिकको विकासमा योगदान पुऱ्याउने दूरदृष्टि राखेको थियो । मुलुकको भावी संघीय स्वरूपलाई दृष्टिगत गर्दै समाजका विविधतापूर्ण परिवेश तथा आवश्यकतालाई आत्मसात् गरी सबै नागरिकलाई उत्पादनशील जीवन यापन गर्न चाहिने कार्यमूलक साक्षरता, गणितीय सिप, ज्ञान तथा आधारभूत जीवनोपयोगी सिपको विकासका अवसर प्राप्त गर्न सहजीकरण गर्दै जनशक्तिको क्षमता विकासका प्रयासमार्फत् मुलुकको सामाजिक तथा आर्थिक विकासमा योगदान दिई विद्यमान असमानता घटाउने उद्देश्यका साथ कार्यक्रमहरू कार्यान्वयन भरहेका छन् ।विद्यालय क्षेत्रविकास योजनामा लक्षित नतिजा मार्फत् विद्यालय शिक्षामा समता, गुणस्तर, सक्षमता, सुशासन तथा व्यवस्थापन र उत्थानशीलताका आधारमा योजनाका समग्र कार्यक्रमहरू निर्देशित थिए । यस योजनाको कार्यान्वयन हुदाँहुदै नेपालको शासकीय स्वरूप केन्द्रीय शासन प्रणालीबाट संघीय प्रणालीअनुरुप तीनतहको सरकार मार्फत् सञ्चालन हुने संक्रमणकालीन अवस्था सुरूभयो । आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापन सम्बन्धी मुख्य दायित्व स्थानीय सरकारको हुने भए पछि यसको कार्यान्वयन संरचना, स्वरूप तथा प्रतिवेदन प्रणालीमा परिवर्तन सहित थप सबल बनाउनु पर्ने आवश्यकता रहेको छ ।

कार्यक्रमको पहिलो चरणको कार्यान्वयनमा हुँदा सम्ममा आधारभूत तहमा विद्यार्थीहरूको पहुँच र भर्ना दरमा उल्लेख्य वृद्धिभएको थियो । कक्षा ८ मा विद्यार्थी टिक्ने र उत्तीर्णहुने दर पनि बढ्यो । औपचारिक तथा अनौपचारिक शिक्षाको विस्तारबाट विद्यालय बाहिर रहेका बालबालिकाहरूको शिक्षामा उल्लेख्य सङ्ख्यामा सहभागिता बढ्यो ।कक्षा १० र कक्षा १२ मा विद्यार्थी टिकाउ दरमा निरन्तर प्रगति देखिए तापनि अपेक्षित लक्ष्य भने प्राप्त हुन सकेन ।

विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयनको सन्दर्भमा गुणस्तर सुधारका लागि विपद् व्यवस्थापन गुरू योजना,वृहत् समावेशी गुरू योजना, सिकाइका लागि न्यूनतम अवस्था सिर्जना लगायतका मापदण्ड विकास तथा नीतिगत सुधारहरू भए । यसका साथै विभिन्न क्षेत्रमा विज्ञहरूको परिचालन

समेत गरी पाठ्यक्रम प्रारूप परिमार्जन, शिक्षक पेसागत विकास सामग्री र तालिम सामग्री विकास जस्ता कार्यहरू सम्पन्न भए । तर विद्यार्थीहरूको सिकाइ उपलब्धि अपेक्षित रूपमा बढ्न सकेन ।

विद्यालय क्षेत्र विकास कार्यक्रमको उद्देश्य, क्रियाकलापहरू र कार्यान्वयनको सन्दर्भमा गुणस्तरीय शिक्षाकालागि गर्नु पर्ने शैक्षिक सुधारका कार्यक्रमहरूको सम्बन्धमा स्थानीय सरकार, शिक्षक तथा अभिभावकहरूको क्षमता विकासको आवश्यकता देखियो । लक्षित प्रमुख नतिजा सूचककाढाँचा अनुसार गर्नु पर्ने सुधारका लागि विभिन्न तहमा आवश्यक प्रणालीहरू पर्याप्त मात्रामा व्यवस्थित गर्नु पर्ने देखिएको छ । संघीय व्यवस्थाको कार्यान्वयनको संक्रमणकालीन अवस्थाले विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यन्वयनमा समेत कुनै न कुनै रूपमा प्रभाव पाऱ्यो । कार्यान्वयन सम्बन्धी प्रतिवेदनको प्रभावकारी प्रणालीको खाँचो महसस भयो । तीन तहको सरकारबिचको आपसी जिम्मेवारीको थप स्पष्टता सहितस्रोत केन्द्रहरूको विघटनपछि वैकल्पिक शिक्षक सहायता प्रणालीको आावश्यकता देखिएको छ ।

### १.३.१ दिगो विकास लक्ष्यहरू

विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयन सँगै १५वर्षे सहश्राब्दि विकास लक्षहरूको कार्यान्वयन पश्चात् प्राप्त उपलब्धिका आधारमा सन् २०३० सम्मको दिगो विकासका लक्ष्य प्राप्त गर्ने विषयमा नेपालले पनि प्रतिबद्धता जनाएको छ । फलस्वरूप नेपाल सरकारले दिगो विकास लक्ष ४: नेपाल राष्ट्रिय कार्यढाँचा निर्माण गरी कार्यान्वयनमा ल्याएकोछ । नेपाल सरकारले सन् २०१५ मेको इन्चोन र सेप्टेम्बरको संयुक्त राष्ट्र सङ्घको साधारण सभाको बैठकबाट पारितदिगो विकास लक्ष्यहरूमध्ये लक्ष्य ४ “सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरूमा प्रोत्साहित गर्ने" पुरा गर्न नेपालले राष्ट्रिय कार्यढाँचा स्वीकृत गरी कार्यान्वयनमा ल्याएकोछ ।

नेपालको राष्ट्रिय कार्यढाँचाले नेपाल सरकारको दीर्घकालीन दूरदृष्टिलाई अनुसरण तथा शिक्षालाई मौलिक मानव अधिकारका रूपमा ग्रहण गरी राज्यको उत्तरदायित्व भित्र समेटेको छ । त्यस्तै नेपाल सरकारले वि.सं. २१०० सम्ममा नेपाललाई समुन्नत राष्ट्रको स्तरमा पुऱ्याउने दीर्घकालीन राष्ट्रिय लक्ष्यलाई समेत आत्मसात गरी दिगो विकास, समावेशिता तथा गुणस्तरीयताको मर्मअनुरूप आवश्यक पर्ने सिकाइको स्तर हासिल गर्ने कार्यमा कोही पनि नागरिक पछाडि पर्न हुँदैन भन्ने मान्यतामा कार्यढाँचाका उद्देश्य तथा लक्ष्यहरू किटान भएका छन्।

प्रस्तुत कार्यढाँचाले राष्ट्रिय योजना आयोगले तयार गरेको १५ वर्षे दिगो विकास लक्ष, स्थिति र मार्गदर्शनका आधारमा नेपाल सरकारको नीति, योजना तथा कार्यक्रमहरूमा लिङ्ग, सामाजिक र भाषिक विविधता, अपाङ्गता, गरिबी आदिसमेतलाई दृष्टिगत गरी समावेशिता रसमताका सिद्धान्त तथा मूल्यको एकीकरण गर्ने गरी सन् २०१५ लाई आधाररेखा मानी सन् २०१९, सन् २०२२, सन् २०२५ र सन् २०३० मा प्राप्त हुने उपलब्धिहरूको परिमाणात्मक गन्तव्य तथा लक्ष्यहरू किटान गरेकोछ । दिगो विकासको लक्ष्य ४ का लागि नेपालको राष्ट्रिय कार्यढाँचाले सबै स्थानीय तथा

प्रदेश सरकारहरूले निर्धारित सूचकका आधारमा आ-आफ्ना कार्यक्रमको प्रगतिको समीक्षा गरी पृष्ठपोषण सहित पठाइएको विवरणलाई संघीय सरकारले राष्ट्रिय प्रतिवेदनमा समावेश गर्ने व्यवस्था गरेकोछ ।राष्ट्रिय योजना आयोगले निर्धारण गरेका अनुगमनका सूचकहरूसँग आबद्ध हुने गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले राष्ट्रिय प्रतिवेदन तयार गर्ने व्यवस्था सहित सो प्रतिवेदन तथा मन्त्रालय स्तरीय विकास समस्या समाधान समिति तथा राष्ट्रिय विकास समस्या समाधान समिति जस्ता अनुगमनका उच्चस्तरीय संयन्त्रको बैठकमा प्रगति समीक्षा हुनेव्यवस्था गरेकोछ ।

दिगो विकास लक्ष्य ४ ले दिगो विकास लक्ष्यहरूको प्रगतिको समीक्षा गर्ने सिलसिलामा सबै मुलकहरूले स्वयम्सेवी रूपमा राष्ट्रिय र स्थानीय तहका योजनाहरूको आवधिक समीक्षा गर्न सकिने प्रावधान राखेकोछ । यस सन्दर्भमा नेपालले दिगो विकास लक्ष्य कार्यान्वयन अवधिभित्र कम्तीमा ३ पटक स्वयम्सेवी राष्ट्रिय समीक्षा गर्ने योजना बनाएको छ । यो समीक्षा राष्ट्रिय योजना आयोगको संयोजनमा गरिने व्यवस्था अनुसार आयोगले सन् २०२० को जुन महिनामा पहिलो स्वयम्सेवी राष्ट्रिय समीक्षा गरेको थियो । यस समीक्षाले द्रुत गतिमा भइरहेको पूर्वाधार विकासले शिक्षामा पहुँच बढाउन महत्त्वपूर्ण भूमिका खेलेको उल्लेख गरेकोछ । समीक्षामा शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई प्रदेश र स्थानीय तहसँग समन्वय हुने गरी थप सवलीकरण गरी खण्डीकृत तथ्याङ्क तथा सूचनाहरू प्रविष्टि गर्नु पर्ने सुझाव प्रस्तुत भएकोछ । सो समीक्षामा अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा ऐन, २०७५ को कार्यान्वयनले गरिब, सीमान्तकृत र आर्थिक रूपमा पछाडि परेका समदायका बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँच अपेक्षाकृत रूपमा बढेको विश्लेषण गरिएको छ । सो समीक्षामा प्रस्तुत भएअनुसार प्राथमिक शिक्षाको खुद भर्ना दर तथा तह पुरा गर्ने दर र समग्र विद्यालय शिक्षामा लैङ्गिक सूचकमा सुधार आएको जस्ता सकारात्मक प्रगति देखिए तापनि सिकाइ उपलब्धिमा अपेक्षाकृत रूपमा सुधार हुन नसकेको पक्षलाई इङ्गित गरेकोछ । उक्त समीक्षाले साक्षरताको राष्ट्रिय अभियान अन्तर्गत झण्डै एक तिहाइ जिल्लालाई साक्षर बनाउन तथा दिवा खाजा र छात्रवृत्तिको थप कार्यक्रमका लागि आवश्यक हुने स्रोतको आकलन समेत गरेको छ ।

## १.४ पालिकाको शिक्षा क्षेत्रका मुख्य चुनौतीहरू

विद्यालय शिक्षा क्षेत्रका समस्या तथा चुनौतीहरु मनराशिसवा नगरपालिकाको समग्र शैक्षिक सन्दर्भ र विद्यालय शिक्षाका उपलब्धिका आधारमा विद्यालय शिक्षाको क्षेत्रमा देखिएका मुख्य समस्या तथा चुनौतीहरु निम्नानुसार छन् :

- केही प्रारम्भिक बालविकास केन्द्र/ कक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्ड अनुसार सञ्चालन गर्नु।
- नक्शांकनका आधारमा सुलभ दुरीमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गर्नु ।
- बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्रीको सिकाइ वातावरण निर्माण गर्नु।
- सबै विधालयमा इन्टरनेट, सूचना र प्रविधिको पहुँच पुर्‌याउँनु ।

- आवश्यक भौतिक पूर्वाधार र शैक्षिक वातावरणको निर्माण गर्नु।
- आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई पूर्णरुपमा निःशुल्क गरी गुणस्तरयुक्त सिकाइलाई सुनिश्चित गर्नु।
- व्यवहार कुशलसीपलाई विद्यालय शिक्षाको प्रारम्भिक बालविकास शिक्षा देखि माध्यमिक तहसम्म एकीकृत गर्ने र सिकाइलाई दैनिक जीवनसँग अनुकूलन गर्न पाठ्यक्रममा परिमार्जन गरी विद्यालय शिक्षाको औचित्यता वृद्धि गर्नु।
- व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपर्युक्त संरचना र कार्यक्रम विकास तथा कार्यान्वयन गर्नु ।
- सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार तथा सिकाइमा प्रभावकारी ढंगले प्रयोग गर्नु।

## १.५ पालिकाको शिक्षा क्षेत्रको विकासका लागि मुख्य अवसरहरू

माथि उल्लेख गरिएका चुनौतीहरु समाधान गरि विद्यालय शिक्षाको प्रभावकारी विकासका लागि निम्न अवसरहरु रहेकाछन् :

- विद्यालय शिक्षाको पहुँच, समता विकास र गुणस्तर वृद्धिका लागि वितरण भएका कार्यक्रमहरुले विकास गरेका संरचना तथा क्षमता पूर्वधारका रुपमा रहन सक्ने ।
- शिक्षामा सरकारको लागि राजनीतिक रुपमा सहभागी देखिएको।
- दीगो विकासको लक्ष्य प्राप्तिका लागि द्विपक्षीय र बहुपक्षीय सहकार्य तथा प्रतिवद्धता रहेको।
- सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारको लागि सकरात्मक जनमत रहेको।
- शैक्षिक अभियान्ताहरुको अग्रसरता रहेको।

## १.६ योजना निर्माण प्रक्रिया

शिक्षा क्षेत्रको यो योजना निर्माणको नेतृत्व नेपाल सरकारको शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट भई मन्त्री स्तरबाट योजना निर्माणका लागि आवश्यक संरचना निर्माणको निर्णयका साथै आवश्यक नीतिगत मार्गदर्शन प्राप्त भएको थियो । योजना निर्माण प्रक्रियालाई मार्गदर्शन गर्न गठित निर्देशक समितिको अध्यक्षता मन्त्रालयका सचिवबाट गरिएको थियो । योजनाको तयारी तथा विकास कार्यको समग्र संयोजन मन्त्रालयको योजना महाशाखाबाट भएको थियो भने यसमा आवश्यक समन्वयसहित समग्र व्यवस्थापन गर्ने गरी योजना निर्माणका लागि सचिवालयको काम मन्त्रालयको योजना महाशाखा अन्तर्गत रहेको वैदेशिक सहायता समन्वय शाखा (DACS) गरेको थियो ।

यो योजना तयारीका क्रममा राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय लगायत विषयगत मन्त्रायलहरूसँग सम्बन्धित विषयमा अन्तर्क्रिया गरी पृष्ठपोषण प्राप्त गरिएको थियो । विभिन्न स्थानीय तह, प्रदेश सरकारका निकायहरू, केही विद्यालयहरूसँग अन्तरक्रिया गरी सुझाबहरू लिइएको थियो । यस क्रममा सात ओटै प्रदेश र केही स्थानीय तहले शिक्षाका लागि रणनीतिक

योजना निर्माणको अभ्यास गरेका थिए । ती अभ्यासमा मन्त्रलय तथा विभागीय निकाय सहभागी भई त्यसका सिकाइलाई यो योजना विकासका प्रक्रियामा समावेश गरिएको थियो। यो योजना तयारीका विभिन्न चरणमा विकास साझेदारहरूको सहयोग तथा सहभागिता निरन्तर रहेको थियो ।

### १.६.१ योजना निर्माणमा बिभिन्न श्रोत/सामग्रीको अध्ययन तथा समीक्षाहरू

योजनाको तयारीका लागि निम्न अनुसारका अध्ययन तथा समीक्षाहरू भएका थिए:

क) विभिन्न विषयमा सन् २०२० मा गरिएका नौ ओटा अध्ययनहरूले शिक्षा क्षेत्रको विश्लेषणका लागि आधार तयार गरेका थिए । यी अध्ययनहरू शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको समन्वयमा विभिन्न विकास साझेदारहरूको सहयोगमा गरिएका थिए । ती अध्ययनहरू निम्न अनुसार रहेका छन्:

- The institutional and context study
- The gender equality and social inclusion (GESI) study
- The education external efficiency analysis
- The social impact of educationstudy
- The positive deviance study
- The disability-inclusive education study
- The vulnerability and risk study
- The economic and public finance analysis study
- The Systems Approach for Better Education Results (SABER) study on School Feeding

उल्लिखित नौ ओटा अध्ययनका आधारमा स्थानीय शिक्षा समूहका तर्फबाट शिक्षा क्षेत्रको अवस्थाको विश्लेषण प्रतिवेदन तयार गरेको थियो । यसले शिक्षा क्षेत्रको योजना निर्माणका लागि एउटा महत्त्वपूर्ण सन्दर्भका रूपमा काम गरेको गरेको छ ।

ख) यस योजना तयारीका क्रममा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले ७ देखि १० जनासम्मको बाह्रओटा विषयतगत समूह गठन गरी ती समूहले अलग अलग प्रतिवेदन तयार गरेका थिए । बाह्रओटा विषयतगत समूहले निम्न लिखित विषयमा अध्ययन प्रतिवेदनहरू (Thematic study papers) तयार गरेका थिए:

- बालविकास र शिक्षा
- आधारभूत शिक्षा
- माध्यमिक शिक्षा
- पाठ्यक्रम तथा मूल्याङ्कन
- शिक्षक व्यस्थापन तथा विकास
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ
- समता र समावेशीकरण
- दिवा खाजा, स्वास्थ्य तथा पोषण, छात्रवृत्ति, विद्यार्थी परामर्श लगायतका विद्यार्थी सहायता सेवाहरू
- आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा
- शिक्षामा सूचना र प्रविधि
- सुशासन तथा व्यवस्थापन
- अनुगमन तथा मूल्याङ्कन

उल्लिखित बाह्र ओटा विषयगत प्रतिवेदनले यस योजनाका लागि महत्त्वपूर्ण आधार तयार गरेको थियो।

### १.६.२ योजनाको तयारी तथा विकासको संरचनात्मक व्यवस्था

योजनाको तयारी तथा विकासको संरचनात्मक व्यवस्था निम्नअनुसारको रहेको थियोः

- **योजना निर्देशक समिति (ESP Steering Committee):** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिवको अध्यक्षतामा रहेको योजना निर्देशक समितिमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सम्बन्धित पदाधिकारीहरू, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, संघीय मामला तथा सामान्य प्रशासन, महालेखा नियन्त्रकको कार्यालय, प्रदेश सरकार तथा स्थानीय तहलगायतको प्रतिनिधित्व रहेको थियो ।

- **योजना प्राविधिक सल्लाहकार समूह (TAT):**शिक्षा नीति तथा योजना सम्बन्धी विज्ञको संयोजकत्वमा गठित योजना प्राविधिक सल्लाहकार समूहमा विभिन्न विज्ञ तथा शिक्षा विद्को सहभागिता रहेको थियो ।
- **योजना प्राविधिक समिति (ESP Technical Committee):** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको योजना महाशाखाका प्रमुखको अध्यक्षतामा रहेको योजना प्राविधिक समितिमा मन्त्रालय अन्तर्गतका विभागीय निकायहरू तथा मन्त्रालय अन्तर्गतका विभिन्न शाखाका प्रमुखहरू रहेका थिए ।
- **परामर्शदाता समूहहरू (Consultative Teams):** विभिन्न विज्ञ तथा परामर्शदाताहरूका समूहहरूले आवश्यकतानुसार विभिन्न विषयमा कार्य गरेका थिए ।परामर्शदाता समूहहरूका कार्यको संयोजन मन्त्रालयको वैदेशिक सहायता समन्वय शाखाबाट भएको थियो ।
- **विषयगत अध्ययन समूहहरू (Thematic Teams):** माथि उल्लेख भएअनुसार मन्त्रालयले सम्बन्धित विषय क्षेत्रका विज्ञको संयोजकत्वमा सम्बन्धित विषयका विज्ञ, मन्त्रालय तथा विभागीय निकायका सम्बन्धत क्षेत्रको अनुभव भएका कर्मचारीहरू, विकास साझेदार तथा स्थानीय तहका शिक्षा अधिकारीहरूसमेत संलग्न भएका १२ ओटा विषयगत अध्ययन समूहहरू गठन गरेको थियो ।
- **प्रारम्भिक मस्यौदा समूहहरू (Initial chapter drafting Teams):** मन्त्रालयले सम्बन्धित विषय क्षेत्रमा काम गर्ने २ वा ३ जना विज्ञ तथा कर्मचारी सम्मिलित टिमलाई योजनाका विभिन्न खण्डहरूको प्रारम्भिक मस्यौदा तयार गर्न लगाइएको थियो ।

### १.६.३ योजनाको पहिलो मस्यौदा विकास (ESP first draft preparation)

उल्लिखित प्रारम्भिक मस्यौदा समूहहरूबाट तयार भएका प्रारम्भिक मस्यौदालाई आवश्यक परिमार्जन गरी निर्धारित ढाँचामा योजनाको खाका तयार गरी पहिलो पूर्ण मस्यौदा तयार गरिएको थियो । यस कार्यका लागि विज्ञसहित मन्त्रालयको टिमले काम गरेको थियो । यस क्रममा उल्लिखत विषयगत अध्ययनहरू, शिक्षा क्षेत्रको विश्लेषण प्रतिवेदन तथा सम्बन्धित अध्ययनहरूलगायत अन्य आवश्यक सन्दर्भहरूलाई समेत अध्ययन गरिएको थियो भने विषय क्षेत्रसँग सम्बन्धित विभिन्न निकायका कर्मचारीहरूसँग आवश्यकतानुसार निरन्तर छलफल गरिएको

थियो । यस क्रममा योजना प्राविधिक समिति, योजना प्राविधिक सल्लाहकार समूह तथा योजना प्राविधिक समितिमा आवश्यक छलफल गरी पृष्ठपोषण प्राप्त गरिएको थियो । यसरी तयार भएको पहिलो मस्यौदामा सम्बन्धित सरोकारवालाहरूबाट प्राप्त हुने सुझाब तथा पृष्ठपोषणलाई समेत ध्यान दिएर यो योजनाको अन्तिम मस्यौदा तयार गरिने छ ।

## १.७ पालिकाको शिक्षा क्षेत्रको योजना निर्माण प्रक्रिया

कुनै पनि कार्य सम्पन्न गर्न गरिने परिकल्पनाको स्वरूपलाई कार्यान्वयन तहसम्म पुर्याउन प्रतिफल दिने प्रक्रियाहरुको सम्मिश्रण नै योजना हो । योजना आफैमा निर्मित हुने होइन र यो एउटा जटिल र चुनौतीपूर्ण कार्य पनि हो । यस कार्यलाई व्यवस्थित रुपमा अगाडि बढाउनको लागि तपसिलका चरण र प्रक्रियाहरूलाई गम्भीरता पूर्वक अवलम्वन र अनुसरण गरिएको छः

- शैक्षिक योजना निर्माण सम्बन्धमा नगर शिक्षा समितिमा पटक पटक बहस र अन्तरक्रिया संचालन गरिएको |
- योजना निर्माण सम्बन्धमा विभिन्न निकायबाट शिक्षा विकास तथा समन्वय ईकाइ, शिक्षा तथा संस्कृति मन्त्रालय ,शिक्षा तथा मानव स्रोत विकास केन्द्र लगायतको विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघसंस्था तालिम संचालन भएको |
- पी.पी.सी जनकपुरधामको आयोजनामा सम्पूर्ण जनप्रतिनिध ,कर्मचारी ,शिक्षा समितिका पदाधिकारी र प्र.अ. ज्यूहरुको लागि १ दिने स्थानीय शैक्षिक योजना निर्माण सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन भएको |
- शिक्षा समितिबाट नगरपालिकाको शिक्षा योजना निमार्णका लागि कार्यदिश सहितको १५ सदस्यीय निर्माण कार्यदलको गठन भएको ।
- शैक्षिक योजना निर्माणको लागि ५ सदस्यीय लेखन समिति गठन गरेको |
- योजनालाई मूर्तरूप दिन आन्तरिक छलफल तथा कार्ययोजना निर्माण गरिएको ।
- योजनाको लागि आवश्यक तथ्याङ्क तथा आवश्यक दस्तावेजहरुको अध्ययन टिपोट, संकलन,व्यवस्थापन तय गरिएको ।
- युनिसेफ नेपालको प्राविधिक तथा आर्थिक सहयोगमा पी.पी.सी. जनकपुरको आयोजननमा योजना लेखन समितको लागि बर्दिबासमा ३ दिने कार्याशाला संचालन गरेको र लेखन समितिबाट औपचारिक रुपमा लेखन कार्य सुरु गरेको |
- पी.पी.सी. जनकपुरधामको आयोजनामा २ दिने कार्याशाल गरि लेखन कार्यलाई व्यवस्थित र निश्चित ढांचा प्रदान गरेको |
- योजनाको ड्राफ्ट तयार गरि सम्पूर्ण सरोकारित निकाय ,व्यक्ति ,कर्मचारी ,नागरिक समाजबाट सुझाब संकलन गर्ने कार्य गरेको|
- सुझावको आधारमा कार्यदलबाट योजनाको ड्राफ्ट तयार गरिएको ।
- ड्राफ्टमा पुनःसुझावको लागि सुझाव संकलन तथा छलफल गरिएको ।
- नगर शिक्षा समितिद्वारा नगर शिक्षा योजनालाई अन्तिम रुप दिई स्वीकृतिका लागि कार्यपालिका बैठकमा पेश
- कार्यपालिकाबाट नगर शिक्षा योजनालाई २०८१ फाल्गुन ८ गते स्वीकृति र कार्यान्यन

यो योजना तय गर्दा मुख्य रुपमा संघीय तथा सरकारका नीति, कार्यक्रम, योजनाको साथै अन्तर्राष्ट्रिय स्तरमा राष्ट्रले प्रतिबद्धता गरेका कुरालाई समेत मुख्य आधार बनाइएको छ। साथै पालिकाले तय गरेको दूरदृष्टि,लक्ष्य,उद्देश्यको आधारमा यो योजना निर्माण गरिएको छ ।

# परिच्छेद दुई : दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्य/गन्तव्य

## २.१ परिचय

नेपालको संविधान, २०७२ ले शिक्षा सम्बन्धी हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ। संविधानले आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको कानूनी व्यवस्था गरेको छ। अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने र प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय वा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हकको व्यवस्था गरेको छ। शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक तथा रोजगारमूलक बनाउँदै शिक्षामा सबै क्षेत्रबाट लगानी अभिवृद्धि गरी अगाडि बढ्नु आजको टड्कारो आवश्यकता छ। नेपालको संविधानको मौलिक हक अन्तरगत शिक्षाको हक, बालबालिकाको हक लगायत राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, राज्य संरचना र राज्य शक्तिको बाँडफाँड सम्बन्धी धारा ५७ को उपधारा ४ बमोजिम स्थानीय तहको अधिकार अनुसूची र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (ज) मा उल्लिखित प्राप्त अधिकारलाई समेत आधार मानी स्थानीय तहको शिक्षालाई योजनाबद्ध ढंगले अगाडि बढाइ स्थानीय आवश्यकतालाई पूरा गर्न सक्ने जनशक्ति उत्पादन, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय जनशक्ति उत्पादनका लागि Scaffolding को भूमिका निर्वाह गर्न सकोस् भन्ने आशयले सबैको राय सुझाव लिई यो १० वर्षे शिक्षा क्षेत्रको योजना (सन् २०२५-२०३४) तयार गरिएको छ।

वि.स.२०१० को "नेपालमा शिक्षा" नामक योजना कार्यान्वयन भए पछि शिक्षामा आम नागरिक र राष्ट्रिय माग तथा विश्व परिवेशबाट सिर्जित ज्ञानको विकासमा नेपालको शिक्षा नीति, योजना, कार्यक्रम तथा परियोजनाहरु कार्यान्वयन हुँदै आएका छन्। प्राथमिक शिक्षा परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम, शिक्षक शिक्षा परियोजना, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम परियोजना, सहश्राब्दी विकास लक्ष्य, उच्च शिक्षा परियोजना, विद्यालय क्षेत्र सुधार योजना तथा विद्यालय क्षेत्र विकास योजना जस्ता योजना तथा कार्यक्रमहरु कार्यान्वयनमा आए। विश्वको बदलिदो परिवेशअनुसार नेपालले राष्ट्रिय स्तरमा बनाएका योजनाहरु र गरेका प्रतिवद्धताहरुलाई पूरा गर्नको लागि शिक्षा विकास गुरुयोजनाले महत्वपूर्ण मार्ग निर्देश गर्ने भएकोले यो योजनाको गरिएको छ। यो योजना तयार गर्ने क्रममा यस नगरपालिकाको नगरशिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभवक संघका पदाधिकारीहरु, शिक्षक कर्मचारी, विभिन्न संघसंस्थाका प्रतिनिधिहरु, बाल क्लव लगायत सबैसँग औपचारिक तथा अनौपचारिक छलफल र अन्तरक्रिया गरि महत्वपूर्ण राय सुझाव लिइयोजना तर्जुमा गरिएको छ। स्थानीय तहमा उपलब्ध स्रोत साधनको अधिकतम प्रयोग गरी स्थानीय तहबाट नै विकेन्द्रीकरणको मर्म अनुरुप **Bottom up Planning Approach**का आधारमा विद्यालय सुधार योजना लगायत अन्य प्रक्रियाका माध्यमबाट शिक्षा विकासको गुरु योजना निर्माण गर्न वाञ्छनीय भएकोले यो योजना तयार पारिएको हो।

शैक्षिक विकेन्द्रीकरणलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न आगामी दिनमा शिक्षामा समेटिनु पर्ने विषयवस्तुलाई फरक ढंगले सम्बोधन गरी संविधानको मर्म अनुसार समन्वय, सहअस्तित्व, सहकार्य र सहकारिताको सिद्धान्तमा अगाडि बढे मात्रै स्थानीय स्रोत र साधनको उच्चतम् प्रयोग हुने साथै समस्या पहिचान र प्राथमिकीकरणमा गुणात्मकता आउने ठहरसहित १० वर्षे शिक्षा क्षेत्रको योजना (सन् २०२५-२०३४) निर्माण गर्नु सान्दर्भिक देखिन्छ।

यस विद्यालय क्षेत्र योजनाको माध्यमबाट अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा र सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा तथा जीवन पर्यन्त सिकाइमा नेपालले वि.सं. २०९० (सन् २०३४) सम्ममा प्राप्त गर्ने उपलब्धिहरुलाई समेट्ने गरि यस परिच्छेदमा योजनाको दूरदृष्टि, ध्येय, उद्देश्यहरु, रणनीतिहरु तथा प्रमुख उपलब्धि सूचक प्रस्तुत गरिएको छ।

## २.२ दीर्घकालीन सोच(**Vision**)

"सर्वसुलभ, समावेशी, गुणस्तरीय र व्यवहारिक शिक्षामार्फत मनराशिसवा नगरपालिकालाई ज्ञान, सीप र नागरिक चेतनाले सम्पन्न, समृद्ध र आत्मनिर्भर समाजमा रूपान्तरण गर्नु।"

## २.३ ध्येय (**Mission**)

"नेपाली मूल्य र मान्यतामा आधारित समावेशी, प्रविधिमैत्री, रोजगारमुखी तथा व्यवहारिक शिक्षाको प्रवर्द्धन गर्दै प्रत्येक बालबालिकाका लागि गुणस्तरीय विद्यालय शिक्षामा पहुँच, सहभागिता र निरन्तरता सुनिश्चित गर्नु, साथै व्यवसायिक तथा प्राविधिक शिक्षाको माध्यमबाट आत्मनिर्भर, नवप्रवर्तनशील र सक्षम नागरिक उत्पादन गर्नु।"

## २.४ उद्देश्यहरू (**Objectives**)

१. सबै बालबालिकाहरुका लागि गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर उपलब्ध गराउनु ।
२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तर वृद्धि गर्नु।
३. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरि सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु।
४. सबै नागरिकका लागि जीवनपर्यन्त र निरन्तर सिकाइमा अवसर उपलब्ध गराउनु ।
५. विद्यालयहरुमा सुशासन प्रवर्धन गरि सिकाइ उपलब्धि अभिवृद्धि गर्नु।
६. विद्यालयलाई भय, विभेद र दुव्र्यवहार मुक्त तथा विविधता अनुकूल बनाइ बालबालिकालाई बालमैत्री वातावरण प्रदान गर्नु।
७. आपतकालीन, संकटपूर्ण र महामारीजस्ता जोखिमपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्नु।
८. विद्यालय तहको शिक्षामा समता र समावेशीताका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु।
९. सिर्जनशील, दक्ष, नैतिकवान, जीवनोपयोगी सीपयुक्त र सकारात्मक सोच भएको सचेत नागरिक तयार गर्नु।

## २.५ रणनीतिहरू ( **Strategies**)

१. सबै बालबालिकालाई विद्यालय शिक्षामा पहुच सुनिश्चित गर्नका लागि विद्यालयको नक्साङ्कन गरी आवश्यकताको आधारमा शैक्षिक सेवाको पहुच विस्तार गर्ने।

२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गरि गुणस्तर वृद्धि गर्न सुशासन, प्रभावकारी नीतिगत व्यवस्था, बालमैत्री वातावरण, विद्यालयको भौतिक पूर्वाधारको विकास, अभिभावक सचेतना, शिक्षकको पेशागत दक्षताको विकास जस्ता पक्षहरुमा जोड दिने।

३. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरि सान्दर्भिकता र गुणस्तरमा सुधार गर्न शैक्षिक सुशासन, नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयन, बालमैत्री वातावरण, विद्यालयको भौतिक पूर्वाधारको विकास, अभिभावक सचेतना, शिक्षकको पेशागत दक्षताको विकास, अनुगमन, सुपरीवेक्षण, निर्देशन तथा मूल्याङ्कन जस्ता पक्षहरुमा जोड दिने।

४. सबै बालबालिका तथा नागरिकका लागि जीवनपर्यन्त र निरन्तर सिकाइमा अवसर उपलब्ध गराउनको लागि सामुदायिक सिकाइ केन्द्रको पूर्नवितरण र कार्यशैलीमा सुदृढीकरण गर्ने।

५. विद्यालयहरुमा सुशासन तथा सामाजिक परीक्षणको असल अभ्यासको प्रवर्धन गरि सिकाइ उपलब्धि अभिवृद्धि गर्न विद्यालयहरुमा उत्तरदायित्व बोध भएका जनशक्तिको व्यवस्थापन गर्ने, सुशासन प्रवर्धन मापक सूचकहरु निर्धारण गरि सुशासन प्रवर्धनको मापन गर्ने साथै निरीक्षण, अनुगमन, सुपरीवेक्षण र निर्देशन जस्ता गतिविधिलाई प्रभावकारी बनाउन जोड दिने ।

६. स्वतन्त्र र भयरहित सिकाइ पद्धतिका सक्षम जनशक्ति निर्माणमा जोड दिने।

७. विद्यालयमा आपतकालीन, संकटपूर्ण र महामारी जस्ता जोखिमपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्न वैकल्पिक विधि, माध्यम, पद्धतिको विकास गरि कार्यान्वयनमा ल्याउने।

८. विद्यालय तहको शिक्षामा समता र समावेशीताका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न निश्चित नीति नियम निर्माण गरी प्रभावकारी कार्यान्वयनका लागि जोड दिने।

९. सिर्जनशील, दक्ष, नैतिकवान, जीवनोपयोगी सीपयुक्त र सकारात्मक सोच भएको सचेत नागरिक तयार गर्न स्वतन्त्र सिकाइ, अतिरिक्त क्रियाकलाप, प्रयोगात्मक सिकाइ वातावरण तथा बालमैत्री शिक्षण पद्धतिको प्रयोगमा महत्व दिने।

## २.६ अपेक्षित मुख्य उपलब्धि

शिक्षा क्षेत्रको योजनाको अन्त्य (सन २०३४) सम्ममा निम्नानुसारको मुख्य उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छ।

- सबै बालबालिकाहरूले गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको पहुँच र अवसर पाएका हुने।
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा प्रविधिको पहुँचसहभागिता र गुणस्तरमा अभिवृद्धि , भएको हुने।
- माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार आएको हुने।
- सुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको उच्च शिक्षामा अध्ययन गर्ने अवसर पाएको हुने।

- आधारभूत तहमा कार्यान्वयनमा रहेको स्थानीय पाठ्यक्रमको सान्दर्भिकता तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक व्यवहारकुशल तथा जीवनोपयोगी सीपहरू, स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञान, सकारात्मक सोच, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार गर्ने महत्वपूर्ण साधन भएको हुने ।
- प्रविधिमैत्री, क्षमतावान् र सक्षम शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार भएको हुने ।
- सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त भएको हुने ।
- विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षाको अवसर सुनिश्चितता भएको हुने ।
- विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य र पोषणको अवस्थामा सुधार आएको साथै स्वच्छ खानेपानी तथा सरसफाइप्रति सचेत भएको हुने ।
- आर्थिक अभावका कारणले कुनै पनि बालबालिका शिक्षाको अवसरबाट वञ्चित भएको अवस्था नहुने ।
- हरेक परिस्थितिमा बालबालिकाले भौतिक तथा मनोवैज्ञानिक सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित भएको हुने ।
- समुदाय तथा विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमैत्री वातावरण निर्माण भइविद्यालय शिक्षाको व्यवस्थापनमा सुशासन प्रवर्धन भएको हुने।
- शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भइ बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास भएको हुने।
- प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका समस्या तथा चुनौतीहरु  सम्बोधन गरी आवश्यकतामा आधारित योजना निर्माण भएको हुने।

## २.७ अपेक्षित मुख्य कार्य सम्पादन सूचक (परिमाणात्मक नतिजा)

यस योजनाका अपेक्षित मुख्य कार्य सम्पादन सूचक (परिमाणात्मक नतिजा) निम्न बमोजिम हुने छः

| क्र.सं. | सूचक | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्याँकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| **१.** | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | स्थानीय | ६०.१ | ६५.५ | ७०.९ | ८०.३ | टूल्किट | IEMIS |
| | | राष्ट्रिय | ८६.२ | ८९.५ | ९४.० | ९९.० | | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | स्थानीय | ५०.६ | ६०.१ | ७१.५ | ८४.९ | | |
| | | राष्ट्रिय | ६८.६ | ७३.० | ८५.० | ९५.० | | |
| २. | आधारभूत शिक्षा (कक्षा १ - ८) | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | स्थानीय | ६१.४ | ६९.७ | ७९.२ | ९०.० | | |
| | | राष्ट्रिय | ९६.९ | ९७.५ | ९९.० | १०० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | | स्थानीय | ९७.९ | १०२.० | १०७.० | १०५.० | | |
| | | | राष्ट्रिय | १२१.९ | ११५.० | १०७.० | १०५.० | | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | | स्थानीय | ८९.३ | ९१.४ | ९४.२ | ९६.८ | | |
| | | | राष्ट्रिय | ९७.1 | ९९.० | ९९.५ | १०० | | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | | स्थानीय | ९९.८ | १०३.८ | १०६.४ | १०९.८ | | |
| | | | राष्ट्रिय | ११९.२ | ११५.० | | | | |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर* (%) | | स्थानीय | १६.४ | १८.८ | २४.९ | ३२.९ | | |
| | | | राष्ट्रिय | ९८.३ | | | | | |
| २.६ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर* (%) | | स्थानीय | १२२ | ११८ | ११० | १०५ | | |
| | | | राष्ट्रिय | ११३ | ११० | १०७ | १०५.० | | |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | | स्थानीय | ६८.१ | ७५.८ | ८४.३ | ९३.७ | | |
| | | | राष्ट्रिय | ९३.० | | | | | |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | | स्थानीय | ६८.१ | ७५.८ | ८४.३ | ९३.७ | | |
| | | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ | | |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | | स्थानीय | १०.५ | ८.२ | ५.१ | ३.२ | | |
| | | | राष्ट्रिय | २२.२ | २०.० | १५.० | १०.० | | |
| २.१० | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | | स्थानीय | १.२० | १.१८ | १.१७ | १.१५ | | |
| | | | राष्ट्रिय | १.०६ | | | १.०१ | | |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | | स्थानीय | ६३.३ | ७४.०४ | ८५.०६ | ९६.०४ | | |
| | | | राष्ट्रिय | ९३.४ | ९९.० | | १०० | | |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | | स्थानीय | १२०.८ | ११५.४ | १०९ | १०५ | | |
| | | | राष्ट्रिय | ११०.४ | | | | | |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | | स्थानीय | ६२.७ | ७२.२ | ८३.१ | ९५.७ | | |
| | | | राष्ट्रिय | ७९.३ | | | ९५.० | | |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | | स्थानीय | ५६.४ | ६५.२ | ७५.३ | ८६.९ | | |
| | | | राष्ट्रिय | ७२.७ | | | ९५.० | | |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | | स्थानीय | १.१६ | १.१२ | १.०८ | १.०३ | | |
| | | | राष्ट्रिय | १.०१ | १.०१ | | | | |
| २.१६ | कक्षा ३ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ३ को आधारभूत वा तह २ हासिल भएका)बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | | | | | | |
| | | | राष्ट्रिय | कार्तिक-मङ्सिरमा नयाँ नतिजा आउने भएकाले सोही बमोजिम पछि राखिने | | | | | |
| | | गणित | स्थानीय | कार्तिक-मङ्सिरमा नयाँ नतिजा आउने भएकाले सोही बमोजिम पछि राखिने | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१७ | कक्षा ५ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ५ को आधारभूत तह हासिल | नेपाली भाषा | स्थानीय | | | | | | |
| | | | राष्ट्रिय | ४५.० | ५२.० | ६०.० | ७०.० | | |
| | | गणित | स्थानीय | | | | | | |
| | | | राष्ट्रिय | २८.३ | ४०.० | ६०.० | ७०.० | | |
| | | अङ्ग्रेजी | स्थानीय | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | भएका)बालबालिकाको सङ्ख्या (%) | | राष्ट्रिय | | | | | | | |
| २.१८ | कक्षा ८ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ८ को तह ३ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | | | | | | | |
| | | | राष्ट्रिय | | ६८.५ | ७० | ७२ | ७५ | | |
| | | गणित | स्थानीय | | | | | | | |
| | | | राष्ट्रिय | | ५३.५ | ६०.० | ६५.० | ७०.० | | |
| | | विज्ञान | स्थानीय | | | | | | | |
| | | | राष्ट्रिय | | ४३.८ | ५०.० | ६०.० | ७०.० | | |
| २.१९ | विद्यालय वाहिर रहेका बालबालिका* (%) | आधारभूत (कक्षा १-५) | स्थानीय | | | | | | | |
| | | | राष्ट्रिय | | २.९ | १.० | ०.५ | ० | | |
| | | आधारभूत (कक्षा १-८) | स्थानीय | | | | | | | |
| | | | राष्ट्रिय | | ६.६ | | १.० | ० | | |
| २.२० | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | | स्थानीय | | २९.७ | ३५.० | | ५०.० | | |
| | | | राष्ट्रिय | | ४3.७ | ४५.० | ५०.० | ५०.० | | |
| ३. | माध्यमिक शिक्षा (कक्षा ९-१२) | | | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | | स्थानीय | | १०.० | १४.३ | १९.० | २६.१ | | |
| | | | राष्ट्रिय | | ४७.६ | | ६५.० | | | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | | स्थानीय | | १.२३ | | | | | |
| | | | राष्ट्रिय | | ७१.४ | | | ९९.० | | |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | | स्थानीय | | २१.९ | ४२.५ | ३०.३ | ३५.४ | | |
| | | | राष्ट्रिय | | १.०२ | १.०० | १.०० | १.०० | | |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | | स्थानीय | | ३४.५ | | | | | |
| | | | राष्ट्रिय | | ९७.५ | | | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | | स्थानीय | | ५३.५ | | | | | |
| | | | राष्ट्रिय | | ६०.३ | | | | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | | स्थानीय | | २२.५ | | | | | |
| | | | राष्ट्रिय | | २४.० | | | | | |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | | स्थानीय | | १२.२ | | | | | |
| | | | राष्ट्रिय | | २०.६ | २२.० | २७.० | ३३.० | | |
| ३.८ | माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थी मध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी सङ्ख्या*(%) | | स्थानीय | विज्ञान | | | | | | |
| | | | | प्रा.व्या. | | | | | | |
| | | | प्रदेश | विज्ञान | | | | | | |
| | | | | प्रा.व्या. | | | | | | |
| | | | राष्ट्रिय | विज्ञान | | | १५.० | | | |
| | | | | प्रा.व्या. | १०.० | १७.० | ३०.० | | | |
| ३.९ | कक्षा १० का विद्यार्थी सिकाइ उपलब्धि* (अङ्कमा) | | नेपाली भाषा | स्थानीय | ६३.० | | | | | |
| | | | | राष्ट्रिय | | | | | | |
| | | | गणित | स्थानीय | ५४.० | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | राष्ट्रिय | | | | | | |
| | | विज्ञान | स्थानीय | ३७.० | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | अङ्ग्रेजी | स्थानीय | ४९.० | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| ४. | जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा | | | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | स्थानीय | | ५०.५ | ६३.६ | ८८.६ | ९६ | | |
| | | राष्ट्रिय | | ५८.० | | ९५.० | | | |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | स्थानीय | | ५८.९ | ६८.७ | ७८.६ | ९७.० | | |
| | | राष्ट्रिय | | ८२.० | ८९.० | ९५.० | १०० | | |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | स्थानीय | | ७९.१ | ८८.७ | ९९.० | | | |
| | | राष्ट्रिय | | ९२.० | | ९९.० | | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | स्थानीय | | ०६७ | ०.७१ | ०.७९ | ०.८० | | |
| | | राष्ट्रिय | | ०.६५ | | | ०.८० | | |
| ५. | प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तालिम | | | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक सीप विकास तथा तालिम प्राप्त आर्थिक रूपले सक्रिय जनशक्ति*(%) | स्थानीय | | | | | | | |
| | | राष्ट्रिय | | ३१.० | ४०.० | ५०.० | ७५.० | | |
| ५.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा(कक्षा ९-१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो सरह)उत्तीर्णजनशक्ति* (वार्षिक सङ्ख्या) | स्थानीय | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| | | राष्ट्रिय | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| ६. | सुशासन तथा व्यवस्थापन | | | | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा१-५) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | | ४६:१ | ४०:१ | ३५:१ | ३०:१ | | |
| | | राष्ट्रिय | | २४:१ | | ३०:१ | ३०:१ | | |
| ६.२ | आधारभूत तह (कक्षा६-८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | | ९३:१ | ८०:१ | ६०:१ | ३०:१ | | |
| | | राष्ट्रिय | | ३०:१ | | ३०:१ | ३०:१ | | |
| ६.३ | आधारभूत तह (कक्षा१-८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | | ७९:१ | ६०:१ | ४५:१ | ३०:१ | | |
| | | राष्ट्रिय | | ३३:१ | ३१:१ | ३०:१ | ३०:१ | | |
| ६.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | | ४७:१ | ४०:१ | ३५:१ | ३०:१ | | |
| | | राष्ट्रिय | | ४०:१ | | ३०:१ | ३०:१ | | |
| ६.५ | माध्यमिक तह (कक्षा९-१२) मा विद्यार्थी:शिक्षक अनुपात | स्थानीय | | ६८:१ | ५०:१ | ४०:१ | ३०:१ | | |
| | | राष्ट्रिय | | ४१:१ | ३५:१ | ३०:१ | ३०:१ | | |
| ७. | शिक्षामा लगानी | | | | | | | | |
| ८.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट*(%) | स्थानीय | | २४ | २४ | २५ | २५ | | |
| | | राष्ट्रिय | | १०.६८ | १५.० | १७.० | २०.० | | |

# परिच्छेद ३: विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरू

**परिचय**

यस शिक्षा क्षेत्रको योजना सन् २०२५-२०३३ का लागि परिच्छेद दुईमा पहिचान गरिएका विद्यालय शिक्षाका दृष्टिकोण तथा उद्देश्यहरूका आधारमा प्रमुख क्रियाकलापहरू निर्धारण र लक्ष्यहरू आकलन गरि पहिलो पाँच वर्षका अर्थात् सन् २०२४-२०२८ लागि लागत अनुमान सहित योजनाको खाका तयार गरिएको छ । पहिलो परिच्छेदमा यस शिक्षा क्षेत्रको योजनाको सन्दर्भ र विद्यालय क्षेत्रको वर्तमान अवस्थाको समग्र समीक्षा गरिएको छ। यसले शिक्षा क्षेत्रको योजनाको आवश्यकता तथा प्राथमिकता पहिचान गर्ने आधार तयार गरेको छ। परिच्छेद दुईमा यस योजनाका समग्र दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्यहरू पहिचान गरिएको छ ।

तेश्रो परिच्छेदमा विद्यालय क्षेत्रअन्तर्गतका विभिन्न उपक्षेत्रहरूः बालिवकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा र अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ भने पाठ्यक्रम तथा मूल्याङ्कन र शिक्षक विकास तथा व्यवस्थापनजस्ता सबैजसो उपक्षेत्रसँग अन्तर विषयहरूको वर्तमान अवस्थाको समीक्षा गरि चुनौतीहरू पहिचान गरिएको छ । यसमा प्रत्येक उपक्षेत्रको वर्तमान अवस्थाको समीक्षा र पहिचान गरिएका चुनौतीहरूलाई दृष्टिगत गरेर योजनाका उद्देश्य, चुनौतीहरू सामना गरि उद्देश्य प्राप्तिका लागि आवश्यक उपक्षेत्रगत रणनीतिहरू र प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू निर्धारण गरिएको छ ।

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

**परिचय**

नेपालको संविधान २०७२ को धारा ३९ बालबालिकाको हकको उपधारा (३)मा “प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथाबाल सहभागिताको हकहुनेछ” भनी उल्लेख गरिएको छ साथै शिक्षा ऐन २०२८ को आठौं संशोधनले बालविकास शिक्षालाई विद्यालय शिक्षा कै अंगको रूपमा मान्यता दिएको छ। प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमले बालबालिकालाई लेखपढ गराउने वाअक्षर तथा अङ्क चिनाउने कार्यमा जोड दिने भन्दा बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग गर्नाका साथै आधारभूत शिक्षाको लागितयार गराउन सहयोग गर्नुपर्छ। प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमहरू विभिन्न समयावधिका सञ्चालन गर्ने प्रचल नभएपनि चार वर्ष उमेर पुगेका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने व्यवस्था नेपालको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ तथा राष्ट्रिय शिक्षानीति, २०६७ मा उल्लेख भएको र नेपालको पन्ध्रौं योजनामा पनिसोही व्यवस्था गरिएको सोच तयार गरि सोही अनुरुप सोह्रौं योजना (२०८१/८२-२०८५/०८६) विकास गरेको छ । यो दीर्घकालीन आकांक्षा पूरा गर्न शिक्षा क्षेत्रले पनि योगदान गर्नु पर्ने आवश्यकतालाई दृष्टिगत गरि यस

नगरपालिकाले पनि शिक्षा क्षेत्रको १० वर्षे योजनाको अपेक्षित प्रभाव वा गन्तव्य पहिचान गरेको छ।सन्दर्भमा यस शिक्षा योजनामा पनि एक वर्षे बालविकास कार्यक्रम समावेश गरिएको छ। सरकारी तथा गैर सरकारी संस्था, स्थानीय सरकार, समुदाय, निजी क्षेत्र र विद्यालयहरूको सहयोगले यस पालिकामा प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम विस्तारमा महत्वपूर्ण उपलब्धि हासिल भएको छ। बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु स्थानीय सरकारको दायित्व भित्र पर्दछ। यसै कुरालाई मध्यनजर गरेर मनराशिसवा नगरपालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने प्रयास स्वरुप कार्यक्रमहरू समावेश गरिएको छ ।

### ३.१.१ वर्तमान अवस्था

मनराशिसवा नगरपालिकामा IEMIS २०८१ अनुसार हाल जम्मा ३५ वटा बालविकास केन्द्रहरू रहेकामा २३ वटा सामुदायिक, १ वटा धार्मिक (मदरसा) तथा १० वटा संस्थागत सञ्चालनमा रहेका छन्। ती केन्द्रहरुमा ३१ जना सामुदायिक, १ वटा धार्मिक (मदरसा) तथा ५ जना संस्थागत गरी जम्मा ३७ जना बालविकास शिक्षकहरु सेवारत छन् । राष्ट्रिय जनगणना २०७८ अनुसार ०-४ वर्ष उमेरको कूल जनसंख्या ५६३३ रहेकोमा यस पालिकामा १५९० जना बालबालिका बालविकास केन्द्रमा भर्ना भएका छन् जसमध्ये ३ वर्ष उमेरका ३३६ जना, ४ वर्ष उमेरका ६२७ जना, ५ वर्ष उमेरका ४७१ जनार ६ वर्ष उमेरका १५६ जना रहेका छन्। कक्षा १ मा प्रारम्भिक बालविकास तथा शिक्षा अनुभव सहितको भर्नादर ४५.१ प्रतिशत रहेको छ। प्रारम्भिक बालविकास तथा शिक्षामा लैङ्गिक समता सूचक ०.९५ प्रतिशत रहेको छ। प्रारम्भिक बालविकास तथा शिक्षामा कार्यरत सहजकर्ताहरु मध्ये १०० प्रतिशत महिला रहेका छन्, जसमध्ये कक्षा १० योग्यता हुने सहजकर्ता २ जना, एस्.एल्.सी. योग्यता भएका १४ जना, प्रवीणता प्रमाणपत्र तह योग्यता भएका १६ जना सहजकर्ता कार्यरत छन्। यसरी हेर्दा यस पालिकामा कार्यरत सबै सहजकर्ताहरु नेपाल सरकारले तोकेको न्यूनतम् शैक्षिक योग्यता पूरा भएको देखिन्छ।

भौतिक रुपमा हेर्दा प्रारम्भिक बालविकास सम्बन्धी न्यूनतम् मापदण्ड निर्देशिका २०६७ (पहिलो संशोधन(२०७५) अनुसार यस नगरपालिका अन्तर्गत ५९.९ प्रतिशत बालविकास केन्द्रको न्यूनतम् मापदण्ड पुगेको देखिन्छ। बालविकास केन्द्रहरु बालमैत्री, अपाङ्ग मैत्री, लैङ्गिक मैत्री बन्न सकेका छैनन्। एकातिर सहजकर्ताका लागि उत्प्रेरणा र मनोवल वढाइ पेशामा क्रियाशील बनाउन पारिश्रमिक न्यून छ भने अर्कातिर उनीहरुका लागि कुनै सघन तथा पुनर्ताजगी तालिम प्रदान गर्ने व्यवस्था गरिएको छैन।

**प्रारम्भिक बालविकास तथा शिक्षामा देखिएका विद्यमान चुनौतीहरु -**

१. सबै प्रारम्भिक बालविकास केन्द्रमा न्यूनतम् मापदण्ड पूरा गर्नु।
२. तोकिएको उमेरमा बालविकास कक्षामा भर्ना गराउनु।
३. सहजकर्ताहरुको पारिश्रमिक वृद्धि तथा वृतिविकास र क्षमता विकास गर्नु।

४. बालमैत्री, अपाङ्ग मैत्री, लैङ्गिकमैत्री तथा समावेशी शिक्षा लागु गर्नु ।
५. निश्चित पाठयक्रमको निमार्णगर्नु ।
६. ५० प्रतिशत प्रारम्भिक बालबिकास कक्षाकोठामा ६ कुने सिकाई क्षेत्र व्यवस्थापन गर्नु ।

### ३.१.२ उद्देश्य

सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु बालविकास र शिक्षा कार्यक्रमको प्रमुख उद्देश्य हो।यो उद्देश्य परिपूर्तिका लागि शिक्षा क्षेत्रको योजनाले प्रारम्भिक बालविकास तथा शिक्षा सम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ

१. चार वर्ष उमेरका सबै बालबालिकाको सर्वाङ्गीण विकासगर्नु।
२. प्रारम्भिक बालविकास तथा शिक्षाको गुणस्तर सुनिश्चित गर्नु।
३. बालबालिकाहरूलाई प्रारम्भिक बालविकास शिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना गराउनु।
४. तोकिएको न्युन्तम राष्ट्रिय मापदण्ड अनुसार प्रारम्भिक बालविकास केन्द्र बिकास गर्नु ।
५. बालबिकास शिक्षिकाहरुलाई तोकिएको अनुसार क्षमता अभिवृद्धि तालिम दिनु ।
६. बालबिकासमा अध्ययनरत बालबालिकाहरुलाई स्वास्थ परिक्षणको व्यवस्था मिलाउनु ।

### ३.१.३ रणनीति

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरीने छ -

१. प्रारम्भिक बालविकास सम्बन्धी न्यूनतम मापदण्ड निर्देशिका २०६७ (पहिलो संशोधन २०७५) अनुसार प्रारम्भिक बालविकास तथा शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्ने ।
२. प्रारम्भिक बालबिकास उमेरका बालबालिकाको सर्बोतम हित अनुकुल सँरक्षण, बचावट, सहभागिता र विकास गर्ने वातावरण तयार गरि बाल अधिकारको सुनिश्चितता गर्ने ।
३. माग र आवश्यकताका आधारमा प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको नक्शाङ्कन र पुनर्वितरण गरि गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षा सेवा उपलब्ध गर्ने ।
४. प्रारम्भिक बालविकास केन्द्रमा एक जना सुसारेको व्यवस्थाका लागि क्रमश: कार्यक्रम ल्याइने ।
५. प्रारम्भिक बालविकास शिक्षाको प्रभावकारिताका लागि परिवार, समुदाय, गैरसरकारी संघ संस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने ।
६. पोषण र बालअधिकार बारे अभिभावकहरुलाई जानकारी गराउने ।
७. कक्षा कोठालाइ वालमैत्री र स्रोतपुर्ण बनाउने ।
८. आमा शिक्षा कार्यक्रमलाई कार्यान्वयन गर्ने ।

### ३.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

१. सबै बालबालिकाहरूले गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर पाएका हुने।

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

१. प्रारम्भिक बालविकास केन्द्रहरु "प्रारम्भिक बालविकास सम्बन्धी न्यूनतम् मापदण्ड निर्देशिका २०६७ (पहिलो संशोधन २०७५)" अनुसार मापदण्ड पूरा भएका हुनेछन् ।
२. प्रारम्भिक बालविकास तथाशिक्षा उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहितकक्षा १ मा प्रवेश गर्ने वातावरण तयार हुनेछ।
३. सबै प्रारम्भिक बालविकास सहजकर्ताहरु मन्टेश्वरीमा आधारित ३० दिने तालिम प्राप्त हुनेछन् ।
४. प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको नक्शाङ्कन र पुनर्वितरण गरि २० मिनेटको दूरी भन्दा बढी नपर्ने गरी नयाँ बालविकास (घुम्ती बालविकास) केन्द्र विस्तार गरिएको हुनेछ।

**नतिजा**

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू*

| क्रसं | सूचक (उदाहरण) | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना सँङ्ख्या | १५९० | १५९० | १५२२ | १४४४ | १३६९ | १२९८ |
| २ | तोकिएको न्यूनतम मापदण्ड पूरा गरेका प्रारम्भिक बालविकास र शिक्षाकेन्द्र | ५९.९ | ५९.९ | ६३.८६ | ६८.०९ | ७२.५९ | ७७.४० |
| ३ | प्रारम्भिक बालबिकासको शिक्षकहरुलाई तालिम प्रदान गर्ने दर % | २०.२ | २०.२ | २४.६७ | ३०.१३ | ३६.८० | ४४.९४ |
| ४ | ४ बर्ष उमेर समूहका बालबालिकाहरुको प्रारम्भिक बालबालिका केन्द्र खुद भर्ना दर % | ४९.२ | ४९.२ | ५८.४७ | ६९.५२ | ८२.६६ | ९८.२८ |

## ३.१.५ प्रमुख क्रियाकलाप र लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य*

| **क्र.सं.** | **प्रमुख क्रियाकलापहरू** | **इकाइ** | **भौतिक लक्ष्य** | | | | | **५ वर्षको लक्ष्य** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम | पटक | १ | - | - | - | - | १ | पालिका |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | ५ वर्षको लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | |
| | मापदण्डको निर्माण | | | | | | | | |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्ड प्रवोधीकरण गर्ने | बाबिके | | २३ | - | २३ | | ४६ | पालिका |
| ३ | प्रारम्भिक बालविकासको वडागत नक्शाङ्कन | वडा सङ्ख्या | | ६ | | | | ६ | पालिका |
| ४ | प्रारम्भिक बालविकास केन्द्रका लागि अपाङ्गमैत्री शौचालयको व्यवस्था | सङ्ख्या | | ५ | ५ | ५ | ८ | २३ | पालिका |
| ५ | सबै बालविकास केन्द्रहरूमा बालमैत्री तथा सुविधाजनक सिकाइ कक्ष व्यवस्था | वटा | | १० | ५ | ५ | ५ | २५ | पालिका/ संघ |
| ६ | बालउद्यान | बाबिके | | ९ | ३ | ३ | १ | १६ | पालिका |
| ७ | खेलकुद तथा सिकाइ सामग्रीको व्यवस्था | बाबिके | | १० | ५ | ५ | ५ | २५ | पालिका/ प्रदेश /संघ |
| ८ | अभिभावक शिक्षा | सङ्ख्या | | २३ | | | | २३ | पालिका |
| ९ | सहजकर्तालाई मन्टेश्वरी तालिम | जना | | २३ | २३ | | | ४६ | पालिका |
| १० | व्यवस्थापन समितिका पदाधिकारीलाई अभिमुखीकरण | केन्द्र | | २३ | | | | २३ | पालिका |
| ११ | बालविकास केन्द्रहरूलाई सूचना तथा सञ्चामर प्रविधिमैत्री बनाउने | केन्द्र | | १० | ५ | ५ | ५ | २५ | पालिका |
| १२ | अनुगमन, सुपरीवेक्षण सहयोग तथा सहजीकरण | केन्द्र | २३ | २३ | २३ | २३ | २३ | २३ | पालिका |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | ५ वर्षको लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | |
| १३ | न्यूनतम पारिश्रमिकको व्यवस्था | सङ्ख्या | ४६ | ४६ | ४६ | ४६ | ४६ | ४६ | पालिका |
| १४ | आमा समूह गठन तथा आमा दिवाखाजा कार्यक्रम | सङ्ख्या | २३ | २३ | २३ | २३ | २३ | २३ | पालिका |
| १५ | क्लष्टर बैठक | सङख्या | २३ | २३ | २३ | २३ | २३ | २३ | पालिका |
| १६ | हरेक क्लष्टरमा उत्कृष्ट बालशिक्षक सम्मान कार्यक्रम | सङ्ख्या | ६ | ६ | ६ | ६ | ६ | ३० | पालिका |

## ३.२ आधारभूत शिक्षा

### परिचय

शिक्षा ऐन २०२८ अनुसार "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा हो। विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२ ले विद्यालय शिक्षाको पुनर्संरचना गरेर कक्षा १-८ लाई आधारभूत शिक्षा र कक्षा ९-१२ लाई माध्यमिक शिक्षाको रूपमा परिभाषित गरेपछि विद्यालय शिक्षा हाल दुई तहको भएको छ। प्राथमिक र निम्न माध्यमिक तहलाई मिलाएर बनाइएको आधारभूत तहलाई संविधानको धारा ३१ (१) मा नागरिकको मौलिक हक अन्तर्गत राखिएको छ। गुणस्तरीय आधारभूत शिक्षाले गरिबी घटाउन मद्दत गर्ने र व्यक्तिको जीवनस्तरमा उल्लेखनीय सुधार ल्याउन सक्ने तथा यसबाट समाज र राष्ट्रलाई नै विकासको पथमा अगाडि बढ्नमा सहयोग हुने कुरा विभिन्न अध्ययन प्रतिवेदनहरूले देखाएका छन् । युनेस्कोको एउटा प्रतिवेदनले यदि कम आय भएका मुलुकका सबै विद्यार्थीहरूले आधारभूत पढाइ सीप हासिल गरेर विद्यालय छाड्ने हो भने १७ करोड १० लाख मानिसलाई गरिबीबाट माथि उठाउन सकिने तथ्य प्रकाशन गरेको छ। आधारभूत तहको शिक्षाको महत्वलाई दृष्टिगत गरेर नै यसलाई योजनाबद्ध रूपमा व्यवस्थित र गुणस्तरीय बनाउनका लागि मनराशिसवा नगरपालिकाले यस योजनामा आधारभूत शिक्षा अन्तर्गत कक्षा १ देखि ८ सम्मको शिक्षामा पहुँच, गुणस्तर तथा समता र व्यवस्थापकीय प्रवन्धको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरि आगामी दश वर्षका लागि यस तहको शिक्षा विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ। संविधानले विद्यालय तहको शिक्षालाई स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र तथा संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारभित्र पनि राखेको छ ।संविधानका उल्लिखित प्रावधानहरूले सबै बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्न एकल तथा साझा सूचीका आधारमा तीनै तहका सरकार जिम्मेवार हुनुपर्ने देखिन्छ ।

### ३.२.१ वर्तमान अवस्था

मनराशिसवा नगरपालिका भित्र हाल कक्षा १-५ सञ्चालित २२ (सामुदायिक-१०, मदरसा-३ र निजी ९) र कक्षा ६-८ सञ्चालित ७ (सामुदायिक-५र निजी २) विद्यालयहरू गरी जम्मा आधारभूत विद्यालयहरूको संख्या २९ रहेको छ। आधारभूत तहमा विद्यमान अवस्थाको लिङ्गको आधारमा विद्यार्थी हेर्दा सामुदायिक विद्यालयतर्फ कक्षा १-५ मा ४९.३ प्रतिशत छात्रा र ५१.७ प्रतिशत छात्र, कक्षा ६-८ मा ५२.६ प्रतिशत छात्रा र ४७.४ प्रतिशत छात्र भर्ना भएको अवस्था छ। यसरी हेर्दा सामुदायिक विद्यालयमा छात्राको प्रतिशत उच्च छ। यसैगरी संस्थागत विद्यालयतर्फ तर्फ ३८.३५ प्रतिशत छात्रा र ६१.६४ प्रतिशत छात्र भर्ना भएका छन् । जसमा संस्थागत विद्यालयमा २३.२९ प्रतिशतले छात्र, छात्राभन्दा बढी देखिन्छ । विद्यार्थी शिक्षक अनुपात (निजि स्रोत शिक्षक बाहेक) कक्षा १-५ मा ४६ र कक्षा ६-८ मा ९३ प्रतिशत रहेको अवस्थामा

विद्यालयमा रहेको पूरानो दरवन्दी संरचनाले गर्दा न्यायोचित रुपमा विद्यालय विद्यार्थी संख्याका आधारमा दरबन्दी पर्याप्त नरहेको तथा शिक्षण सिकाइ पद्धतिमा बहुकक्षा शिक्षणको अभ्यास अधिक विद्यालयमा भइरहेकोले विद्यार्थी संख्याका आधारमा शिक्षक दरबन्दीको पुनर्वितरण गर्नु आवश्यक रहेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार यस पालिकाको कूल जनसंख्या ५२१९१ मध्ये आधारभूत तह उत्तीर्ण गर्ने जनसंख्या सबैभन्दा धेरै कक्षा १-५ सम्म ९०६७ जना (३२.९%) र कक्षा ६-८ सम्म६०३५ जना (२१.९%) रहेको देखिन्छ। तथापि कक्षा १-८ मा भने खुद भर्नादर ९६.५ प्रतिशत रहेकोले तोकिएको उमेर भन्दा माथिल्लो उमेर समूहका बालबालिकाले आधारभूत शिक्षा लिएको देखिन्छ ।

आधारभूत तह कक्षा १-५ साबिक प्रा.वि दरबन्दी, करार तथा राहत शिक्षक जम्मा १२९ जना शिक्षक र आधारभूत तह ६-८ साबिक नि.मा.बि दरबन्दी. करार र राहत शिक्षक गरि ४२ शिक्षक कार्यरत रहेको वर्तमान अवस्था छ। सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुमा तहगत रुपमा सबै शिक्षकहरुको न्यूनतम् योग्यता पूरा भएको देखिन्छ । सामुदायिक बिद्यालयमा पेशागत तालिम प्राप्त कूल शिक्षक ७७.९४ प्रतिशत रहेको यस पालिकामा आगामी दिनमा शिक्षकको पेशागत तालिमका लागि जोड दिनुपर्ने देखिन्छ ।

यस पालिकाले कक्षा १-८ का शिक्षण सिकाइ अधारका लागि गरीएका प्रयासहरुः-

- नगर सँस्कृत शिक्षक भर्ना गरी सँस्कृत शिक्षाको माध्यमबाट बालबालिकामा संस्कारयुक्त चरित्र निर्माणमा जोड,
- योगा तथा प्राकृतिक चिकित्सा शिक्षाबाट स्वस्थ्य नागरिक उत्पादनमा जोड
- दैनिक विद्यालय अनुगमन तथा कक्षा अवलोकन
- ई-हाजिरीबाट शिक्षक उपस्थिति रुजु
- शिक्षक डायरीको व्यवस्थापन,
- ग्रेड शिक्षण लागु,
- शैक्षिक क्यालेन्डर अनुसार नगरस्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन
- शिक्षकहरुका लागि मागमा आधारित तालीम
- वालक्लव ,छात्राक्लव,गुनासो सुनवाइ समिति सक्रिय रहेको ,
- विभिन्न संघ संस्था जस्तै आसमान नेपाल र PPC द्वारा आर्थिक र शैक्षिक सामग्री सहयोग,

**समस्याः**

- कक्षा दोहर्याउने दर बढी भएको ।
- शिक्षक विधार्थी अनुपात नमिलेको ।
- विद्यार्थी उपस्थिति न्यून रहेको ।
- स्थानिय पाठयक्रम निर्माण नभएको ।
- कक्षा १-३मा निरन्तर विद्यार्थी मुल्याङ्कन पद्धति लागु हुन नसकेको ।
- कक्षा ४-५मा ५०% र कक्षा ६-८मा ४०% आन्तरिक मुल्याङ्कन हुन नसकेको ।
- अभिभावकको रुचि अनुसार English Medium मा कक्षाकोठा सञ्चालन नहुनु ।
- मूख्य तथा अनिवार्य विषयको सिकाई उपलब्धि कमजोर हुनु।

**आधारभूत शिक्षामा देखिएका विद्यमान चुनौतीहरु :**

१. निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच तथा सहभागिता सुनिश्चित गर्नु।
२. सिकाइको गुणस्तर अभिवृद्दि गरी विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउनु।
३. शिक्षक विधार्थी अनुपातमा दरबन्दी मिलान गरी आवश्यक दबन्दी थप गर्नु ।
४. स्थानिय पाठयक्रम निर्माणगरी कार्यान्वयन गर्नु ।
५. कक्षा १-३मा निरन्तर विद्यार्थी मुल्याङ्कन तथा कक्षा ४-५मा ५०% र कक्षा ६-८मा ४०% आन्तरिक मुल्याङ्कन पद्धति कार्यान्वयन गर्नु ।
६. विद्यालयको प्रशासनिक, भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई अपाङ्गमैत्री, बालमैत्री बनाउनु ।
७. विद्यालय व्यवस्थापन तथा जनसहभागितामा परिवार, समुदाय, गैरसरकारी संघ संस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउनु ।
८. सूचना तथा सञ्चार प्रविधिमा दक्षतामा वृद्धि गरि शिक्षण सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्नु।

### ३.२.२ उद्देश्य

यस योजनाले आधारभूत शिक्षा सम्बन्धी निम्नलिखित उद्देश्य राखेको छ :

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गर्दै समता मूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ।
२. प्रारम्भिक कक्षाका बालबालिकाहरूको पठन सिप अभिवृद्धि गर्नु ।
३. विद्यार्थीको सिकाइ उपलब्धी राष्ट्रिय औसत उपलब्धी बराबर बनाउनु ।
४. विद्यालयको भौतिक, शैक्षिक र व्यवस्थापकीय वातावरणमा सुधार गरि बालमैत्री, समावेशी, सुरक्षित र जवाफदेही बनाउनु

### ३.२.३ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

१. विद्यालय नक्साङ्कन मार्फत् सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालय दरबन्दीलाई पुनर्वितरण तथा समायोजन गर्ने ।
२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न स्थानीय सरकारले आवश्यक कानुन तर्जुमा तथा आवश्यक स्रोतको व्यवस्था गर्ने ।
३. विद्यालय बहिर रहेका सबै बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरि उनीहरूको पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था गर्ने।
४. वैकल्पिकपरम्परागत शिक्षा तथा सिकाइ/खुला/अनौपचारिक/, लक्षित कार्यक्रम, प्रोत्साहन मूलक कार्यक्रम, आवासीय सुविधा आदि कार्यक्रम सञ्चालन गर्ने।
५. विद्यालयमा न्यूनतम् भौतिक सुविधा सुनिश्चितता गर्ने ।

६. सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको दक्षतामा वृद्धि गरी शिक्षण सिकाइमा प्रभावकारी ढङ्ले प्रयोग गर्ने।
७. शिक्षकलाई पेशागत तालिमको लागि आवश्यक वातावरण सिर्जना गर्ने ।
८. शिक्षकले कक्षाकोठामा विताउने समय कार्याविधि कार्यान्वयनमा ल्याइने छ ।
९. बालबालिकालाई अध्ययनको निरन्तरताका लागि बालकेन्द्रित शिक्षण, बालमैत्री शैक्षणिक वातावरण, शिक्षक विद्यार्थी विच सुमधुर सम्बन्ध विकास, सिकाइमुखी शिक्षण पद्धति, सुरक्षित कक्षाकोठा, सम्मानपूर्ण व्यवहार जस्ता उपायहरूको अवलम्बन गरिनेछ ।
१०. छापामय कक्षा कोठा ब्यबस्थापन नभएका कक्षा १ देखी ३ सम्मका विद्यालयहरुलाई आगामी ३ बर्ष भित्र कक्षाकोठा ब्यबस्थापनका लागि आबश्यक वजेट ब्यबस्थापन गरी पूर्ण गरीने ।
११. स्थापना भएका कक्षा पुस्तकालय तथा बुक कर्नरमा नियमित पढाइ तथा स्वंयम सिकाइ एवम गणितीय सिप विकास गर्ने सामाग्रीहरुलाई उचित ब्यबस्थापन तथा प्रयोगमा अनिवार्यता र सोको अभिलेखिकरण गरीने ।
१२. प्रारम्भिक कक्षाका सबै बालबालिकाहरुको प्रारम्भिक पहिचान गरी सोही अनुसारको सिकाइ सहयोग सहजीकरणको प्रणाली कार्यान्वयन गर्ने।
१३. मूल्याङ्कनलाई शिक्षण सिकाइ कै अभिन्न अङ्गको रूपमा प्रयोगमा ल्याएर विद्यार्थीलाई कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धित क्षमता विकास गरिनेछ ।
१४. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण गरिनेछ ।
१५. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार गर्न स्थानीय स्वास्थ्य एकाइ मार्फत विद्यालयमा पोषण कर्नर स्थापना गरी सचित्र स्थानीय पोषण पाठ्यक्रम तयार गरी लागू गर्ने।
१६. राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ को कार्यान्वयन गरीने।
१७. आधारभूत तहको स्थानीय पाठ्यक्रमको परिमार्जन र विकास तथा प्रयोगमा जोड दिइने छ ।
१८. स्थानीय पाठ्यक्रम मार्फत प्रकोप व्यवस्थापन तथा न्युनिकरण सम्बन्धी ज्ञान दिने।
१९. विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यस्थापकीय पद्धतिमा सुधार गर्ने।

## ३.२.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा प्रविधियुक्त पहुँच, सहभागिता र गुणस्तर अभिवृद्धि भएको हुने ।

**ख) प्रमुख नतिजाहरू**

१. विद्यालय नक्साङ्कन मार्फत् सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालय दरबन्दीलाई पुनर्वितरण तथा समायोजन भएको हुने ।
२. स्थानीय सरकारले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने ।
३. आधारभूत तह पूरा गर्ने बालबालिकाले न्यूनतम् सिकाइ उपलब्धि हासिल गरेको हुने।

४. स्थानीय तहले आवश्यक सहकार्य गरी विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति सचेत बनाउने ।

५. विद्यालय शिक्षालाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरि सहज र उपयोगी बनाउने कार्यलाई व्यवस्थित रूपमा विस्तार गरिने ।

६. जनशक्तिको क्षमता विकास गर्दै आधारभूत तहमा गुणस्तरीय शिक्षा र शैक्षिक सुशासन कायम हुने ।

७. विद्यार्थीको सिकाइ उपलब्धि राष्ट्रिय औसत उपलब्धिसँग बराबर हुने ।

**नतिजा**

*योजनाको कार्यान्वियनबाट हाँसिल हुने मुख्य नतिजाहरू*

| क्रस | सूचक (उदाहरण) | आधार वर्ष (०८१/८२) | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह(प्राथमिक कक्षा १-५)मा विद्यालय बाहिर रहेका बालबालिकाको सँख्या | ४५० | २५० | १५० | १०० | ५० | ० |
| | आधारभूत तह(६-८)मा विद्यालय बाहिर रहेका बालबालिकाको सँख्या | ८०५ | ३०० | २०० | १०० | ५० | ० |
| २ | आधारभूत तह(कक्षा १-८) मा तालिम प्राप्त शिक्षकको सँख्या (एकीकृत पाठ्यक्रम तथा ५ दिन सम्मको तालिम) | ८० | १०० | १२० | १४० | १६० | १६० |
| ३ | वृहत विद्यालय सुरक्षा कार्यक्रम लागु भएका विद्यालय संख्या | ० | २ | ५ | १० | १५ | २४ |
| ४ | बालमैत्री तथा अपाङ्गमैत्री विद्यालय संख्या | ० | १० | १५ | २० | २५ | सबै |
| ५ | विद्यार्थी संख्याको आधारमा शिक्षक दरबन्दी पुगेको विद्यालय संख्या | ५ | १० | १५ | २० | २५ | सबै |

## ३.२.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वियन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य*

| क. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |

| सं. | | | | | | | | | लक्ष्य (१० वर्ष) | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | १ | | | १ | | २ | ४ | पालिका |
| २ | शिक्षक र विद्यार्थी अनुपातको आधारमा शिक्षक व्यवस्थापन र दरबन्दी पुनर्मिलान | पटक | १ | | | | १ | २ | ३ | पालिका |
| ३ | आधारभूत तह उमेर समूहका सबै बालबालिकाहरुलाई विद्यालय भर्ना गर्ने | प्रतिशत | ९९ | ९९.५ | | | | ९९.८ | १०० | पालिका |
| ४ | विद्यालयमा न्यूनतम भौतिक विकास (भवन तथा कक्षा कोठा,फर्निचर, खानेपानी,शैचालय, घेरावेरा, खेलमैदान, खाजा घार आदि) | विद्यालय संख्या | १० | १३ | १५ | १७ | २० | | सबै | पालिका |
| ५ | उत्कृष्ट विद्यालय अनुदान कार्यक्रम | विद्यालय संख्या (पटक) | २ | २ | ३ | ३ | ३ | १३ | सबै | पालिका |
| ६ | विद्यालय शिक्षालाई प्रकोप,संकट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशिल बनाउने योजना तयार गरी कार्यान्वयन | योजना तयारि पटक | १ | | | | १ | २ | निरन्तर | पालिका |
| ७ | सिकाईका लागि सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा बृद्धि गरि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास गरिने | पटक | १ | | | | १ | २ | ४ | पालिका |
| ८ | पढ्नका लागि सिक्ने तथा सिक्नका लागिपढ्ने प्रक्रियालाई प्रोत्साहित गर्न विद्यालयमा उचित प्रयोगशाला र पुस्तकालय तथा सिकाई कुनाको व्यवस्था गरिने | संख्या | ५ | ३ | २ | २ | २ | १४ | सबै | पालिका |
| ९ | आधारभूत तहमा सञ्चालन गरिने परीक्षालाई थप व्यवस्थित बनाइने | पटक (वार्षिक) | निरन्तर | | | | | | निरन्तर | पालिका |
| १० | विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघको कार्यकारी समितिका पदाधिकारीहरुको क्षमता विकास र अभिभावक अभिमुखीकरण गरिने | पटक | १ | | १ | | १ | ३ | ६ | पालिका |
| ११ | प्रधानाध्यापकसँग नतिजामा आधारित कार्य सम्पादन गर्ने र निर्धारित लक्ष्य हाँसिल गर्न व्यवस्थापनमा स्वायत्तता दिंदै अनुगमनलाई नतिजा मुलक बनाउदै लगिने | पटक | १ | | १ | | १ | ३ | ६ | नगरपालिका |
| १२ | विद्यार्थी प्रतिभा पहिचानको लागि सह तथा अतिरिक्त क्रियाकलाप सञ्चालन तथा व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका |

## ३.३ माध्यमिक शिक्षा

**परिचय**

नेपालको संविधान २०७२ ले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ । संविधानले एकातिर विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको देखिन्छ भने अर्कोतिर संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकार भित्र पनि राखेको छ । संविधानका उल्लिखित प्रावधानहरूले आम नागरिकका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न एकल तथा साझा सूचीका आधारमा तीनै तहका सरकारलाई जिम्मेवार बनाउने स्पष्ट दिशा निर्देश गरेको छ । शिक्षा ऐन २०२८ ले कक्षा ९-१२ सम्मलाई माध्यमिक शिक्षाको रुपमा राखेको छ। अनिवार्य आधारभूत शिक्षा अन्तर्गत सबै बालबालिकाले कक्षा ८ सम्मको गुणस्तरीय शिक्षा प्राप्त गरिसकेपछि विद्यार्थीको रुचि र क्षमता अनुसार माध्यमिक तहमा परम्परागत, प्राविधिक धार र साधारण धारको शिक्षा छनोट गर्ने अवसर प्रदान गर्नुपर्दछ। यस तहको शिक्षालाई जीवनोपयोगी, उत्पादनमूलक, प्रविधियुक्त, सीपमूलक र व्यावहारिक बनाउनु पर्दछ । आधारभूत तहमा विद्यार्थीले हासिल गरेको भाषिक र गणितीय सीपको उपयोग गरेर आफ्नो रुचि र क्षमता अनुसार विद्यार्थीले साधारण शिक्षाको लक्ष्य लिएर विभिन्न विषयमा उच्च शिक्षा हासिल गर्ने लक्ष्य लिने वा विभिन्न किसिमका प्राविधिक र व्यावसायिक सीप हासिल गरेर भविष्यमा आय आर्जनको बाटो सुनिश्चित गर्ने भन्ने निर्णय माध्यमिक तहको शिक्षाले गर्नुपर्दछ। मनराशिसवा नगरपालिकाले माध्यमिक तहको शिक्षालाई प्रविधियुक्त, सीपमूलक, निःशुल्क, बालमैत्री, र समावेशी गराउने नीति लिएको छ ।

### ३.३.१ वर्तमान अवस्था

मनराशिसवा नगरपालिका भित्र हाल कक्षा १-१० सञ्चालित ५ , कक्षा १-१२ सञ्चालित ४ गरी माध्यमिक तहको विद्यालयहरूको संख्या ९ वटा रहेको छ जसमध्ये कक्षा १-१० संस्थागत विद्यालय १ वटा सञ्चालित छ। माध्यमिक तह कक्षाको ९-१२ को खुद भर्ना दर १०% र सहजै देखिने भर्नादर २१.९% रहेको छ । माध्यमिक तहमा सामुदायिक विद्यालयतर्फ कक्षा ९-१२ मा ४९.६ प्रतिशत छात्रा र ५०.४ प्रतिशत छात्र भर्ना भएको अवस्था छ। यस तहमा खुद भर्नादरमा लैङ्गिक समता सूचक ०.९५% र कक्षा ९-१० मा शिक्षक विद्यार्थी अनुपात १:४७ रहेको छ भने कक्षा ११-१२ मा शिक्षक विद्यार्थी अनुपात १:५४ रहेको छ ।समग्रमा हेर्दा माध्यमिक तह कक्षा ९-१२ मा शिक्षक विद्यार्थी अनुपात १:६८ रहेको छ । माध्यमिक तह कक्षा १० मा पुनः उहि कक्षा दोहर्याउने दर १०.१ प्रतिशत, कक्षा छाड्ने दर ०.२ प्रतिशत र कक्षा उन्नति दर ८९.७ प्रतिशत रहेको छ ।

**माध्यमिक शिक्षा सुधारका लागि नगरपालिका द्धारा गरीएका सुधारका प्रयासहरुः-**

- शिक्षकहरुका लागि मागमा आधारीत तालिम,
- सक्रिय बाल क्लव ,छात्र क्लव र गुनासो सुनवाइ समिति
- नगरपालिका स्तरीय अतीरित्त क्रियाकलाप सञ्चालन,
- पुस्तकालय विज्ञान प्रयोगशाला तथा कम्प्युटर ल्याबको स्थापना
- प्रत्येक वर्ष राष्ट्रिपति रनिङ्ग सिल्ड प्रतीयोगिता सञ्चालन
- नगर शिक्षक भर्ना,
- नियमित प्रअ वैठक,
- विद्यालयहरुको गुनासो सम्बोधनका लागि नगर शिक्षा समितिमा छलफल ।

**<u>समस्याहरु:</u>**

- तहगत विषयगत दरवन्दीको अभाव,
- अन्य संस्थागत विधालयमा अध्ययन गर्ने र सामुदायिक विद्यालयमा भर्ना भई परीक्षा दिने गलत परीपाटी,
- अभिभावकको लगानि र सहभागिता नहुनु ।
- विद्यालय व्यवस्थापन समिति गठन हुन नसक्नु ।
- पुस्तकालय विज्ञान प्रयोगशाला तथा कम्प्युटर ल्याबको मर्मत सम्भार हुन नसक्नु ।
- प्रविधिमैत्री शिक्षक तथा कर्मचारी संख्या न्यून हुन ।
- सम्बन्धित निकायवाट नियमित रुपमा अनुगमन नहुनु ।
- विद्यार्थी संख्या वढी भएको विद्यालयमा सेक्सनको व्यवस्था नहुनु ।

**माध्यमिक शिक्षामा देखिएका विद्यमान चुनौतिहरु**

१. निःशुल्क माध्यमिक तह सम्मको शिक्षा भए पनि कुल भर्ना दर २१.९प्रतिशत हुँदा ७९.१% बालबालिकाहरु माध्यमिक शिक्षाको पहुँच भन्दा बाहिर रहनु ।
२. खुद भर्नादर १०% रहेकोले यसलाई वृधि गरी १००% पुर्याउनु ।
३. कक्षा १ को बिधार्थी कक्षा १० पुरा गर्ने दर ५८.८ प्रतिशत पुरा गरेका र बाकि ४१.२ % बालबालिकाहरु मा.वि.तहका शिक्षण सिकाइबाट बाहिर देखनु ।
४. माध्यमिक तहमा न्युनतम सिकाई सक्षमताबिज्ञान र अंग्रेजीमा ५० प्रतिशत भन्दा कम हुनु ।
५. २ वटा (९-१०)मा.वि.मा र ३ वटा (११-१२)मा.वि.मा शुन्य दरबन्दी हुनु ।
६. बिषयगत मा.वि. शिक्षक अभाव हुनु ।

### ३.३.२ उद्देश्य

१. माध्यमिक शिक्षामा खुद भर्ना तथा टिकाउ दर बढाउनु र कक्षा छोड्ने र दोहोर्याउने दर घटाउनु ।
२. बिधार्थीको अनुपातमा शिक्षक दरबन्दी र बिषयगत शिक्षकको व्यवस्थापन गर्नु ।

३. सबै बिधालयहरुमा न्युनतम सिकाई मापदण्ड सुनिश्चित गरि बालबालिकाहरुको सिकाई उपलब्धि अभिवृद्धि गर्नु ।
४. शिक्षकहरुको लागी पेशागत र विषयगत दक्षता अभिवृद्धि गर्नु ।
५. सबै माध्यमिक विद्यालयमा विद्यालय व्यवस्थापन समिति गठन गरी नियमित अनुगमन गर्नु।
६. विज्ञान प्रयोगशाला तथा कम्प्युटर ल्याबको नियमित मर्मत सम्भारको व्यवस्था गर्नु ।
७. विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरणमा सुधार गरी बालमैत्री, अपाङ्गमैत्री,समावेशी, अल्पसंख्यक)मैत्री र शुरक्षित बनाउनु ।
८. सिकाई कमजोर भएका बालबालिकाहरु पहिचान गरि Remedial कक्षाको व्यवस्था गर्न‍ु।
९. बिद्यार्थी र शिक्षकमा सूचना प्रविधिको पहुँच पुर्याउनु

<u>**३.३.३. रणनीतिः**</u>

**माथि उल्लेखित उदेश्यहरु हासिल गर्न देहाय बमोजिमको रणनितिहरु अपनाइने छः-**

१. विधार्थीलाई विद्यालयमा पहुँच अभिवृद्धि गर्न विभिन्न प्रोत्साहन मुलक तथा सचेतना मुलक कार्यक्रम सञ्चालन गर्ने
२. विद्यालयमा सहज भर्ना,सिकाउने,टिकाउने र बिकाउने वाताबरण तयार गर्ने ।
३. अभिभावक भेला,बि.स.व्य., सी.अ.स. को बैठक बसी बिद्यार्थी शिक्षक बिच छलफल तथा घरदैलो कार्यमा बढी जोड दिने ।
४. सबै माध्यमिक विद्यालयमा विद्यालय व्यवस्थापन समिति गठन गरी नियमित अनुगमन गर्ने।
५. पुस्तकालय, विज्ञान प्रयोगशाला तथा कम्प्युटर ल्याबको नियमित मर्मत सम्भारको व्यवस्था गर्ने ।
६. सवै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने ।
७. प्रविधिमैत्री, दक्ष तथा तालिम प्राप्त विषयगत शिक्षक व्यवस्था गर्ने ।
८. शिक्षक पेशागत विकास तथा सहयोगको व्यवस्था गर्ने,
९. सक्षम र नेतृत्वदायी प्रधानध्यापकको व्यवस्था गर्ने,
१०. आवधिक रुपमा सिकाइको मूल्याङ्कन गरी विधार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गर्ने,
११. प्राकृतिक प्रकोप संकट तथा महामारी र जलवायु परीवर्तन जस्त ,परिस्थिति प्रति अध्यानशील वनाउने,
१२. जिवनोपयोगि सिकाइस‍ँग जोडेर विद्यर्थी मूल्याङ्कन प्रणालीको व्यवस्थापन गर्ने,
१३. अतीरिक्त क्र‍ियाकलाप संचालनका लागि ICT को सुविधा सहित सभाहल निर्माण गर्ने,
१४. आपतकालीन पर‍िस्थितिमा शिक्षण कार्य सञ्चालनका लागि विद्य‍ार्थी शिक्षक र अभिभावकको क्षमता विकास गर्ने ।
१५. सिकाई कमजोर भएका बालबालिकाहरुका पहिचान गरि Remedial कक्षाको व्यवस्थापन गर्ने ।
१६. गुनासो सुनवाई संत्रयको विकास गर्ने ।
१७. पालिका स्तरीय बालिका संजाल गठन तथा परिचालन गर्ने ।
१८. बिषयगत सिकाई समुह गठन तथा परिचालन गर्ने ।
१९. बिधालय स्वास्थ नर्सको व्यवस्था गर्ने ।
२०. प्र अ को नेतृत्व क्षमता बिकास तालिमको व्यवस्थापन गर्ने

## ३.३.४. उपलब्धि र नतिजा :

**उपलब्धि**

१. माध्यमिक शिक्षा निशुल्क र समतामूलक पहुच तथा सहभागिता सुनिश्चित हुनेछ ।
२. गुणस्तरयुक्त माध्यमिक शिक्षा प्रदान गरिनेछ ।
३. भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सिकाईमैत्री, समावेशी र सुरक्षित हुनेछ ।
४. खुद भर्नादर सत प्रतिशत हुनेछ ।
५. प्रविधिमैत्री, दक्ष तथा तालिम प्राप्त विषयगत शिक्षक व्यवस्था हुनेछ ।
६. आवासिय विद्यालयका साथै यातायातको सुविधा विस्तार हुनेछ ।

### (ख) नतिजा तथा परिमानात्मक लक्ष्य

| क्रस | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तहमा खुद भर्ना दर | १० | १५ | २० | २५ | ३० | ५० |
| २ | माध्यमिक तहमा कुल भर्ना दर | २१.९ | ३० | ४० | ५० | ६० | ७० |
| ३ | शिक्षक: विद्यार्थी अनुपात | १:६८ | | | | | |
| ४ | न्यूनतम सिकाइ सवलीकरण मापदण्ड (Minimum Enabling Conditions)पूरा गरेका माध्यमिक विद्यालय सँख्या | १ | ५ | ९ | ११ | १५ | २० |
| ५ | प्रविधिमैत्री, दक्ष तथा तालिम प्राप्त विषयगत शिक्षक प्राप्त विद्यालय संख्या | १ | ५ | ९ | ११ | १५ | २० |
| ६ | विज्ञान विषय संचालन भएको माध्यमिक (११-१२) संचालित विद्यालय संख्या | ० | | १ | | २ | |
| ७ | विद्यार्थी संख्या अनुसार शिक्षक दरबन्दी पुगेको विद्यालय संख्या | ० | ५ | ९ | ११ | १५ | २० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ भएको विद्यालय संख्या | ४ | ७ | ९ | ११ | | |

## ३.३.५ प्रमुख क्रियाकलाप र लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वियन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | माध्यमिक विद्यालय उमेर समुहका बालबालिकालाई विद्यालय भर्ना गर्ने | पटक | | १ | | | १ | २ | ५ | नगरपालिका |
| २ | माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न आवश्यकता अनुसार कार्यक्रम संचालन गर्ने | पटक | | १ | | १ | | २ | ४ | नगरपालिका |
| ३ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | | १ | | | १ | २ | ५ | नगरपालिका |
| ४ | मापदण्ड अनुसार शिक्षक र विद्यार्थी अनुपातको आधारमा शिक्षक व्यवस्थापन (नगर शिक्षक)र दरबन्दी पुनर्मिलान | पटक | १ | | १ | | १ | ३ | ६ | संघ/प्रदेश/ नगरपालिका |
| ५ | विद्यालयको न्यूनतम भौतिक पुर्वाधार विकास(भवन तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबार, खाजाघर आदि)गरिने | संख्या | | १ | | | १ | २ | ४ | संघ/ प्रदेश/नगरपालिका |
| ३ | शिक्षक क्षमता विकास | संख्या | | | १ | | १ | २ | ५ | नगरपालिका |
| ४ | विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघको कार्यकारी समितिका पदाधिकारीहरुको क्षमता विकास र अभिभावक शिक्षा कार्यक्रम | पटक | | १ | | १ | | २ | ५ | नगरपालिका |
| ५ | उत्कृष्ट नतिजा हाँसिल गराउने शिक्षक र विद्यालयहरुलाई प्रोत्साहन अनुदान कार्यक्रम संचालन । | पटक | | १ | १ | १ | १ | ४ | ९ | नगरपालिका |
| ६ | सबै माध्यमिक विद्यालयहरुमा पुस्तकालय, विज्ञान प्रयोगशाला र सूचना प्रविधि प्रयोगशाला स्थापना तथा मर्मत सम्भार | पटक | | | १ | | | २ | ४ | संघ /प्रदेश /नगरपालिका |
| ७ | माध्यमिक विद्यालयहरूमा गणित ल्याव स्थापना गरिने । | संख्या | १ | | | | | १ | १ | नगरपालिका |
| ८ | प्रधानाध्यापकसँग नतिजामा आधारित कार्य सम्पादन करार गर्ने र निर्धारित लक्ष्य हाँसिल गर्न व्यवस्थापन मा स्वायत्तता दिंदै | | १ | | १ | | १ | ३ | ६ | नगरपालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | अनुगमनलाई नतिजा मुलक बनाउदै लगिने | | | | | | | | | |
| ९ | विज्ञान प्रयोगशाला सहित विज्ञान विषय संचालन हुने माध्यमिक विद्यालय (कक्षा११-१२) | | १ | | १ | | १ | ३ | ६ | नगरपालिका |

## ३.४ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

अनौपचारिक शिक्षा औपचारिक शिक्षाको जननी हो। सिकाइ कोक्रोदेखि मृत्युपर्यन्त सम्म चलिरहने प्रक्रिया हो। विभिन्न माध्यम र किसिमले जीवनोपयोगी ज्ञान र सीप हासिल गरेर समाजमा आफ्नो उपस्थितिलाई सशक्त बनाउन उपयुक्त शिक्षा अनौपचारिक र औपचारिक माध्यमबाट आर्जन गर्नुपर्ने हुन्छ । समुदायले विभिन्न योग्यता, क्षमता, सामाजिक, आर्थिक, सांस्कृतिक तथा धार्मिक विविधता समिश्रणको प्रतिनिधित्व गर्छन् । समुदायमा बसेका विभिन्न तप्काका व्यक्तिहरुमा रहेको अन्तर्निहित प्रतिभाको प्रस्फुटन गर्दै उनीहरुको जीवनस्तर उकास्न जीवनपर्यन्त सिकाइको अवसर सुनिश्चित गर्न औपचारिक र अनौपचारिक शिक्षामा राज्यले लगानी गरेको हुन्छ। औपचारिक शिक्षाको निश्चित समयावधिमा हासिल गरेका ज्ञान र सीपले मात्र मानव जीवनलाई सार्थक बनाउन सक्दैन। अनौपचारिक शिक्षाको दायरा र अपरिहार्यताको आधारमा यसको गरीमा बढाउन राज्यको लगानी तथा ध्यान पर्याप्त नभएको वास्तविकता हो। गुणस्तरीय र प्रतिस्पर्धी जीवन बिताउन अनौपचारिक शिक्षाको विकल्प छैन। जीवनपर्यन्त सिकाइको अवधारणा नेपालमा जीवनपर्यन्त सिकाइलाई आधिकारिक रूपमा परिभाषित नगरिएको भए पनि सरकारी नीति तथा योजनालाई आधार मान्दा जीवनपर्यन्त सिकाइ, अनौपचारिक र औपचारिक शिक्षाका माध्यमबाट जीवनभर गरिने सिकाइ हो।

### ३.४.१ वर्तमान अवस्था

यस पालिकामा विधालय बाहिर रहेका बालबालिकाहरुको शिक्षाको अधिकारको सुनिश्चिताको लागि विगतको बर्ष देखि अनौपचारिक प्रौढ शिक्षा बालशिक्षा कार्यक्रम सञ्चालन हुदै आएपनि विद्यालय भन्दा बाहिर रहेको बालबालिकहरु अझै निमुल भएको छैन । यस पालिकामा ५ देखि ९ बर्षका विधालय भन्दा बाहिर रहेका बालबालिका ११.६प्रतिशत, १० देखि १२ बर्ष सम्मका विधालय भन्दा बाहिर रहेका बालबालिका१२.७ प्रतिशत, १३ देखि १४बर्ष सम्मका विधालय भन्दा बाहिर रहेका बालबालिका८.९ प्रतिशत, १५ देखि १७ बर्ष सम्मका विधालय भन्दा बाहिर रहेका बालबालिका२७.० प्रतिशत तथा ५ देखि १७ बर्ष सम्मका विधालय भन्दा बाहिर रहेका कुल बालबालिका १५.३ प्रतिशत यस पलिकामा विद्यालय भन्दा बाहिर रहेका छन् । यस पालिकामा सामुदायिक पुस्तकालयको संख्या सुन्य छ भन्ने सामुदायिक सिकाई केन्द्र ३ वटा संचालनमा रहेको छ । त्यसै गरि विभिन्न माध्यमबाट प्राप्त गरेको शिक्षालाई समकक्षता दिने प्रणालीको विकास पालिका स्तरमा भएको छैन । पालिकाको साक्षरता अवस्था विशलेषण गर्दा ५ बर्ष भन्दा माथिको साक्षरता दर ५८.९ प्रतिशत, १५ बर्ष भन्दा माथि ५०.५ प्रतिशत, १५ देखि २५ बर्ष भित्र उमेर समुहका साक्षरता प्रतिशत ७९.१ मात्र रहेको छ ।

यस नगरपालिकाले आर्थिक वर्ष २०७९।०८० मा घरधुरी सर्वेक्षण गरी संकलन गरेको तथ्याङ्क बमोजिम १५-६० वर्ष उमेर समूहका ११,०९२ जना लाई साक्षर गराउने गरी २०७९ भाद्र २३ गते अन्तर्राष्ट्रिय साक्षरता दिवसका दिन औपचारिक रुपमा साक्षरता कार्यक्रमको सुरुवात गरी चाँडै नै साक्षर नगरपालिका घोषणा गर्ने तयारीमा जुटेको थियो। १० वटै वडामा जम्मा २३४ स्थानमा त्यतीनै संख्यामा सहजकर्ता परिचालन गरी साक्षरता कक्षा संचालन गरिएको थियो । करिब ५०-६० दिन चलेको साक्षरता कक्षामा सहभागीहरुको कार्यव्यस्तता, अनौपचारिक शिक्षाप्रति अभिरुचिको कमी, सहभागिहरुको अनियमितता, साक्षरोत्तर शिक्षाको कमी, अनौपचारिक शिक्षा प्रदान गर्ने निकायहरुबिच समन्वयको अभाव आदि कारणले तोकिएको समय सम्म कार्यक्रम चल्न सकेको थिएन । प्रत्येक वडामा एक एक जना विद्यालयको शिक्षकलाई सुपरीवेक्षकको रुपमा खटाइए पनि अन्त्यमा मूल्याङ्कन हुन नसक्दा के कति निरक्षर व्यक्तिले न्युनतम साक्षरता सक्षमता विकास गर्न सके यथार्थ विवरण उपलब्ध हुन सकेन । तर त्यस कार्यक्रमबाट २५-३० प्रतिशत निरक्षर व्यक्तिले न्युनतम साक्षरता सक्षमता हाँसिल गरी साक्षर भएको अनुमान गरिएको छ । १५६० - वर्ष उमेरसमूहका ११,०९२ जना निरक्षर व्यक्तिहरु मध्ये बाँकी रहेका (अनुमानित ८०००) जना लाई घरधुरी सर्वेक्षण तथा साक्षर प्रमाणिकरण फारम प्रयोग गरी साक्षरताको स्तर पता लगाई यस कार्यक्रमद्वारा साक्षर बनाउने गरी अनौपचारिक शिक्षा द्वारा लक्षित वर्गहरुलाई आजिवन सिकाइमा सक्षम बनाउने।विभिन्न कारणले विधालय भन्दा बाहिर रहेका मानिसहरुलाई रोजगर मुलक तथा सीप मुलक शिक्षाको शुरुवात पालिकाले गरे तापनि अप्रयास देखिन्छ

**अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका चुनौतीहरू देहाय बमोजिम पहिचान गरिएको छ :**

१. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको सहज र सर्वसुलभ पहुँच सुनिश्चित गर्नु ।
२. साक्षरता, निरन्तर सिकाइ, आयमूलक सीपसँगै समय सापेक्ष सूचना प्रविधियुक्त साक्षरता कक्षा सञ्चालन गर्नु।
३. विभिन्न माध्यमबाट प्राप्त गरेको शिक्षालाई समकक्षता दिने प्रणालीको विकास पालिका स्तरमा गर्नु ।
४. मौलिक तथा परम्परागत संस्कृतिको पहिचान, संरक्षण प्रवर्धन गर्नु ।
५. सामुदायिक सिकाइ केन्द्रलाई समयसापेक्ष सिकाइ आवश्यकता सम्बोधन गर्न सक्ने बनाउनु ।
६. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ लागि मापदण्ड बनाउनु ।
७. पाठ्यक्रम, पाठ्यपुस्तक तथा थप सिकाइ सामग्रीहरू विकास गर्नु।
८. व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र, घुम्ती पुस्तकालय स्थापना र प्रवर्धन गर्ने विषयलाई सामुदायिक सिकाइ केन्द्रसँग आवद्ध गर्नु।
९. सहजकर्ताको क्षमता विकास गर्नु।

## ३.४.२ उद्देश्य

यस योजनाले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइसम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ :

१. विधालय भन्दा बाहिर रहेको उमेर पुगेका सबै बालबालिकाहरुलाई विधालय भर्ना गराउनु तथा शिक्षाको बैकल्पिक ब्यवस्था गर्नु ।
२. रोजगर  तथा सीपमुलक शिक्षाको विकास गरि आयआर्जनलाई बढावा दिनु ।
३. नगर पालिका भित्रका सबै प्रौढहरुलाई(१५-६० उमेर समुह)आगामी २ वर्ष भित्र साक्षर बनाउनु
४. सामुदायिक सिकाइ केन्द्रको विकास र विस्तार गर्नु।
५. पालिका स्तरमा समकक्षता प्रणालीको स्थापना गर्नु ।

### ३.४.३ रणनितिहरु

१. विद्यालय भन्दा बाहिर रहेका बालबालिका तथा किशोरकिशोरिहरु एवमः निरक्षरहरुको विवरण संकल्न गर्ने ।
२. विद्यालय भन्दा बाहिर रहेका बालबालिका तथा किशोरकिशोरिहरुको लागि अनौपचारिक तथा बैकल्पिक सिकाई केन्द्रहरुको स्थापना तथा संचालन गर्ने ।
३. विद्यालय भर्ना तथा बैकल्पिक शिक्षाको ब्यवस्था गर्ने ।
४. वडाअन्तर्गत आवश्यक स्थानमा समुदायिक सिकाई केन्द्र स्थापना गर्ने आयआर्जन बृद्धिका लागि उधोग तथा रोजगार शाखासंग सम्बन्य गर्ने ।
५. सामुदायिक सिकाई केन्द्र मार्फत विभिन्न सीप विकास र आयअर्जन तथा सीप मुलक कार्यक्रम संचालन गर्ने अनौपारिक माध्यमबाट प्रप्त गरेका ज्ञान तथा सीपहरुको परिक्षण र प्रमाणिकरण गरि राष्टिय योग्यता प्रारुपले गरेको ब्यवस्या बमोजिम प्रामाण पत्रको ब्यवस्था मिलाउने।
६. नातिजामा आधारित अनुगमन तथा मुल्यांकन प्रणाली संस्थागत गर्ने।
७. समुदाय परिचालनको लागि टोल शिक्षा निगरानि समुह गठन तथा परिचालन गर्ने ।
८. अभिभावक सचेतना कार्यक्रम गर्ने ।

### ३.४.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

क) **उपलब्धि**

सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त भएको हुने।

**ख) प्रमुख नतिजाहरू**

१. साक्षर मनराशिसवाको रुपमा विकास हुने ।
२. लक्षित बर्ग र समुदायमा सिकाइ अवसरहरूको सिर्जना हुने ।
३. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई कार्य सञ्चालन हुने ।
४. सामुदायिक सिकाइ केन्द्रको विकास र विस्तार हुने।
५. विज्ञ समूह निर्माण गरि अनौपचारिक तथा आजीवन सिकाइ सम्बन्धी अवधारणा पत्र तयार हुने।
६. स्थानीय माग र आवश्यकताका आधारमा रोजगारी मूलक अनौपचारिक पाठ्यक्रम तयार हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | सूचक | आधार वर्ष (०८१/८२) | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | भाषिक तथा गणितीय साक्षरता सिप (पन्ध्र बर्षभन्दा माथि) (%) | ५०.५ | ७२.० | ८०.५ | ९०.० | १०० | १०० |
| २ | भाषिक तथा गणितीय साक्षरता सिप (पन्ध्र बर्ष भन्दा माथिको महिला) (%) | ३७.८ | ४५.५ | ६५.५ | ७०.० | ७५.० | ८० |
| ३ | आधारभूत सुविधा सम्पन्न सामुदायिक सिकाई केन्द्रको सङ्ख्या | ३ | ६ | ८ | ९ | १० | १२ |
| ४ | सामुदायिक पुस्तकालयको सङ्ख्या | ० | १ | २ | ३ | ४ | ५ |
| ५ | अनौपचारिक तथा बैकल्पिक सिकाई केन्द्रहरुबाट लाभान्वित बालबालिका तथा किशोरकिशोरिहरुको संख्या | | ९० | २०० | २५० | ३०० | ३५० |
| ६ | अनौपारिक माध्यमबाट प्रस गरेका ज्ञान तथा सीपहरुको परिक्षण र प्रमाणिकरण अनरुप राष्टय योग्यता प्रारुपले गरेको ब्यवस्या बमोजिम प्रामाण पत्र प्रास गर्ने ब्यत्तिहरुको संख्या | ० | ९० | २०० | २५० | ३०० | ३५० |

## ३.४.५प्रमुख क्रियाकलाप र लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वियन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य*

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | निरक्षरहरूको तथ्याङ्क संकलन तथा खण्डिकृत डाटा वेस तयारी | पटक | १ | | | | | १ | १ | नगरपालिका |
| २ | साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन | पटक | १ | | | | | | | नगरपालिका |
| ३ | सामुदायिक विद्यालयका बालबालिकाहरुको नियमितता तथा नतिजावृद्धि गर्न अभिभावक शिक्षा कार्यक्रम संचालन गरिने | पटक | | १ | | १ | | २ | ४ | नगरपालिका |
| ४ | सामूदायिक सिकाइ केन्द्रको सुदृढीकरण | | | १ | | | १ | २ | ४ | नगरपालिका |
| ५ | अनौपचारिक तथा आजीवन सिकाई र | पटक | | | १ | | २ | ३ | ५ | नगरपा |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | यसको आगामी मार्ग सम्बन्धमा अवधारणागत स्पष्टताका लागि विज्ञ समुहबाट अवधारणा पत्रतयार गरी अभिमुखीकरण गरिने । | | | | | | | | | लिका |
| ६ | सामुदायिक पुस्तकालय तथा वाचनालयहरू स्थापना गरी सामुदायिक सिकाइ केन्द्रसंग आवद्ध गरिने। | पटक | | १ | | | | १ | २ | नगरपालिका |
| ७ | सिकाइ क्रियाकलापमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग (रेडियो, टेलिभिजन, अनलाईन तथा अफलाइन डिजिटल सामग्री, डिजिटल प्लेटफर्म विकास र संचालन) गरिने। | पटक | | | १ | | | १ | १ | नगरपालिका |
| ८ | राष्ट्रिय योग्यता प्रारूप अनुसार योग्यता प्रमाणीकरण तथा समकक्षता सम्बन्धी कार्यविधि तयार तथा कार्यान्वयन गर्ने कार्यमा सहजीकरण गरिने । | पटक | निरन्तर | | निरन्तर | | | निरन्तर | निरन्तर | नगरपालिका |
| ९ | नवसाक्षरहरू र विपन्न महिलाहरूलाई समावेश गरी समूहहरू निर्माण गर्ने र आय आर्जनका कार्यक्रमहरु सञ्चालन गर्दै बचत गर्ने बानीको विकास गर्ने संयन्त्र निर्माण र त्यसको परिचाल नगर्ने। | पटक | निरन्तर | | | निरन्तर | | | निरन्तर | नगरपालिका |

## ३.५ अन्य उपक्षेत्रहरू

स्थानीय तहरूले माथि उल्लेखित चार उपक्षेत्र बाहेक शिक्षाका अन्य उपक्षेत्रहरूलाई पनि आफ्नो शिक्षा योजनामा समेट्न सक्दछन् । उदाहरणका लागि प्राविधिक तथा व्यावसायिक शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालन गरिरहेका वा गर्न इच्छुक पालिकाले सोसम्बन्धी उपक्षेत्र थप गर्न सक्छन् । त्यसैगरी उच्च शिक्षा तथा जनशक्ति विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरिरहेका वा गर्न इच्छुक पालिकाले सो सम्बन्धी उपक्षेत्र थप गर्न सक्छन् । यसो गर्दा माथिकै ढाँचामा सो उपक्षेत्र सम्बन्धी योजनाको विकास गर्न सकिन्छ ।

## ३.५.१ प्राविधिक तथा व्यावसायिक शिक्षा

### परिचय

शिक्षाले गरिखाने सीप सिकाउन सकेन र शिक्षालयहरु बेरोजगार उत्पादन गर्ने थलोमात्र भए गुनासो अहिले सर्वत्र सुनिन गरेको छ। यस्ता गुनासोहरुलाई सम्बोधन गर्न माध्यमिक तहको पाठ्यक्रममा प्राविधिक धारको व्यवस्था गरिनुका साथै प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदले कार्यक्रम मार्फत सामुदायिक विद्यालयहरुमा विभिन्न विषयको प्राविधिक शिक्षा कार्यक्रमहरु संचालन गरिरहेको छ । यस्तो अवस्थामा कक्षा ९ देखि १२ सम्म उत्तीर्ण गरेका र माथिल्लो तहको शिक्षामा जान आर्थिक र बौद्धिक क्षमता तथा रुचि र चाहनाका कारण असक्षम र अनिच्छुक विद्यार्थीहरु अलमलमा पर्ने गरेको देखिन्छ।त्यस्ता व्यक्तिहरुका लागि नगरपालिकाले रोजगार मुलक सीप सिक्ने अवसर प्रदान गर्नुपर्दछ भन्ने मान्यताका साथ यस योजनामा कार्यक्रम राखिएको हो ।

### ३.५.१ वर्तमान अवस्था

यस नगरपालिकाको श्री दुर्गा मा.वि मनरामा प्राविधिक धार अन्तर्गत सिभिल र प्राविधिक शिक्षा तथा व्यसायिक तालिम परिषद अन्तर्गत प्रि-डिपलोमा कम्प्युटर साइन्स संचालित रहेको छ। जस मध्ये सिभिल कक्षा ९-१२ मा जम्मा विद्यार्थी संख्या १८१ जना तथा ३ वर्षे(कक्षा ११-१३)प्रि-डिपलोमा कम्प्युटर साइन्समा जम्मा विद्यार्थी संख्या ४८ जना अध्ययनरत रहेका छन।

सो प्राविधिक धारमा अध्यनरत विद्यार्थीहरुको लागि छोटो अवधीका व्यवसायिक र सिप मुलक तालिमहरु पालिकाको समन्यवमा समेत संचालन हुने गरेको छन। सो वाट विद्यार्थीहरुमा सिपको विकास भई कमाउदै पठदै अभियानमा समेत टेवा पुर्‍याउने छ र सोको लागि नगरपालिकाबाट प्रत्येक आ.व. मा बजेटको व्यवस्था गर्दै जानु पर्ने देखिन्छ। साथै सो प्राविधिक शिक्षा संचालनको लागि मा.वि. द्वितीय ४ जना शिक्षकहरु, मा.वि. तृतीय २ जना शिक्षकहरु नि.मा.वि. तृतीय २ जान शिक्षकहरु र ल्याव सहयोगी १ जान गरी जम्मा ९ जना कार्यरत रहेका छन। जस मध्ये अंग्रेजी तथा नेपाली विषयको शिक्षक नरहेकोले सोको लागि मा.वि. साधारण

तर्फका शिक्षकहरुबाट अध्ययन अध्यापन गराउदै आईरहेको छ। अध्ययन पुरा गरीसकेका विद्यार्थीहरुको लागि स्थानिय स्तरमा रोजगारीको व्यवस्था न्युन रहेको देखिन्छ । सो कारणले गर्दा विद्यार्थीहरुको भर्ना दरमा प्रत्येक वर्षमा कमि आईरहेको देखिन्छ।

**चुनौतिहरुः**

१. दक्ष प्रविधिक जनशक्तिको अभाव हुनु,
२. पाठयपुस्तक उपलब्ध नहुनु,
३. कार्यथलो (OJT) को लागि उचित स्थान नपाउनु,

### ३.५.२. उद्देश्य

१. यस स्थानिय तहका सबै नागरिकका लागि प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमाका अवसर शुनिस्चित गर्नु।
२. प्राविधिक तथा व्यवसायिक शिक्षा तथा तालिम को क्षेत्रमा उत्पादन हुने जनशक्तिको लागि स्थानिय स्तरमा रोजगारी तथा स्व रोजगारीका अवसरहरु उपलब्ध गराउनु ।-
३. प्राविधिक तथा व्यवसायिक शिक्षा तथा सिप विकास का अवसरहरुलाई सान्दर्भिक, उपयोगी तथा गुणस्तरीय बनाउनु ।
४. प्राविधिक शिक्षा अध्ययन गरिरहेका जम्मा विद्यार्थीहरु मध्ये १००% विद्यार्थी उतिर्ण गराउने र सो मध्ये ५०% लाई स्वरोजगार सुनिस्चित गर्नु ।

### ३.५.३ रणनीति

१. स्थानिय तहमा प्राविधिक तथा व्यवसायिक शिक्षा र सिपको अवसर सृजना गर्ने।
२. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद, सानोठिमी भक्तपुरसँग समन्वय गरेर नगरपालिकामा एउटा वहुप्राविधिक शिक्षालयको स्थापना गर्ने ।
३. थप विद्यालयमा समेत प्राविधिक धार संचालन गर्ने।
४. समय सपेक्ष प्राविधिक शिक्षाका थप कार्यक्रमहरुको विस्तार गर्ने,
५. प्राविधिक धार संगै संगै विज्ञान संकाय संचालन गर्ने ।
६. प्रयोगात्मक तर्फ प्राथमिकता दिन प्रयोगात्मक ल्याव व्यवस्थित गर्ने,
७. आवासीय प्राविधिक विद्यालय र यातायातको व्यवस्था गरी कार्यन्वयन गर्ने
८. विद्यार्थीहरुका लागि OJT को लागि कार्यशाला स्थापना गरन्,
९. पढदै कमाउदै कार्यक्रम संचालनका लागि अवसरहरु सृजना गर्ने,
१०. प्रविधिक धारमा कार्यरत शिक्षकहरुको क्षमता अभिवृद्धि तथा प्रोत्साहन कार्यक्रम संचालन गर्ने,
११. यस धारमा अध्ययनरत विधार्थीहरुको श्रम वजार खोजिका लागि विषयसँग सम्बन्धित सरकारी गैरसरकारी संघ संस्था, उद्योग, व्यपार, व्यवसायमा संलग्न व्यक्तिसँग आवश्यकता अनुसार श्रम सम्झौता गर्ने ।
१२. प्राविधिक तथा व्यवसायिक शिक्षा र सिपको गुणस्तर प्रभावकारिता र पहुँच बढाउनको लागि सरोकारबालहरु सँग समन्वय तथा सहकार्य गर्ने।

१३. आय आर्जन खालका क्रियाकलापको लागि संघ, प्रदेश, नगरपालिका निजि क्षेत्र संग आवश्यक सहयोग तथा सहकार्य गर्दै जाने।

### ३.५.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययन गरेका विद्यार्थीहरु मध्ये शैक्षिक सत्र २०८२ मा सत प्रतिशत उर्तिर्ण भएका हुने छन् ।
२. प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययन गरेका मध्ये कम्तिमा ५०% विद्यार्थीहरु स्थानीय तह, निजी तथा सरकारी क्षेत्रमा रोजगार वा स्व- रोजगार हुनेछन् ।
३. सञ्चालनमा रहेका प्राविधिक शिक्षालय तथा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रमहरु प्रभावकारी, गुणस्तरीय र साधन स्रोत सम्पन्न भएका हुने।
४. नगरपालिकामा कम्तिमा २ वटा विद्यालयहरुमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रम सञ्चालन भएको हुने।
५. प्राविधिक तथा व्यवसायिक शिक्षाको क्षेत्रमा उत्पादन हुने जनशक्तिका लागि स्थानिय स्तरमा रोजगारी तथा स्वरोजगारीका लागि अवसर सुनिश्चित हुनेछ ।
६. उपलब्ध स्रोत र साधनमा आधारित रोजगार व्यवसाय उद्योग मार्फत आर्थिक विकास र समृद्धिमा योगदान हुनेछ ।
७. प्रविधिक धाराका साथै विज्ञान संकायको स्थापन हुनेछ ।
८. छोटो अवधिका प्राविधिक तथा व्यावसायिक तालिमहरू सञ्चालनका लागि निजी साझेदारी अनुसार सञ्चालन भएका हुने।
९. स्थानीय प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम नीति तथा योजना विकास र कार्यान्वयन भएको हुने ।

**नतिजा**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक धार संचालित विद्यालय संख्या | १ | १ | १ | १ | २ | २ |
| २ | प्राविधिक शिक्षा तथा व्यसायिक तालिम प्राप्त गरेको जनसंख्या | ० | १०० | १५० | २०० | २५० | ३०० |
| ३ | प्राविधिक धाराका साथै विज्ञान संकायको स्थापना | ० | ० | ० | १ | १ | १ |
| ४ | व्यावसायिक शिक्षा संचालित विद्यालय संख्या (CTVET) | १ | १ | १ | २ | २ | २ |
| ५ | पढदै कमाउदै कार्यक्रम संचालन भएका विद्यालय संख्या | ० | ० | ० | १ | २ | ३ |

## ३.५.५प्रमुख क्रियाकलाप र लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | आवासीय प्रविधिक विद्यालय र यातायातको व्यवस्था गरिने | पटक | १ | | | | १ | २ | ३ | संघ/ प्रदेश/ नगरपालिका |
| २ | सुविधा सम्पन्न प्रयोगशाला व्यवस्थापनमा सहयोग गरिने। | विद्यालय संख्या | १ | | | | १ | २ | ३ | नगरपालिका |
| ३ | प्राविधिक तथा व्यावसायिक शिक्षा सम्बन्धी नगर स्तरीय नीतिको तर्जुमा गरिने। | पटक | १ | | | | १ | २ | ४ | नगरपालिका |
| ४ | पढदै कमाउदै कार्यक्रम संचालन गरिने\| | विद्यालय संख्या | १ | १ | १ | २ | २ | ७ | सबै मा.वि. | नगरपालिका |
| ५ | वैदेशिक रोजगारीबाट हांसिल गरेको अनुभव र सीपलाई खोजी, प्रमाणीकरण र उपयोग गर्ने कार्यक्रम सञ्चालन गर्न सहजीकरण गरिने | पटक | | १ | १ | | १ | ३ | ५ | नगरपालिका |
| ६ | छोटो अवधिका सीप मूलक तालिमहरू सञ्चालन गरिने। | पटक | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका |
| ७ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायक संस्थाहरूको अनुगमन, नियमन र व्यवस्थापन गरिने। | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्त | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका |
| ८ | प्राविधिक शिक्षा अध्ययन गरेका यूवाहरूलाई उद्धमशीलता विकासको लागि सहयोग गरिने। | संख्या | | ५ | ५ | ५ | ५ | २० | ५० | नगरपालिका |

# परिच्छेद ४:अन्तर सम्बन्धित विषय तथा क्षेत्रहरू

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

### ४.१.१परिचय

मानव जीवनका लागि आइपर्ने विभिन्न समस्याहरु समाधान गर्नका लागि चाहिने ज्ञान, सीप र क्षमता आर्जनका लागि एउटा मार्गनिर्देश नै पाठ्यक्रम हो। मानव जीवनका व्यवहारिक समस्या समाधान हुनु भनेको राष्ट्र र समाजका समस्या समाधान हुनु हो । वास्तवमा पाठ्यक्रमले शैक्षिक तथा सामाजिक जीवनदर्शन, समकालीन समाजका वास्तविकताहरु, सिकाइ प्रक्रिया एवं विषयवस्तु तथा ज्ञानको प्रकृति समेतलाई विचार गरि बालबालिकाको सिकाइ सम्बन्धी आवश्यकताको निदान गरेर विस्तृत योजना प्रस्तुत गरेको हुन्छ। पाठ्यक्रम विकास एउटा निरन्तर प्रक्रिया भएकोले समाज, राष्ट्र र व्यक्तिको आवश्यकता र चाहनाअनुरुप परिवर्तन भइरहन्छ। निर्धारित सिकाइ उपलब्धिहरु प्राप्तिका लागि विद्यार्थीहरुलाई विभिन्न अनुभवहरु हासिल गराउन निश्चित दिशा दिने कार्यक्रम नै पाठ्यक्रम हो।

पाठ्यक्रम विकास तथा कार्यान्वयन प्राविधिक कार्य हो। यसमा विभिन्न व्यक्ति, समूहसँगको सहकार्य आवश्यक हुन्छ । पाठ्यक्रम निश्चित रुपमा सान्दर्भिक हुनुपर्छ। समयसापेक्ष हुनुपर्छ। जनचाहना पूरा गर्न सक्नुपर्दछ । कक्षाकोठाको वातावरण अनुकूल हुनुपर्छ । व्यवहार योग्य, प्रयोग योग्य, पाठ्यक्रम विकास तथा कार्यान्वयन सर्वत्र अपेक्षित विषयका रुपमा पर्छ । पाठ्यक्रम समावेशी हुनुपर्छ। यसले सबैको चाहना प्रतिविम्वन गर्न सक्नुपर्छ। स्थानीय तहको नेतृत्व र सहभागिताका आधारमा स्थानीय तहमै प्राविधिक तथा आर्थिक स्रोत परिचालन गरि मातृभाषा तथा स्थानीय ज्ञान, सीप र प्रविधिमा आधारित विषयवस्तुको चयन, व्यवस्थापन र कार्यान्वयन गरिनुलाई स्थानीय आवश्यकतामा आधारित शिक्षाका रुपमा लिइन्छ ।

पाठ्यक्रम कुनै कक्षा वा तहमा कुन-कुन विषयवस्तु सिकाउने भन्ने कुरासँग मात्र सम्बन्धित नभई विद्यार्थीमा के कस्ता क्षमता विकास गराउने हो अर्थात् किन पढाउने, के कस्ता क्रियाकलापका माध्यबाट अपेक्षित सक्षमता हासिल गराउन सकिन्छ र विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चित गरि आवश्यक पृष्ठपोषण प्रदान गर्न के कसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्त्वपूर्ण आधार हो। मूल्याङ्कन पद्धतिका रुपमा कक्षाकोठामा आधारित पठन सीप परिक्षण, आवधिक परीक्षा, आवधिक मूल्याङ्कन, **NARN, NASA** रहेका छन् भने हाल सिकाइका लागि मूल्यांकनको प्रभावकारी कार्यान्वयन आजको आवश्यकता रहेको छ । साथै सन्दर्भ सामग्रीहरूमा विद्यार्थीहरूको पहुँच वृद्धिको लागि गरिएको व्यवस्था जस्तै विद्युतीय प्रति **CEHRD** को अनलाइन पोर्टलमा राखिएको, राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम लागु भएका जिल्लामा कक्षा १-३ का लागि दिइएका सामग्री आदि रहेका छन् ।

### ४.१.१ वर्तमान अवस्था

मनराशिसवा नगरपालिकाले हालसम्म नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम लागू गर्दै आएको सर्वविदितै छ ।शैक्षिक सत्र २०७९ देखि यस पालिकाले आधारभूत तह कक्षा १-८ को स्थानीय विषय पठनपाठनको लागि पाठ्यक्रम विकास केन्द्रले निर्माण गरेको सँस्कृत विषयको पाठ्यक्रम, पाठ्यपुस्तक तथा सिकाइ सामग्री लागू गरेको छ ।यसै शैक्षिक सत्रदेखि यस पालिकाले आधारभूत तह कक्षा १-८ को स्थानीय विषयको पाठ्यक्रम निर्माण गरि परीक्षणको तयारीमा रहेको छ । स्थानीय विषयले यस पालिकाको समग्रता झल्काउन मद्दत पुर्‍याई बालबालिकाहरुलाई आफ्नो परिवेश अनुकूलको विषयवस्तुमा सहज तरिकाले परिचित हुन सहयोग पुर्‍याउछ ।स्थानीय पाठ्यक्रममा विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १-८ मा अन्तरसम्बधित विषयवस्तुलाई एकीकृत गरिएको, व्यवहार कुशल तथा जीवनोपयोगी सीपहरू समावेश हुने गरी सिकाइ क्रियाकलाप तर्जुमा गर्ने रणनीति लिइएको, आधारभूत तहमा स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नु पर्ने र सबै कक्षाका विषयवस्तुलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बधित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था गरीएको छ। प्रत्येक विषयमा विषयवस्तुको स्वरूप अनुसार विद्यार्थीलाई ५० प्रतिशतसम्म भारको प्रयोगात्मक कार्य, परियोजना कार्य वा सामुदायिक कार्य लगायतका व्यवहारिक अभ्यास गराउनु पर्ने व्यवस्था छ । त्यसैगरी यसले सिकाइमा प्रयोग गरीने माध्यम भाषाले सिकाइमा बाधा नपर्ने गरी आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा वा बहुभाषाको प्रयोग गरी सिकाइ सहजीकरण गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई जीवनोपयोगी तथा व्यवहार कुशल सीपका रूपमा एकीकृत गर्नुका साथै सिकाइको माध्यमका रूपमा प्रयोगलाई विस्तार गर्ने र विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्ने गरी प्रयोग गर्ने नीति लिएको छ।आधारभूत तह कक्षा १-३ मा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली मार्फत उदार कक्षोन्नति गर्ने नीति हालको पाठ्यक्रमले लिएपनि विद्यार्थीको अनुपातमा शिक्षकको अभाव, भएको शिक्षकहरुमा तालिमको अभाव, आवश्यक सामाग्रीको अभाव, सरोकारवालाहरुमा समन्वयको अभावले मूल्याङ्कनका पुरानै पद्धति ( पेपर,पेन्सिल टेस्ट ) हुँदै आएको छ ।आधारभूत तह कक्षा ४-८ मा ५० प्रतिशत निर्णयात्मक र ५० प्रतिशत निर्माणात्मक मूल्याङ्कन बिधि अपनाउनु पर्नेमा विविध कारणले गर्दा निर्माणात्मक मूल्याङ्कन हुन नसकेकोअवस्था रहेको छ। कक्षा ८ को वार्षिक परीक्षा पालिका स्तरमा हुने गरेको छ । कक्षा १० तथा १२ को अन्तिम परीक्षा राष्ट्रिय परीक्षा बोर्डको निर्देशन अनुरुप हुने गरेको छ।

**पाठ्यक्रम तथा मूल्याङ्कनमा देखिएका विद्यमान चुनौतीहरु**

१. स्थानीय पाठ्यक्रम निर्माण र पाठ्यसामग्री विकास नहुनु ।
२. पाठ्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयनको लागी शिक्षकतालिम सञ्चालन नहुनु ।
३. सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको प्रयोग नहुनु।
४. कक्षा १३ मा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली-लागू गर्नु।
५. कक्षा ४-८ मानिर्माणात्मक मूल्याङ्कन बिधिकार्यान्वयन गर्नु।

### ४.१.२उद्देश्य

यस योजनाले पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ :

१. स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनका लागि शिक्षकतालिम सञ्चालन गरी समृद्ध मनराशिसवा निर्माणका लागि सक्षम, सिर्जनशील तथा प्रतिस्पर्धी नागरीक तयार गर्न सहयोग गर्नु।
२. सिकारुका सिकाइ समस्याको समाधान लागि कक्षा १३ मा निरन्तर विद्यार्थी मूल्याङ्कन- प्रणाली र कक्षा ४-८ मानिर्माणात्मक मूल्याङ्कन बिधिकार्यान्वयन गर्नु ।
३. सिकाइमा दैनिक जीवनसँग सम्बन्धितसूचना प्रविधिको प्रयोग गराउने र विषयवस्तुलाई दैनिक जीवनसँग अन्तरसम्बन्धित गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु।

### ४.१.४ रणनीतिहरू

उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरीनेछ :

१. स्थानीय पाठ्यक्रमलाई समयसापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाई सम्मृद्ध मनराशिसवा निर्माणका लागि सक्षम र प्रतिस्पर्धी नागरीक तयार गर्न पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रियालाई अनुसन्धान तथा आवधिक मूल्याङ्कनमा आधारित बनाइने।
२. पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास प्रक्रियालाई सहभागितामूलक बनाई स्थानीय सरोकारवालामा अपनत्व विकास गरी जवाफदेही बनाउन स्थानीय परिवेशमा आधारित पाठ्यक्रम विकास प्रक्रियालाई अवलम्वन गरी परीक्षणका रूपमा कार्यान्वयनमा ल्याइने छ र प्रभावकारिता आधारमा निरन्तरता प्रदान गरीने ।
३. स्थानीय पाठ्यक्रम मार्फत स्थानिय प्रकोप व्यवस्थापन विषयवस्तु समावेश गरी विपत, महामारी तथा सङ्कट व्यवस्थापन र न्यूनीकरण गर्न प्रारम्भिक कक्षा देखिनै बालबालिकालाई सक्षम बनाइँदै लगिने।
४. विपत, महामारी तथा सङ्कटको समयमा सिकाइलाई निरन्तरता दिन सूचना तथा सञ्चार प्रविधिको अधिकतम् उपयोगमा जोड दिइने ।
५. प्रारम्भिक कक्षाहरुमा सिकाइ सहजीकरणका निम्ति आवश्यकता अनुसार मातृभाषा र स्थानीय भाषालाई प्राथमिकता दिइने ।

६. निरन्तर विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रुपमा प्रयोग गर्ने।
७. राष्ट्रिय तथा स्थानिय पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकहरुको पेशागत क्षमता अभिवृद्धि गर्ने।
८. पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामाग्री सम्बन्धित शिक्षक तथा सरोकारवालाहरुलाई प्रबोधिकरण गर्ने।
९. शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री र विद्यार्थीका लागि सिकाइ सामग्री, स्वअध्ययन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्थाको सुनिश्चितता गर्ने।
१०. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको बृत्तिविकास सँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गर्ने ।
११. Teaching at the Right Level (TaRL) पद्धति लागू गर्ने ।

### ४.१.५ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

१. विद्यालय तहमा रहेको आधारभूत तहको स्थानीय पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक व्यवहार कुशल तथा जीवनोपयोगी सीपहरू समावेश हुने स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञान, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरीक तयार गर्न सहयोग हुने ।
२. पाठ्यक्रममा आधारित शिक्षण सिकाइ द्वारा सिकारुमा ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुनेछ ।
३. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन भएको हुनेछ ।
४. निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन भै विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आउनेछ ।
५. सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको प्रयोग हुनेछ ।

**ख) नतिजा**

१. स्थानीय पाठ्यक्रम प्रारम्भिक बाल विकास देखि कक्षा ८ सम्म विकास तथा कार्यान्वयन हुने ।
२. प्रारम्भिक बालविकास तथा शिक्षादेखि आधारभूत तह कक्षा १-८ मा आवश्यकता अनुसार मातृभाषा र स्थानीय भाषा प्रयोग गरी सिकाइ सहजीकरण हुने ।
३. शिक्षण सिकाइको अभिन्न अङ्गको रुपमा मूल्याङ्कन हुने ।
४. शिक्षण सिकाइ क्रियाकलाप बालमैत्री, अपाङ्गमैत्री तथा स्थानीय सन्दर्भ सापेक्ष प्रभावकारी हुने ।
५. स्थानीय पाठ्यक्रम परिमार्जन तथा सुधार अनुसन्धानमा आधारित हुने ।
६. प्रत्येक विद्यालयमा प्रत्येक विद्यार्थीको मूल्याङ्कनका लागि अनिवार्य कार्य सञ्चयिका फायल खडा भएको हुने ।

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू ।*

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय सँख्या | १ | १ | ५ | १० | १५ | २३ |
| २ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय सँख्या | २३ | २३ | २३ | २३ | २३ | २३ |
| ३ | स्थानीय भाषामा कक्षा सञ्चालन गर्ने विद्यालय | २३ | २३ | २३ | २३ | २३ | २३ |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने | १ | १ | ५ | १० | १५ | २३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | विद्यालय | | | | | | |
| ५ | जलवायु परिवर्तन तथा उत्थानशीलता सम्बन्धी सामग्री प्रयोग गर्ने विद्यालय सँख्या | ० | ० | ५ | १० | १५ | २३ |

## ४.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

पालिकाले कार्यान्वयन गर्ने प्रमुखक्रियाकलापर वार्षिक लक्ष्य निम्नानुसार रहेको छ ।

| **क.सं.** | **प्रमुख क्रियाकलापहरू** | **इकाइ** | **भौतिक लक्ष्य (५ वर्ष)** | | | | | | **भौतिक लक्ष्य (१० वर्ष)** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | **२०८१** | **२०८२** | **२०८३** | **२०८४** | **२०८५** | **जम्मा** | | |
| १ | पाठ्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयनको लागी शिक्षक तालिम सञ्चालन | संख्या | २३ | ७५ | १२५ | २०० | २५१ | २५१ | सबै | नगरपालिका |
| २ | कक्षाकोठामा आधारित निरन्तर विद्यार्थी मूल्याङ्कन | कक्षा/विषय | १ | १-३ | ४-५ | ६-७ | | | १-७ | नगरपालिका |
| ३ | स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन | कक्षा/विषय | ० | १-३ | ४-५ | ६-८ | | | १-८ | नगरपालिका |
| ४ | स्थानीय पाठ्यक्रम तथा सिकाइ सहजीकरण पुस्तिका प्रबोधिकरण | कक्षा/विषय | ० | १-३ | ४-५ | ६-८ | | | १-८ | नगरपालिका |
| ५ | सिकाइ पाठ्यक्रम तथा सहजीकरण पुस्तिकालाई मातृभाषा वा स्थानीय भाषामा रुपान्तरण गर्ने | कक्षा/विषय | ० | १-३ | ४-५ | ६-८ | | | १-८ | नगरपालिका |
| ६ | सूचना तथा सञ्चार प्रविधि प्रविधिमा आधारित डिजिटल सामग्री | कक्षा/विषय | ० | १-३ | ४-५ | ६-८ | | | १-८ | नगरपालिका |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### परिचय

सिकाइ सहजीकरण प्रक्रियाको केन्द्रका रुपमा शिक्षक रहन्छन्।सिकारु र शिक्षकबीचको अन्तरक्रियाको प्रकृतिमा सिकाइको गुणस्तर निर्भर रहने गर्दछ। शिक्षक सदैव आफूले अध्यापन गराउनु पर्ने विषयवस्तुका बारेमा गहन ढंगले ज्ञान लिनु आवश्यक हुन्छ। शिक्षक आफ्नो पेशाप्रति प्रतिबद्ध भई समावेशी कक्षा व्यवस्थापन गरि विद्यार्थी, अभिभावक तथा शिक्षकहरुबीच प्रभावकारी सञ्चार र सहकार्य हुनु जरुरी छ। वर्तमान समयका शिक्षकहरुमा आवश्यकीय सक्षमताहरु सुनिश्चित हुनु पर्दछ। शिक्षकले शैक्षणिक योजना निर्माण, सिकाइ सहजीकरणका लागि शैक्षणिक सामग्री संकलन तथा निर्माण, प्रभावकारी विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन गर्न सहज तरिकाले सम्पादन गर्न सक्नुपर्दछ।

गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, पेशाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्धर विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ। शिक्षकमा भएको विषय वस्तुको पर्याप्तज्ञान, शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमूना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ। सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ। यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ। नेपालमा विद्यालय तहको शिक्षामा पहुँच, गुणस्तर, समता, सान्दर्भिकता, सुशासन प्रवर्धनका लागि विगतमा सञ्चालित विभिन्न योजना, परियोजना तथा कार्यक्रमहरूले शिक्षक व्यवस्थापन र शिक्षकको पेशागत क्षमता अभिवृद्धिलाई उच्च प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गरेको पाइन्छ।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेशालाई रोजाइको पेशाका रूपमाविकास गर्ने, शिक्षक तयारी गर्ने, कक्षाकोठाको शिक्षण सिकाइलाई गुणस्तरयुक्त बनाउने, शिक्षकसहयोग प्रणालीलाई सुदृढ बनाउने, शिक्षक पेशागत विकासलाई प्रभावकारी बनाउने, विद्यार्थीको सिकाइ प्रति शिक्षकलाई जिम्मेवार बनाउने र औचित्यपूर्ण शिक्षक आपूर्ति र वितरण गर्ने कार्यलाई प्राथमिकता दिइने छ। यसमा शिक्षक व्यवस्थापन तथा विकासको वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ। वर्तमान अवस्थाको समीक्षा तथा पहिचान गरिएका चुनौतीहरूकोसामना गरि शिक्षक व्यवस्थापन तथा विकासलाई व्यवस्थित र प्रभावकारी बनाउने सन्दर्भमा यस मनरा शिसवा नगरपालिकाले कार्यक्रमका उद्देश्य, उद्देश्य पूरा गर्नका लागि अपनाइने रणनीतिहरू, कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्य मुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ।

### ४.२.१**वर्तमान अवस्था**

**शिक्षण पेशाप्रति आकर्षण र नियुक्ति**

शिक्षण पेशालाई रोजाइको पेशाका रूपमा विकास गर्नका लागि नेपालको पन्ध्रौं योजना (२०७६-र सोह्रौ योजना २०८१ (०८१/२०८०-०७७/०८५ लेयस  पेशामा अब्बल प्रतिभाहरूलाई आकर्षित गर्न विश्वविद्यालयमा उत्कृष्ट अङ्क हासिल गरेका व्यक्तिलाई सोझै शिक्षण

पेशामा प्रवेश गर्न पाउने कानूनी व्यवस्था गर्ने उल्लेख गरेको छ। शिक्षक सेवा आयोग नियमावली, २०५७ अनुसार शिक्षक हुनका लागि शिक्षण अनुमति पत्र अनिवार्य हुनु पर्ने, स्थायी शिक्षक हुनका लागि शिक्षक सेवा आयोगले लिने परीक्षा उत्तीर्ण भएको हुनुपर्ने, बढुवाका लागि निश्चित मापदण्ड पूरा गर्नुपर्ने र पेशाको सुरक्षा लगायतका कारणले शिक्षण पेशालाई समाजमा प्रतिष्ठत पेशाका रूपमा लिइने अवस्था सुधार हुँदै गएको छ। नियमित रूपमा स्थायी नियुक्ति गर्ने कार्यको थालनीले शिक्षण पेशामा थप आकर्षण बढेको अवस्था छ। शिक्षक सेवा आयोगद्वारा सञ्चालित परीक्षामा सम्मिलित हुने युवाहरूको उल्लेख्य उपस्थितिले यस सेवाप्रति शिक्षित युवाहरूको आकर्षण बढ्दै गएको पुष्टि हुन्छ। शिक्षक सेवा आयोगबाट नियुक्तिका लागि सिफारिस भएका शिक्षकहरूलाई स्थानीय तहले विद्यालयमा नियुक्ति तथा पदस्थापन गर्ने कार्यको थालनी भएको छ।

**शिक्षक तयारी**

सिकाइ सहजीकरण प्रक्रियाको केन्द्रका रुपमा शिक्षक रहन्छन्। सिकारु र शिक्षकबीचको अन्तरक्रियाको प्रकृतिमा सिकाइको गुणस्तर निर्भर रहने गर्दछ। शिक्षक सदैंव आफूले अध्यापन गराउनु पर्ने विषयवस्तुका बारेमा गहन ढंगले ज्ञान लिनु आवश्यक हुन्छ। शिक्षक आफ्नो पेशाप्रति प्रतिबद्ध भई समावेशी कक्षा व्यवस्थापन गरी विद्यार्थी, अभिभावक तथा शिक्षकहरुबीच प्रभावकारी सञ्चार र सहकार्य हुनु जरुरी छ। वर्तमान समयका शिक्षकहरुमा आवश्यकीय सक्षमताहरु सुनिश्चित हुनु पर्दछ। शिक्षकले शैक्षणिक योजना निर्माण, सिकाइ सहजीकरणका लागि शैक्षणिक सामग्री संकलन तथा निर्माण, प्रभावकारी विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन गर्न सहज तरिकाले सम्पादन गर्न सक्नुपर्दछ।

शिक्षक सेवा आयोग नियमावली, २०५७ बमोजिम B.Ed. वा M.Ed. अध्ययन गरेको व्यक्ति मा अध्यापन अनुमित पत्रका लागि योग्य मानिन्छ । अध्यापन अनुमति पत्र प्राप्त गरेको व्यक्ति मात्र शिक्षकका लागि योग्य हुन्छ । शिक्षा ऐन, २०२८ तथा शिक्षा (संशोधनसहित) नियमावली, २०५९ र शिक्षक सेवा आयोग नियमावली, २०५७ मा भएको व्यवस्था अनुसार नेपालमा प्राथमिक र निम्नमाध्यमिक तहका लागि शिक्षा शास्त्रमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण वा कक्षा १२ वा अन्यबाट प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी १० महिने शिक्षक तालिम लिई अध्यापन अनुमति पत्र प्राप्त गरेका र माध्यमिक तहका लागि शिक्षा शास्त्रबाट स्नातक तह उत्तीर्ण वा अन्यबाट स्नातक तह उत्तीर्ण गरी एक वर्षे वीगरी अध्यापन अनुमति प्राप्त गरेका व्यक्ति .एड. -मात्र शिक्षक हुन योग्य मानिन्छ। यसै गरी माध्यमिक तह कक्षा १११२ मा अध्यापन गर्नका लागि स्नातकोत्तर तह उत्तीर्ण गरि अध्यापन अनुमति पत्र प्राप्त गरेको हुनुपर्ने प्रावधान छ। शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा सञ्चालन भने शिक्षक सेवा आयोगले गर्दै आएको छ।

**शिक्षण सिकाइ क्रियाकलाप**

कुनै पनि विषयवस्तु विद्यार्थी समक्ष पुऱ्याउँदा जे जस्ता विधि वा माध्यम अपनाइन्छ, तिनले अपेक्षित उद्देश्य परिपूर्तिमा सघाउनु पर्दछ। कुनै पनि शिक्षण विधि शिक्षकले प्रयोग गर्ने तौर तरिका वा विषय वस्तुको स्वरुपमा भर पर्दछ। शिक्षण विधि छनौट गर्दा सकेसम्म विद्यार्थी केन्द्रित खालको अर्थात बालकेन्द्रित विधि अपनाउनुपर्छ, जसमा बढी भन्दा बढी विद्यार्थीको सहभागिता रहोस। शिक्षण विधिको चयन गर्दा मुख्य रुपमा विद्यार्थीको पूर्व ज्ञान, रुचि, क्षमता, चाहना, उनीहरुको तहगत स्तर, विषय वस्तुको प्रकृति र स्वरुप आदिका आधारमा छनौट गर्नु पर्छ।

बालबालिकाको सिकाइ उपलब्धि मूलतः कक्षाकोठामा सञ्चालन गरिने शिक्षण सिकाइ क्रियाकलापमा भर पर्छ। विद्यालय तहको पाठ्यक्रम प्रारूप २०७६ ले पनि शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित, प्रविधि मैत्री, परियोजनामा आधारित, समूह कार्यमा आधारित, सामुदायिक क्रियाकलापमा आधारित बनाउन जोड दिएको छ। नेपालमा विगतदेखि हालसम्म सञ्चालित विभिन्न शिक्षा योजना, परियोजना तथा कार्यक्रमहरूले कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याई शिक्षाको स्तर वृद्धि गर्न जोड दिएका छन्। यसको फलस्वरूप विद्यालयको शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउने, प्रविधिको प्रयोग गरि शिक्षण गर्ने, बालमैत्री सिकाइ वातावरण सिर्जना गर्ने जस्ता केही प्रयास भएका छन्।

**शिक्षक पेशागत सहयोग पद्धति**

शिक्षक पेशागत सहयोग पद्धति नेपालमा सर्वप्रथम वि.सं. १९९८ सालमा चिफ इन्सपेक्टर स्कूलको स्थापना सगै शिक्षक पेशागत सहयोग पद्धतिको शुरुवात भएको देखिनछ। राष्ट्रिय शिक्षा पद्धति योजना २०२८ ले विद्यालय सुपरिवेक्षणबाट शिक्षक सहायता उपलब्ध गराउन प्राथमिक विद्यालय निरीक्षक, माध्यमिक विद्यालय निरीक्षकहरुको व्यवस्था गरिएको थियो। ग्रामीण विकासका लागि सेती परियोजना (१९८१- १९९१) र सो पश्चात् नेपालको शिक्षा सुधारका लागि धेरै परियोजनाहरू कार्यान्वयनमा आए। प्राथमिक शिक्षा परियोजना (२०४२-०४७), विज्ञान शिक्षा विकास परियोजना (१९८४-१९९१), आधारभूत तथा प्राथमिक शिक्षा परियोजना-पहिलो (२०४९-०५४), आधारभूत तथा प्राथमिक शिक्षा परियोजना-दोस्रो (२०५६-०६१), प्राथमिक शिक्षा विकास परियोजना (सन् १९९२-१९९९), माध्यमिक शिक्षा विकास परियोजना (सन् १९९३-२०००), शिक्षक शिक्षा परियोजना (सन् २००२-२००९), विद्यालय क्षेत्र विकास कार्यक्रम (२०६७/०६८-२०७२/०७३) हुँदै हाल कार्यान्वयनमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रम (२०७३/०७४-२०७७/०७८) ले समेत शिक्षकको पेशागत सहयोगलाई महत्व दिई विभिन्न तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन भएका देखिन्छ ।

ग्रामीण विकासका लागि सेती परियोजना तथा आधारभूत तथा प्राथमिक शिक्षा परियोजनादेखि नै नेपालमा शिक्षक पेशागत सहयोगका लागि स्रोत केन्द्रहरु स्थापना भएर क्रमशः तिनको सङ्ख्या बिस्तार गरि १०९१ स्रोत केन्द्रहरू तोकेकोमा १०५३ स्रोत केन्द्रहरु मार्फत शिक्षक पेशागत सहयोग प्रदान हुँदै आइरहेको थियो ।

शिक्षक पेशागत सहयोग स्रोतकेन्द्र १०५३, अगुवा स्रोत केन्द्र ४६ र "क" शैक्षिक तालिम केन्द्रहरु ९ 'ख' शैक्षिक तालिम केन्द्रहरु २० र उपकेन्द्र ५ बाट विद्यालय सुपरिवेक्षण, शिक्षकको कार्यको अनुगमन, तालिमको फलोअप, कक्षा अवलोकन र पृष्ठपोषण प्रदान, नियमित प्रधानाध्यापक बैठक, शिक्षक अन्तक्रिया कार्यशाला, छोटो अवधिको मागमा आधारित आदि तालिम सञ्चालन हुँदै आएका थिए ।

**शिक्षक क्षमता विकास कार्यक्रम**

एकाइसौं शताब्दीको शिक्षक आफ्नो विषयमा निपूर्ण हुनुपर्छ । शिक्षण सिकाइ क्रियाकलाप सम्बन्धी कलाकौशलबाट भरपूर्ण हुनुपर्छ। स्थानीय सरकारले प्रदेश सरकार तथा केन्द्र सरकारसँग समन्वय गरि शिक्षक तथा कर्मचारीहरुको क्षमता विकासका लागि निम्नानुसारका क्षमता विकास कार्यक्रम सञ्चालन गर्न सकिनेछ, प्रमाणीकरण तालिम पुनर्ताजगी तालिम, अनुभव आदान प्रदान कार्यक्रम, स्थानीय आवश्यकतामा आधारित मोड्यूलर तालिम, स्वप्रयत्नमा आधारित सिकाइ आदि । पेशागत रुपमा सक्षम, दक्ष र अभिप्रेरित शिक्षकबाट नै कक्षाकोठाको शिक्षण सिकाइमा सुधार आउन सक्छ । यसका निम्ति शिक्षकलाई पेशागत विकासका अवसरहरू उपलब्ध हुन आवश्यक छ । शिक्षकको पेशागत विकासका विभिन्न तौरतरिकाहरु छन् । शिक्षक तालिम, कार्यशाला, सेमिनार, कन्फरेन्स, क्रियात्मक अनुसन्धान, शिक्षकहरुको सिकाइ सञ्जाल, अवलोकन भ्रमण, मेन्टरिङ आदि अवसरहरुबाट शिक्षकको पेशागत विकास सम्भव हुन्छ । नेपालमा शिक्षकको पेशागत क्षमता अभिवृद्धि गर्ने ध्येयले नेपालमा विभिन्न परियोजना तथा कार्यक्रमहरु सञ्चालन भएका थिए । शिक्षकको क्षमता अभिवृद्धि गरि कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याउने उद्देश्यले वि.सं. २०५० मा शैक्षिक जनशक्ति विकास केन्द्रको स्थापना भएको थियो ।

**शिक्षक उत्तरदायित्व**

शिक्षणसिकाइ प्रक्रियामा शिक्षकको महत्त्वपूर्ण स्थान रहेको हुन्छ। शिक्षक बालबालिकाको भाग्य निर्माता, अभिभावकको भरोसा तथा आशाको केन्द्र, परिवर्तनको संवाहक र समाजको प्रतिष्ठित व्यक्ति हो। असल शिक्षकको सहायताबाट शिक्षाका उद्देश्य पूरा हुन सक्छ। शिक्षकका आचरण समाजका अन्य वर्गलाई अनुकरणीय बन्न सक्नु पर्दछ। शिक्षकमा समाजको मार्गदर्शक, उपदेशक एवम् उदाहरणीय व्यक्तित्वको भूमिका सजिलैसँग निर्वाह गर्न सक्ने आर्दश गुणहरु हुनुपर्दछ। शिक्षक आफ्नो पेशाप्रति प्रतिबद्ध हुनुपर्छ।

शिक्षक विद्यार्थी, अभिभावक, समुदाय तथा विद्यालय प्रशासक तथा प्रधानाध्यापक प्रति उत्तरदायी हुनुपर्छ। शिक्षक विद्यार्थीप्रति उत्तरदायी हुनु भनेको आफूले पढाउने विद्यार्थीहरूको सिकाइ तथा कार्यसम्पादन प्रति जवाफदेही हुनु पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धिमा भएको प्रगति र विकासमा जवाफ दिनु र विद्यार्थीको गुणस्तरीय जीवनका विषयमा जवाफदेही हुनु भन्ने बुझिन्छ। विद्यालयको आचार संहिता पालना गर्दै दैनिक कार्यतालिकाअनुसार अध्यापन गर्ने, विद्यार्थीको सिकाइको लेखाजोखा तथा मूल्याङ्कन गर्ने त्यसको प्रतिवेदन प्रधानाध्यापकलाई पेस गर्ने आदि कार्य शिक्षकले गर्नुपर्ने हुँदा शिक्षक प्रधानाध्यापक प्रति पनि उत्तरदायी हुनुपर्छ।

शिक्षा नियमावली, २०५९ को नियम ९२ अनुसार सामुदायिक विद्यालयमा रहने शिक्षक दरबन्दीको विवरण अनुसूची १२ मा व्यवस्था गरिएको छ। पूर्व प्राथमिक विद्यालयमा जना, प्राथमिक विद्यालयमा १० जनासम्म विद्यार्थी भएमा कम्तीमा २ जना र सोभन्दा बढी विद्यार्थी भएमा कम्तीमा ३ जना, कक्षा ६-८ का लागि कम्तीमा ४ जना र माध्यमिक तह ९-१२ का लागि ८ जना शिक्षक रहने व्यवस्था उक्त नियमावलीमा छ ।

**बिद्यालय प्रकार अनुसार तहगत शिक्षक बिबरण (Number of Teachers by Levels and Types);**

| बिद्यालय तह | ECED | Lower Basic (G1-5) | Upper Basic (G 6-8) | Secondary (G 9-10) | Secondary (G 11-12) |
|---|---|---|---|---|---|
| सबै प्रकारका बिद्यालयमा तहगत जम्मा शिक्षक सङ्ख्या | ३७ | १५४ | ३८ | ३१ | ८ |
| सबै प्रकारका सामुदायिक बिद्यालयमा तहगत जम्मा शिक्षक सङ्ख्या | ३२ | १२९ | ४२ | ३१ | ८ |
| सबै प्रकारका सामुदायिक बिद्यालयमा स्वीकृत र राहत दरबन्दीमा कार्यरत तहगत जम्मा शिक्षक सङ्ख्या | ३२ | ११८ | २८ | २७ | २ |
| पालिका द्वारा सामुदायिक बिद्यालयहरूमा नियुक्त गरिएका तहगत कार्यरत शिक्षक सङ्ख्या | ० | ११ | १४ | ४ | ६ |
| सामुदायिक बिद्यालयमा कार्यरत शिक्षकमध्ये पूर्णतालिम प्राप्त (शिक्षा बिषय र TPD सहितका शिक्षक) सङ्ख्या | ० | ९० | २० | १९ | ० |

**शिक्षक व्यवस्थापन र विकासका विद्यमान चुनौतीहरु निम्न बमोजिम छन् -**

१. शिक्षण पेशालाई सबैको रोजाइको पेशाका रूपमा विकास गर्नु।
२. शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षण विधि र क्रियाकलापमा विविधता ल्याउनु।
३. शिक्षक पेशागत सहयोगको सुदृढ प्रणाली स्थापित गर्नु।
४. विषयगत आधारमा आवश्यक शिक्षक दरबन्दी सुनिश्चित गर्नु।
५. शिक्षकको पेशागत विकासको अवसर र विस्तार गर्न।
६. तहगत रुपमा परीक्षा सञ्चालन गरी अग्रिम रुपमा सूची प्रकाशन गर्नु।

## ४.२.२.उद्देश्य

यस पालिकाको शिक्षा क्षेत्रको योजनामा शिक्षक व्यवस्थापन र विकासका देहायब मोजिमका उद्देश्यहरू निर्धारण गरिएका छन् -

१. विषयगत र कक्षागत रुपमा शिक्षक व्यवस्थापन गर्नु ।
२. शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी कार्यान्वयन गर्नु ।

३. शिक्षकको निरन्तर पेसागत विकासका अवसरको सुनिश्चितता गर्नु ।
४. पालिका अन्तर्गत स्वयम् सेवक शिक्षकको छनोट गर्नु।

### ४.२.३ रणनीतिहरू

१. शिक्षक तालिमलाई विषयवस्तुको ज्ञान र शिक्षण सीपमा केन्द्रित बनाइने छ।
२. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा व्यवस्थापन गर्ने ।
३. शिक्षक पेशागत सहयोग प्रणाली मार्फत शिक्षकलाई निरन्तर पेशागत सहयोग उपलब्ध गराइने छ। यसका लागि अनुभवी शिक्षकबाट सहयोग तथा मेन्टरिङको पद्धति विकास गरिनेछ।
४. शिक्षकको निरन्तर पेशागत विकासका लागि शिक्षण सीप विकास सम्बन्धी तालिम सञ्चालन गरिने छ।
५. शिक्षक सरुवा हुँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गरीनेछ।
६. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने ।
७. शिक्षक तथा प्रधानाध्यापकको बृत्तिविकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजा प्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने ।
८. पालिका अन्तर्गत स्वयम् सेवक शिक्षकको करार सूची प्रकाशन गरिनेछ।

### ४.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य उपलब्धिहरू*

१. दरवन्दी मिलान सम्पन्न भै विषयगत र कक्षागत रुपमा शिक्षकको व्यवस्थापन भएको हुनेछ।
२. शिक्षकहरुलाई निरन्तर पेसागत विकासका अवसरहरू प्राप्तभएको हुनेछ ।

**नतिजा**

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गर्ने ।*

**नतिजा**

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू*

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत शिक्षक र बिद्यार्थीको अनुपात (STR):- | ३५ | ३५ | ३० | २५ | २० | २० |
| २ | आधारभूत तहमा कार्यरत शिक्षक र बिद्यार्थीको अनुपात (STR):- | ७९ | ७० | ६५ | ६० | ५० | ५० |
| ३ | माध्यमिक तह(कक्षा ९-१०) मा कार्यरत | ४७ | ४२ | ३८ | ३४ | ३० | ३० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | शिक्षक र बिद्यार्थीको अनुपात (STR):- | | | | | | |
| ४ | माध्यमिक तह(कक्षा ९-१२) मा कार्यरत शिक्षक र बिद्यार्थीको अनुपात (STR):- | ६८ | ६५ | ६० | ५५ | ५० | ५० |

## ४.२.४ प्रमुख क्रियाकलाप र लक्ष्य

*पालिकाले कार्यान्वियन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य*

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५वर्ष) | | | | | | भौतिक लक्ष्य(१०वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षक दिबन्दी मिलान तथा पुनर्वितरण | पटक | १ | | १ | | १ | ३ | ६ | संघ/ प्रदेश/ पालिका |
| २ | शिक्षक अभाव पूर्तिको लागि स्वयंसेवक शिक्षक नियुक्ति र परिचालन | संख्या | ३४ | ३० | ११ | | | ७५ | १०० | पालिका |
| ३ | नयाँ नियुक्ति भएका शिक्षकहरुलाई सेवा प्रवेश तालिम | संख्या | २० | २० | २० | १५ | | ७५ | १०० | पालिका |
| ४ | बिद्यालयमा आधारित अनुगमन र सहयोग प्रणाली अन्तर्गत प्र.अ.हरुका लागि Teachers, Mentors सम्बन्धी ३ दिने तालिम दिने | पटक | १ | | १ | | १ | ३ | ६ | पालिका |
| ५ | शिक्षकले शिक्षण सिकाइमा वितिाउने समयको कार्यविधि तर्जुमा तथा कार्यान्वयन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | पालिका |
| ६ | कार्यसम्पादनमा सुधार गर्न नियमित अनुगमन तथा पृष्ठपोषण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | पालिका |
| ७ | शिक्षक पेसागत सहयोग कार्यविधिका आधारमा सिकाइका लागि शिक्षकको संजाल बनाउने | पटक | १ | | | | | १ | २ | पालिका |
| ८ | मागमा आधारित शिक्षक पेशागत तालिम कार्यक्रम संचालन | पटक | १ | | १ | | १ | ३ | ६ | पालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | शिक्षकलाई प्रविधिमैत्री बनाउन कम्प्युटर तालिम प्रदान गर्ने | पटक | १ | | १ | | १ | ३ | ६ | पालिका |
| १० | विषयगत शिक्षक समूह गठन र परिचालन तथा अनुभवी शिक्षक वा समकक्षी शिक्षकबाट सुपरिवेक्षण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | पालिका |
| ११ | नियमित मासिक प्र.अ. बैठक | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | पालिका |
| १२ | शिक्षकको अंग्रेजी दक्षता अभिवृद्धिका लागि अंग्रेजी भाषा तालिम सञ्चालन गर्ने | पटक | १ | | | १ | | २ | ४ | पालिका |
| १३ | नियमित मूल्याङ्कन तथा अनुगमन योजना निर्माण र कार्यान्वयन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | पालिका |
| १४ | योग्याता र नतिजामा आधारित उत्कृष्ट शिक्षक प्रोत्साहन र पुरस्कृत गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | पालिका |

## ४.३ शैक्षिक समता र समावेशीकरण

### ४.३.१ वर्तमान अवस्था

मनराशिसवा नगरपालिका सामाजिक, आर्थिक, सास्कृतिक विविधता भएको स्थानीय तह हो। यहाँ विभिन्न भाषिक, सांस्कृतिक तथा जातजातिगत समुदायहरूको बसोवास छ । मधेशी समुदायको मुख्य वसोबास रहेको यस क्षेत्रमा विभिन्न प्रकारका जातजातिहरुको बसोबास रहेको छ। जसमा मुस्लिम, ब्राहमण तराई, तेली, धानुक, यादव, मल्लाह, राजपुत, खत्वे सुदी, बरै, बिन, ब्राह्मण, क्षेत्री लगायतका जातजातिको बाक्लो उपस्थिति रहेको छ। साक्षरताका आधारमा हेर्दा पुरुषको भन्दा महिलाको १८.८ प्रतिशत कम रहेको छ, साथै जातीयताका आधारमा हेर्दा मुस्लिम १२.७%, धानुक १०.१ % यादब ८.५%, तेली ६.९% मलाह ६.४% भुमिहार ६.१% र राजपुत ३.९% प्रतिशत रहेका छन्। यस पालिकामा लैङ्गिक अनुपात ०.९२ प्रतिशत रहेको छ। नगर कार्यपालिका, वडा समिति, नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सामाजिक परीक्षण समिति आदि तथा विभिन्न सङ्घ संस्थामा महिला र दलितको सहभागितात्मक उपस्थिति उल्लेख्य रहेको छ। आधारभूत तह कक्षा १-५ मा ०.९०, कक्षा ६-८ मा ०.९३, कक्षा ९-१० मा ०.९६ र कक्षा ११-१२ मा १.०१ प्रतिशत लैङ्गिक समता सूचक रहेको छ। यसै गरि सामुदायिक विद्यालयमा महिला शिक्षक अनुपात २.६० रहेको छ।

**शैक्षिक समता र समावेशीकरण सम्बन्धमा देहाय बमोजिमका चुनौतीहरू पहिचान गरिएको छ :**

१.लैङ्गिक मूल प्रवाहीकरणमा महिलाको सहभागिता सुनिस्चित गर्नु ।

२. विद्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण गर्ने।

३. लक्षित समूहको शिक्षामा समतामूलक पहुँच पुर्‍याउने ।

४. विद्यालयमा विभेद रहित बालमैत्री बनाउने ।

### ४.३.२ उद्देश्य

१. शिक्षाको मूल धारबाट वञ्चित रहेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुर्‍याई गुणस्तर सुनिश्चित गर्ने।

२. शैक्षिक सुशासन कायम गर्ने।

३. विद्यालयलाई लैङ्गिकमैत्री, अपाङ्गतामैत्री तथा बालमैत्री बनाउने।

४. महिला शिक्षकको संख्या बृद्धी गर्ने।

### ४.३.३ रणनीति

१.विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक तथा शैक्षिक अवस्थाहरू पुरा गरी अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री बनाउने । यसका लागि बालमैत्री विद्यालय प्रारूप(CFSF) तथा निर्धारित सिकाइका लागि आवश्यक पूर्वाधार पुरा गर्ने ।

२.अपाङ्गताको प्रारम्भिक लेखाजोखा (Disability Screening) गर्दै अपाङ्गताका किसिम तथा स्वरूप पहिचान गरी विशेष कार्यक्रमको माध्यमबाट उपयुक्त समावेशी शिक्षाको व्यवस्थाका साथै आवश्यकतानुसार विशेष विद्यालयको प्रबन्ध गर्ने ।

३.छात्रवृत्तिका लागि विपन्नलक्षित गरी आर्थिक रूपले विपन्न, सुविधाविहिन, कठिन परिस्थतिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरू सहभागी हुने व्यवस्था गर्ने ।

४.कार्यविधि तयार गरी आवश्यकता अनुसार थप विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न सक्ने व्यवस्था गर्ने ।

५.विद्यालयमा सरसफाई तथा स्वच्छता सम्बन्धी सेवा तथा शिक्षाको प्रबन्ध तथा किशोरिहरू लक्षित महिनावारी स्वच्छता सम्बन्धी सेवा तथा शिक्षा प्रदान गर्ने ।

६.आाधारभूत तहमा मातृभाषा, स्थानिय भाषा वा बहुभाषा,सिकाइको अवसर प्रदान गर्न प्राथमिकता दिने ।

७.पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, वातावरण ,इतिहास तथा नागरिक ज्ञान तथा सिपका साथै बृहत यौनिकता शिक्षा तथा प्रजनन् स्वास्थ्य सम्बन्धी विषयवस्तु समावेश गरी सिकाइलाई जीवनोपयोगी सिपसँग आबद्ध गर्ने ।

८.सिकाइ क्रियाकलापलाई सहभागिता मूलक बनाई विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने गरी विविधता कायम तथा विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, वहिष्करण र हेपाई नहुने सुनिश्चितता सहित बालमैत्री वातावरण सिर्जना गर्ने ।

### ४.३.४प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा निश्चित भएको हुने।

**नतिजा**

१.विद्यालय बाहिर रहेका बालबालिकाहरुको अवस्था र आवश्यकता पहिचान गरि सबै बालबालिकाहरूलाई शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्ने।

२. लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरि गुणस्तर सुधार हुने ।

३. विद्यालयमा भेदभाव रहित बालमैत्री वातावरण सिर्जना हुने ।

४. विद्यालयहरूमा अपाङ्गतामैत्री र लैङ्गिकमैत्री वातावरण सिर्जना हुने।

५. किशोरी शिक्षा तथा मनोसामाजिक परामर्श प्रदान गरिने ।

६. मातृभाषामा सिकाइको अवसर प्रदान गरिने ।

### ७. महिला शिक्षकको संख्यामा वृद्धि हुने।

| | शिक्षामा समता र समावेशीकरण | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा लैङ्गिक समता सूचक | १ | १ | १ | १ | १ | १ |
| २ | माध्यमिक तहमा लैङ्गिक समता सूचक | ०.९५ | ०.९५ | ०.९५ | ०.९५ | ०.९५ | ०.९५ |
| ३ | महिला शिक्षक प्रधानाध्यापक संख्या | २ | २ | ३ | ४ | ५ | ५ |
| ४ | हिंसा, विभेद र दुर्व्यवहार रहित बालमैत्री विद्यालय संख्या | ० | | | | | सबै |

## ४.३.४प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य(५वर्ष) | | | | | | बजेटहरू | भौतिक | जिम्मेवार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | हजारमा (०००) | लक्ष्य (१० वर्ष) | निकाय |
| १ | विद्यालय उमेरसमूहका बालबालिकाहरुको पहुँच र विद्यालय बाहिर रहेका बालबालिकाहरु सम्बन्धमा घरधुरी सर्वेक्षण गर्ने | पटक | १ | | १ | | १ | ३ | ३०० | ४ | पालिका |
| २ | विद्यालय उमेर समूहका विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालय भित्र ल्याउन सुनिश्चित गर्नका लागि सचेतनामुलक कार्यक्रम संचालन गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | निरन्तर | पालिका |
| ३ | नगरपालिका स्तरमा शैक्षिक समता र समावेशीकरण कार्यान्वयनका लागि | पटक | १ | | | | | १ | ५० | २ | पालिका |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संयन्त्र विकास गर्ने | | | | | | | | | | |
| ४ | समता र समावेशिताका विषयवस्तु समावेश गरी प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिकापदाधिकारीलाई अभिमुखीकरण गर्ने | पटक | १ | | १ | | १ | ३ | १५० | ६ | पालिका |
| ५ | आजीवन सिकाईतथा निरन्तर शिक्षाका सहभागीहरुको आवश्यकता अनुसारको सिकाइ सहजीकरण सामग्रीको व्यवस्था गर्ने तथा कार्यान्वयनका लागि नगरपालिकाकाशैक्षिक व्यवस्थापक तथा सहजकर्ताहरुको क्षमता विकास गर्ने | पटक | | १ | | १ | | २ | ५०० | ४ | पालिका |
| ६ | अपांगमैत्री तथा लैंगीकमैत्री वातावरण सिर्जनाको लागि वि.व्य.स., प्र.अ., शिक्षक/कर्मचारी तथा सरोकारवालाहरुको बैठक संचालन गरिने | पटक (वार्षिक) | १ | १ | १ | १ | १ | ५ | २५० | १० | पालिका |
| ७ | बालबालिकाहरूको सिकाइ आवश्यकता अनुरूपका सिकाइ सामग्री तथा अन्य आवश्यक सामग्री विकास तथा पेसागत विकासका कार्यक्रममा समता तथा समावेशीकरणका विषयवस्तुहरूलाई समावेश | पटक | १ | | १ | | १ | ३ | ३०० | ६ | संघ, नगरपालिक, गै.स.स |
| ८ | शिक्षामा समता र समावेशीकरणका क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी संघ संस्थाहरूबीच जवाफदेहिता सहितको | पटक | निरन्तर | | | | | निरन्तर | | निरन्तर | नगरपालिका |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यगत समन्वय | | | | | | | | | | |
| ९ | विद्यालयमासबै प्रकारको विभेद, दुर्व्यवहाररहिंसा अन्त्य गर्ने सचेतनामुलक कार्यक्रम र घोषणा गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | २०० | निरन्तर | नगरपालिका, गैसस, वडा, विद्यालय |
| १० | विद्यालयमा मनोसामाजिक परामर्श सजकर्ताको व्यवस्थापन गर्ने | संख्या | सबै | सबै | सबै | सबै | सबै | सबै | १५० | सबै | नगरपालिका, गै.स.स |

## ४.४ दिवा खाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रम

नेपालमा सन् १९७४ देखि छनौटमा परेका जिल्लाका छानिएका प्राथमिक विद्यालयमा विश्व खाजा कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएको थियो । आर्थिक वर्ष २०७७/२०७८ मा सामुदायिक विद्यालयमा पूर्वप्राथमिक देखि कक्षा ५ का सबै विद्यार्थीलाई दिवाखाजाको व्यवस्था गरीएको छ। नेपाल सरकारले दिवा खाजामा विगत केही वर्षदेखि लगानी विस्तार गर्दै आई आर्थिक वर्ष २०७७/७८ मा यो लगानी करिब ८ अरब पुगेको छ । नेपालको हाल कार्यान्वयनमा रहेको पन्ध्रौं योजना लगायत शिक्षा क्षेत्रका मुख्य रणनीतिक दस्तावेजहरूमा दिवा खाजालाई प्राथमिकता दिइएको छ भने विद्यालय क्षेत्र विकास योजनाले बालबालिकाहरूको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार ल्याई उनीहरूलाई विद्यालयमा टिकाउने जस्ता शैक्षिक उपलब्धिहरू हासिल गर्न दिवा खाजाले महत्वपूर्ण योगदान दिएको छ।

**विद्यालय स्वास्थ्य र पोषण**

विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्थाले उनीहरूको संज्ञानात्मक क्षमता, शैक्षिक उपलब्धि, गुणस्तरीय जीवन तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्ने भएकाले उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्था राम्रो बनाइनु पर्दछ । वार्षिक स्वास्थ्य परीक्षण, अर्धवार्षिक रूपमा जुकाको औषधि, किशोरीका लागि फोलिक एसिड तथा आइरन चक्की वितरण कार्यक्रम स्वास्थ्य क्षेत्रबाट सञ्चालन हुने गर्दछन् ।

**सरसफाइ तथा स्वच्छता**

विद्यालयमा हुने सरसफाइ तथा स्वच्छताको अभ्यास तथा शिक्षाले बालबालिकाको स्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने स्पष्ट छ । यसले बालबालिकाको भावी जीवनका लागि सरसफाइ तथा स्वच्छताको अभ्यासमा सहयोग गर्नाका साथै परिवार तथा समुदायमा पनि यसले सकारात्मक घर/कोठाको प्रबन्ध नै छैन भने भएकाहरू मध्ये कतिपयको सरसफाइ र स्वच्छतामा सुधार आवश्यक छ । विपद तथा जोखिम व्यवस्थापनको तयारीका केही कार्य भए पनि यसमा विपद, जोखिम तथा महामारी समावेश गरि थप सुधार गर्नु आवश्यक छ।

### ४.४.१ वर्तमान अवस्था

एक विद्यालय एक नर्स कार्यक्रम अन्तर्गत शैक्षिक सत्र २०७७ बाट श्री दुर्गा मा.वि.मनरामा विद्यालय नर्स सेवा कार्यक्रम शुरु भएको। आधारभूत तह कक्षा ६-८ तथा माध्यमिक तह कक्षा ९-१२ का किशोरीका लागि फोलिक एसिड तथा आइरन चक्की वितरण कार्यक्रम विद्यालय मार्फत एक जना फोकल पर्सन तोकि २ दिनको अनुशिक्षण दिएर सामग्री सहित वितरण गरीएको छ तथा विद्यालयमा नआउने विद्यार्थीको फोलिक एसिड तथा आइरन चक्की नछुटोस् भन्ने अभिप्रायले स्थानीय स्वयंसेविकालाई उक्त कार्यमा परिचालन गरिएको छ । सामुदायिक विद्यालयमा छात्रा शौचालय भएका विद्यालयहरु १२ र महिला शिक्षक शौचालय ८ वटा छन्। यस नगरपालिकाका सबै सामुदायिक बिद्यालय तथा मदरसामा खानेपानीको आफ्नै श्रोत रहेको छ। विपद तथा जोखिम व्यवस्थापनको तयारीका लागि स्थानीय पाठ्यक्रम मार्फत प्रारम्भिक कक्षा देखि नै विषयवस्तु समावेश गरिएको छ।

**स्वास्थ्य तथा पोषण कार्यक्रम निम्नलिखित चुनौतीहरू पहिचान गरीएको छ :**

१.स्वास्थ्य तथा पोषण र सरसफाइ तथा स्वच्छताका प्रभावकारितालाई व्यवस्थित गर्ने।

२. दिवा खाजा, स्वास्थ्य तथा पोषण र सरसफाइ तथा स्वच्छताका प्रभावकारितालाई व्यवस्थित गर्ने ।

३. सबै विद्यालयमा स्वास्थ्यकर्मीको व्यवस्था गर्ने।

४. विद्यालय खाजाका लागि उपयुक्त स्वरूप निर्धारण गरी पौष्टिक तथा स्वस्थकर विद्यालय खाजा सुनिश्चित गर्ने ।

५. सचित्र पोषण पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नु।

६. विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि तथा व्यापारसँग जोड्ने ।

६. सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरि कार्यान्वयन गर्ने।

### ४.४.२ उद्देश्य

१. प्रत्येक विद्यालयमा बालबालिकालाई स्वस्थकर तथा पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु ।
२. विद्यालयमा बालबालिकाको स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छताका सेवामा सुधार गर्नु।
३. सरोकारवालाहरूको समन्वय तथा सहभागितामा सुदृढ गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु ।
४. दिवा खाजा कार्यक्रमबाट विद्यार्थीको नियमितता, शिक्षण क्रियाकलापमा सक्रियता वृद्धि गर्नु ।
५. विपन्न परिवारका बालबालिकाहरुलाईविद्यालय शिक्षाप्रति आकर्षण बढाउनु ।

### ४.४.३ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्वन गरीनेछ :

१. शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रलाई समेत समेटी गरी विद्यालय स्वास्थ्य तथा पोषण रणनिति तयार गरिने ।
२. बालबालिकाको लागि विद्यालयमा नै सफा ताजा र पोषिलो खाजा तयार गरी समूहमा हात धुने बानी विस्तार गरिने ।
३. विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल,किशोरीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था गर्ने ।

### ४.४.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | १००% | १००% | १००% | १००% | १००% | १००% |
| २ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | १००% | १००% | १००% | १००% | १००% | १००% |
| ३ | दिवा खाजा प्राप्त गर्ने कक्षा | ०-५ | ०-५ | ०-५ | ०-६ | ०-७ | ०-८ |
| ४ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सँख्या | १ | ५ | १० | १५ | २० | सबै |
| ५ | खानेपानी,शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय सँख्या | १४ | २० | सबै | | | |
| ६ | नर्सिङ् सेवा तथा सुविधा पुगेका विद्यालय सँख्या | ० | ० | १ | १ | ५ | १४ |
| ७ | सम्पुण खोप पुरा गरेको विद्यार्थी (%) | १००% | १००% | १००% | १००% | १००% | १००% |
| ८ | भिटामिन A र जुकाको औषधि प्राप्त गरेको विद्यार्थी | १००% | | | | | १००% |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | संख्या (%) | | | | | | |
| ९ | महिनावारी स्वाच्छता कार्यक्रम लागु भएको विद्यालय संख्या | ८ | १२ | १६ | सबै | सबै | सबै |

**नतिजा**

*योजनाको कार्यान्वियनबाट हाँसिल हुने मुख्य नतिजाहरू*

- विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता (well-being)मा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो (joyful)सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुनेछ ।
- विद्यालय दिवा खाजा विद्यार्थीको अधिकारको रूपमा स्थापित भएको हुनेछ ।
- प्रारम्भिक बालविकास तथा शिक्षा देखि आधारभूत तह कक्षा ५ सम्मका सामुदायिक विद्यालय दिवा खाजा विस्तार गरीकक्षा ८ सम्म पुर्याउने र सबै बालबालिकाहरूले स्वास्थ्य, पोष्टिक स्थानीय उत्पादनमा आधारित दिवा खाजा स्थानीय तह मार्फत विद्यालयबाट प्राप्त भएको हुनेछ ।
- विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्री सहित आवश्यक संख्या छात्र र छात्राका लागि अलग अलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्जरुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुनेठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरफाइको प्रबन्ध र घेरावेराको व्यवस्था भएको हुनेछ।
- विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण तथा प्रतिस्थापन, बालबालिकाहरूको स्वास्थ्य जाँच, जुकाको औषधी तथा सूक्ष्म पोषक तत्व प्रदायक ट्यावलेटहरू,किशोरीहरूको मासिक महिनावारीमा स्यानेटरी प्याड वितरण भएको हुनेछ ।
- विद्यालयमा विद्यार्थीलाई स्वास्थ्य, खाद्य सुरक्षा, सफाइ तथा स्वच्छता, किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषणसम्बन्धी आधारभतू शिक्षा प्राप्त भएको हुनेछ ।

## प्रमुख क्रियाकलाप र लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वियन गर्ने प्रमुखक्रियाकलापर वार्षिक लक्ष्य*

| क.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | दिवा खानाका लागि भान्सा तथा भण्डार, भाँडावर्तन तथा आवश्यक सामग्रीको प्रबन्ध | पटक | १ | | | | १ | २ | २ | संघ/प्रदेश/ नगरपालिका |
| २ | स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध | पटक | पटक | पटक | पटक | पटक | पटक | पटक | पटक | संघ/प्रदेश/ नगरपालिका |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | दिवा खाजाको लागि चाहिने खाद्य सामाग्री आपूर्तिमा भाग लिने स्थानीय कृषि सहकारी, किसान समूहलाई तालिम तथा सहयोग | संख्या | | ५ | | | ५ | १० | २५ | संघ/ प्रदेश, नगरपालिका/ गै.स. स |
| ४ | विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय | संख्या | २ | २ | २ | २ | २ | १० | २० | संघ/ प्रदेश, नगरपालिका/ गै.स.स र विद्यालय |
| ९ | कक्षा ६ देखि १२ सम्मका छात्राहरूलाई महिनावारी स्वच्छताको लागि स्यानीटरी प्याडको व्यवस्था | निरन्तर | निर न्तर | | | | | निरन्त र | निरन्तर | संघ, प्रदेश र नगरपालिका |
| १० | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि र शुक्ष्म पोषक तत्त्व प्रदायक ट्यावलेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड आदि प्रदान) | पटक | निर न्तर | निर न्तर | निर न्तर | निर न्तर | निर न्तर | निरन्त र | निरन्तर | संघ, प्रदेश र नगरपालिका |
| ११ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन | पटक | १ | | १ | | १ | ३ | ६ | संघ/ प्रदेश, नगरपालिका/ गै.स. स |

## ४.५ आपतकालीन तथा संकटकालिन अवस्थामा शिक्षा

### ४.५.१ परिचय

**विद्यमान नीतिगत व्यवस्था**

परिस्थितिजन्य शिक्षा भन्नाले युद्ध, द्वन्द्व, महामारी तथा प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रमलाई लिने गरिन्छ । यसको मुख्य उद्देश्य विभिन्न कारणले उत्पन्न संकटकालीन अवस्थामा बालबालिका लगायत शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन, सामाजिक द्वन्द तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो। यस अवधारणा अन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी, आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन गर्ने आपतकाल पश्चात् क्षतिको आपूरण गर्ने कार्यढाँचा समेटिएको हुनु पर्दछ । आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाको अवधारणा बाल अधिकारको रूपमा स्वीकार गरीएपछि यसलाई थप प्रभावकारी बनाउने कार्य प्रारम्भ भएको हो। अधिकारका क्षेत्रमा भएका अन्तर्राष्ट्रिय कानुनहरू, विश्वव्यापी घोषणाहरू, अन्तर्राष्ट्रिय एवम् क्षेत्रीय घोषणा तथा प्रतिवद्धताहरूबाट परिलक्षित यस अवधारणालाई प्रभावकारी

रूपमा कार्यान्वयन गर्न विभिन्न राष्ट्रहरूले आ-आफ्नो नीति, कानुन तथा योजनाहरूमा परिस्थितिजन्य शिक्षा (आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा) लाई समावेश गर्ने गरेका छन् । विशेषतः लामो द्वन्दको परिवेशमा शिक्षा क्षेत्रमा परेको प्रभाव, २०७२ को विनाशकारी भूकम्प तथा विभिन्न समय र स्थानमा घटेका प्राकृतिक प्रकोपका घटनाहरूका साथै कोभिड-१९ लगायतका महामारीहरूका प्रभावका कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा पुगेको अवरोधबाट पाठ सिकी यस शिक्षा क्षेत्रको योजनामा यस पालिकाले आगामी १० वर्षका लागि नीति तथा कार्यक्रमिक प्राथमिकता र कार्यान्वयन ढाँचा समावेश गरिएको छ।

**यस खण्डमा मूलतः तीन प्रकारका आपतकालीन अवस्थाहरू समावेश गरिएको छ :**

**क) प्राकृतिक प्रकोपः** भूकम्प, बाढीपहिरो, हावाहुरी, हिमपहिरो, आगोलागी, चट्याङ, खडेरी, दुर्घटना, आदि।

**ख) महामारीः** झाडापखाला, कालाज्वर, हैजा, भाइरल ज्वरो, डेङ्गु, टाइफाइड, हेपाटाइटिस, बर्डफ्लू, क्षयरोग, कुष्ठरोग, ठेउला, स्वाइन फ्लू, कोभिड आदि सरूवा रोगहरू ।

**ग) युद्ध, द्वन्द्व, विस्थापनः** आन्तरिक तथा बाह्य युद्ध एवम् द्वन्द्व तथा साम्प्रदायिक, धार्मिक, राजनीतिक आदि द्वन्द्व, युद्ध, शोषण, दुराचार तथा अन्य कारणले नागरीकहरूको विस्थापन, आन्तरिक तथा बाह्य स्थानान्तरणका कारण बालबालिकाले शिक्षा प्राप्त गर्ने अधिकारलाई शुरक्षित राख्ने ।

## ४.५.२ वर्तमान अवस्था

नेपालको संविधान २०७२, ले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा तथा सुविधाविहीन तथा अपाङ्गहरूका लागि निःशुल्क उच्च शिक्षाको सुनिश्चितताका साथै बालबालिका माथि हुने विभेद, सजाय र दुराचारलाई निषेध गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन (२०७५) र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली (२०७७) ले छात्रवृत्ति, दिवाखाजा, सुविधा विहिनहरूका लागि विशेष सहयोग, मातृभाषामा शिक्षा सहित कुनै पनि अवस्थामा बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ ।

जलवायु परिवर्तनको असरबाट यस पालिका समेत अछुतो हुन सकेको छैन |यस पालिका प्राकृतिक प्रकोपको उच्च जोखिमा रहेको छ | यस क्षेत्रमा विशेष गरि आगलागी, महामारी, डढेलो, बाढी, डुवान, लु-लाग्ने, आंधी हुरी (हुण्डरी)जस्ता प्रकोपहरु रहेका छन् | जसका कारण वर्षेनी कुनै न कुनै रुपमा विपद निम्त्याएको देखिन्छ| यस प्रकारको विपदबाट विद्यालय उमेर समुहका बालबालिकाहरु बढी प्रभावित हुने गरेको छ | कोभिड-१९ को महामारीबाट लगभग २ वर्ष विद्यालय संचालन हुन नसकी बालबालिकाको सिकाइमा ठुलो क्षति भोग्नु परेको थियो| तत्कालिन अवस्थामा उक्त विपदको समयमा विद्यार्थीहरुलाई सिकाईमा जोड्न विभिन्न बैकल्पिक सिकाईको व्यवस्था गरिएको थियो |यस्तो अवस्थामा शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिन तथा विपद तथा संकटको घडिमा पनि विचलित नभइ सो को व्यवस्थापन र न्यूनीकरण गर्न योजनाबद्ध रुपमा शिक्षा प्रदान गरीदै आएको छ जस्तै कोभिडका कारणबाट अस्त व्यस्त भएको शैक्षिक सत्र २०७७ लाई विद्यालय ब्यवस्थापन समितिको संयुक्त सहयोगमा भर्चुअल कक्षा, फोन तथा टोल

सिकाइ योजना बनाएर बालबालिकाको सिक्ने अधिकारलाई सुनिश्चित गरी सिकाइलाई निरन्तरता दिएको सर्वविविदै छ । यसै सन्दर्भमा कक्षागत रोल नं. लाई जोर विजोर प्रणाली मार्फत विद्यालयमा समाजिक दूरी कायम गर्दै शिक्षण सिकाइ समेत भएको थियो। यसै गरि बाढी र पहिरो र डुवानबाट समेत विद्यालय प्रभावित भएको पाइन्छ | यस पालिकामा पालिका स्तरमा विपद व्यवस्थापन समिति गठन भएको छ र शिक्षा समूह गठन गरि विपद प्रतिकार्य योजना समेत निर्माणको चरणमा रहेको छ | जलवायु परिवर्तनको असर र प्रभावलाई न्यूनिकरन गर्न बालबालिकाहरुलाई समय समयमा भिन्न अभिमुखीकरण कार्यक्रमहरु समेत संचालन भएको छ |विद्यालयमा रहेको जु.रे.स. तथा यु.रे.स. ले पनि विपदप्रति सचेतना जगाउदै आएका छन् । स्थानीय पाठ्यक्रमको तल्लो कक्षा देखिनै विपद जोखिम न्युनीकरणका विषयवस्तु समावेश गरिएको छ।विपद्का लागि सहयोगार्थ यस पालिकामा द्रुत प्रतिकार्य समिति, नेपाल रेडक्रस सोसाइटी उपशाखा रहेको छ। यसका अतिरिक्त विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु समेत यस पालिकामा विपद व्यवस्थापन सम्बन्धी कार्यमा अग्रसर रहेको छ |

**परिस्थितिजन्य शिक्षाका चुनौतीहरू :**

- आपतकालीन अवस्थाको शिक्षालाई छुट्टै विधाको रूपमा सम्बोधन गर्ने ।
- प्रकोप र सोको जोखिमको विषयमा सावधानी अपनाउनु ।
- संकटको क्षेत्र पहिचान गर्नु।
- क्षेत्र पहिचान गरी योजना निर्माण गर्नु।
- योजना निर्माणको प्रक्रिया र सहभागिता ।

### ४.५.३ उद्देश्यहरू

१. सङ्कटको सम्भावित जोखिम पहिचान गरी शिक्षाको माध्यमबाट पूर्व सावधानी र तयारीको वातावरण तयार गर्ने।

२. आपतकालिन अवस्थामा बैकल्पिक सिकाइका विधिहरु प्रयोग गरी बालबालिकाहरुको सिक्न पाउने अधिकारको सुनिश्चित गर्नु ।

३. विपद् व्यवस्थापन प्रतिकार्य संयन्त्र र कार्यढाँचा विकास गर्नु ।

४. सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु ।

### ४.५.३ रणनीति

१. विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापना सम्बन्धि आवश्यक नीति, मार्ग दर्शन तथा कार्यविधिहरू तयार गर्ने ।

२. शिक्षा समूह गठन गरी विपद सम्बन्धी नियमित योजना र तयारि अवस्थामा रहने |

३. विपद प्रतिकार्य योजना निर्माण गरि कार्यान्वयन गर्ने |

४. वृहत विद्यालय सुरक्षा सम्बन्धी कार्यक्रमहरु संचालन गर्ने |

५. सम्भावित प्रकोप तथा विपद् सम्बन्धि पूर्व सावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी गराउने
६. कोभिड-१९ लगायतका महामारीबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी गर्ने ।
७. महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिन बैकल्पिक उपायहरूको तयारी गर्ने ।
८. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद्वा संकटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गर्ने ।
९. विद्यालय स्तरीय प्रतिकार्ययोजना तयार गर्ने ।
१०.शैक्षिक सेवा निरन्तरताको लागि आवश्यक हुने यन्त्र उपकरण, खाद्यान्न, पोशाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने ।
११.विपद् व्यवस्थापनको लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने ।
१२.विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड, २०८० अनुसार केन्द्रमा सहजिकरण समिति र स्थानीय तहमा स्थानीय तह स्तरीय विद्यालय पूर्वाधार विकास समिति जसले विद्यालय निर्माण, लैङ्गिक समता एवम् समावेशीकरण, विद्यालय विपद् व्यवस्थापन तथा विपद् जोखिम नयुनीकरण र उत्थानशील शिक्षा तथा सेफगार्ड पक्ष सम्बन्धी काम, अनुगमान तथा निरिक्षण गर्ने
१३.विपद् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्ध सरकारी निकायहरू बीच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाउने।
१४.हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रमहरु कार्यान्वयन गर्ने ।

### ४.५.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. विपद् व्यवस्थापन प्रतिकार्य संयन्त्र र कार्यढाँचा विकास भएको हुनेछ।
२. विद्यालय तथा समग्र शिक्षा प्रणालीमा प्राकृतिक प्रकोप व्यवस्थापनका लागि पूर्वतयारी, प्रतिकार्य तथा पुनरुत्थानको योजना तथा क्षमता विकास भएको हुनेछ |
३. सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुनेछ ।
४. आपतकालिन अवस्थामा बैकल्पिक सिकाइका विधिहरु प्रयोग गरी बालबालिकाहरुको सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुनेछ ।
५. डिजिटल सिकाई सामग्रीहरुको प्रयोग सबै बालबालिकाहरुको पहुँचमा पुगेको हुनेछ |

**नतिजा**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन-सीपसहित कोभिड जस्ता महामारी तथा विपद् जोखिम न्यूनीकरण | ० | ५ | १० | १५ | २० | २३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक विद्यालय सँख्या | | | | | | |
| २ | हरित विद्यालय सँख्या | १ | १ | २ | ३ | ५ | ८ |
| ३ | जलवायु परिवर्तन तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रमहरु कार्यान्वयन गर्ने विद्यालय सँख्या | ० | १ | १ | १ | १ | १ |
| ४ | विपद प्रतिरोधी विद्यालय सँख्या | ७ | ९ | ११ | १३ | १५ | २० |
| ५ | विपद् तथा प्रकोप प्रतिकार्य व्यवस्थापन तथा पुनरुत्थान योजना बनाउने विद्यालय संख्या | ० | १ | ३ | ५ | ७ | १४ |
| ६ | डिजिटल सिकाई सामग्रीहरुको पहुँचमा पुगेको बालबालिकाहरुको संख्या (%) | | | | | | |

## ४.५.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र सं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | नगरपालिका स्तरीय भूकम्प प्रतिरोध विद्यालय भवन निर्माण निर्देशिका स्वीकृति र कार्यान्वयन गरिने | पटक | १ | | | | | १ | २ | नगर पालिका, गैसस |
| २ | विपद् तथा प्रकोप प्रतिकार्य व्यवस्थापन तथा पुनरुत्थान नीति, योजना तथा कार्यविधि निर्माण तथा पुनरावलोकन | पटक | १ | | | | १ | २ | ३ | संघ, नगरपालिका ,गैसस |
| ३ | स्थानीय तह र विद्यालयको क्षमता विकास | पटक | निरन्तर | | | | | | | संघ, प्रदेश, नगरपालिका , गैसस |
| ४ | शिक्षक तथा वि.व्य.स.तालिम संचालन | पटक | १ | | १ | | १ | ३ | ५ | संघ, प्रदेश, नगरपालिका , गैसस |
| ५ | विपद् पूर्व तयारी, प्रतिकार्य, पुनर्स्थापना तथा उत्थानशीलताको लागि सचेतना कार्यक्रम | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | संघ, प्रदेश, नगरपालिका , गैसस |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | हरित, सफा, शान्त र सुरक्षित विद्यालय निर्माण तथा प्रवर्द्धन गरिने | विद्यालय | २ | | | | १ | ३ | ७ | संघ, प्रदेश, नगरपालिका, गैसस रविद्यालय |
| ७ | विपद प्रतिकार्य सामाग्रीहरु उपलब्ध गराउने | पटक( आवश्यकताअनुसार) | १ | | १ | | १ | ३ | ५ | संघ, प्रदेश, नगरपालिका, गैसस |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन् ।

एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी हुनको निमित्त प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्गमिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफलको मापदण्ड शिक्षा नियमावली २०५९ को नियममा तोकिएको छ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुककर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिम मुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरिएको छ।

राष्ट्रिय शिक्षा नीतिले आत्मसात गरेको सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवं विस्तारको नीति र हाल सम्मको अभ्यासका आधारमा भएको सिकाइ अनुभवका आधारमा शिक्षा क्षेत्रको योजनामा भौतिक पूर्वाधार विकासको कार्यक्रम तर्जुमा गरिएको छ ।

### ४.६.१ वर्तमान अवस्था

विद्यालय भौतिक संरचना विद्यालय शिक्षाको महत्व पूर्ण आधार हो | विभिन्न प्राकृतिक प्रकोपबाट सुरक्षित हुने गरि विद्यालयहरु निर्माण भएको हुनु पर्छ | यस पालिकामा संचालित २३ बटा सामुदायिक विद्यालयहरुमा पक्कि भवन र केहीमा जस्ताको पाताले छोपेको भवन रहेको छ | सम्पूर्ण सामुदायिक मा.वि. तथा आधारभूत तह ६-८ मा सुविधा सम्पन्न पक्कि भवन निर्माण भएका छन भने केहि विद्यालयहरुमा निर्माणको चरणमा रहेका छन | अधिकांश सामुदायिक विद्यलाहरुमा छात्र र छात्रा छुट्टा छुट्टै शौचालयको प्रबन्ध रहेको छ भने केहीमा निर्माणको चरणमा रहेको छ | यस बर्ष पनि ३ वटा विद्यालयहरुमा ४ कोठे पक्कि भवनको लागि बजेट बिनियोजन भएको छ भने केहि रकम मर्मत सम्भारमा विनियोज भएको देखिन्छ | सम्पूर्ण मा.वि. र आधारभूत तह मा डेस्क/बेन्चको प्रबन्ध रहेका छन् | ५ सामुदायिक विद्यालयहरुमा CCTV जडान भएको छ | ४

वटा सामुदायिक विद्यालयहरुमा ICT तथा कम्प्यूटर ल्याव, ५ वटा मा विज्ञान प्रयोगशाला र ५ वटा मा पुस्तकालय रहेको छ | आ.व.२०७९।८० र २०८०।८१ मात्र ७०० भन्दा बढी डेस्क बेन्च सेट, २२५ भन्दा बढी सिलिंग पंखा, १५० वटा जति व्हाइट बोर्ड तथा कार्यालय व्यवस्थापनका लागि प्रत्येक विद्यालयमा १ सेट फर्निचर यस नगरपालिकाको आन्तरिक श्रोत बाट खरिद गरि वितरण गरिएको छ । भौतिक पूर्वाधारमा अधिकांस विद्यालयहरु सम्पन्न भएता पनि अझै पनि बालमैत्री कक्षाकोठा, अपाङ्गमैत्री विद्यालय संरचना र लैंगीकमैत्री शौचालय हुन सकिएको छैन | साथै केही संरचनाहरु जिर्ण अवस्थामा रहेको छ जुन जोखिमपूर्ण समेत रहेको छ | त्यसलाई मर्मत सम्भार तथा सबलीकरण गर्न सकिएको छैन |

### ४.६.२ उद्देश्य

१. विद्यालय शिक्षाका लागि आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु,
२. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधार विकास ,मर्मत संभार तथा सबलीकरण गर्नु ।
३. जलवायु परिवर्तनका असरहरूबाट सुरक्षित हुन Climate Smart Infrastructure बनाउन परामर्श गर्नु ।
४. कक्षा कोठा बालमैत्री र अपांगमैत्री तथा लैंगीकमैत्री शौचालयको निर्माण तथा सबलीकरण गर्नु |

### ४.६.३ रणनीति

१. भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह, विद्यार्थी सङ्ख्याको प्रक्षेपण र भौगोलिक क्षेत्रको आधारमा मापदण्ड विकास गर्ने ।
२. एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक गर्ने गरी पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गर्ने ।
३. विद्यालय पूर्वाधार विकासका लागि संघप्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत . व्यवस्थापन गरी सरोकारवालाको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध गर्ने ।
४. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार सबलीकरण तथा पुर्ननिर्माण एवम् मर्मत संभार गर्ने ।
५. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने ।
६. छुट्टैप्रारम्भिक बालविकास कक्षाकोठा तथा संरचना क्रमशः निर्माण गर्दै जाने |

### ४.६.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१.विद्यालय पूर्वाधार विकासको लागि आवश्यक विधि, मापदण्ड र स्तरीकरणको सूचक सहितको निर्देशिका तयार भएको हुनेछ |
२.सबै विद्यालयहरूमा पर्याप्त भौतिक संरचना निर्माण हुने।
३.विद्यालयका भौतिक संरचना बाल मैत्री, अपाङ्गतामैत्री, लैंगीकमैत्री र सुरक्षित हुने ।
४.छुट्टै प्रारम्भिक बालविकास कक्षाकोठा र संरचना हुने।

**नतिजा**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी विद्यालय | १५ | १६ | १७ | १९ | २१ | सबै |
| २ | नयाँ निर्माण गर्नु पर्ने कक्षाकोठा सँख्या | ३० | २० | १५ | १० | ५ | ० |
| ३ | सबलीकरण गर्नु पर्ने कक्षाकोठा सँख्या | ५० | ४० | ३० | २० | १० | ५ |
| ४ | नयाँ निर्माण गर्नु पर्ने शौचालय सँख्या | १० | ८ | ७ | ५ | ३ | २ |
| ५ | बालमैत्री र अपांगमैत्री विद्यालय संख्या | ३ | ५ | ७ | १० | ११ | १२ |
| ६ | छुटै बालविकास कक्षाकोठा संख्या | २३ | २३ | २३ | २३ | सबै | |

## ४.६.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्रसं | प्रमुखक्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य(५वर्ष) | | | | | | रकम हजारमा (०००) | भौतिक लक्ष्य(१० वर्ष) | जिम्मेवारनिकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | | |
| १ | विद्यालय भौतिक पूर्वाधार विकासको प्रक्रिया र मापदण्ड तर्जुमा | पटक | १ | | | | | १ | १०० | २ | नगरपालिका |
| २ | भौतिक पूर्वाधार विकासको लागि आवश्यकताको पहिचान | पटक | १ | | | | १ | २ | ५० | ३ | नगरपालिका |
| ३ | संघीय र प्रदेश तथा गैरसरकारी संघसंस्थाहरु संग लागत साझेदारी कार्यक्रम संचालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | निरन्तर | नगरपालिका |
| ४ | विद्यालयहरूमा बनेका संरचनाको सम्बर्धन तथा मर्मत सम्भार र फर्निचर व्यवस्थापन समेत | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | २५०० | निरन्तर | संघ, प्रदेश,नगरपालिका, गैसस, विद्यालय |
| ५ | छात्रा र छात्रलाई अलग्गै शौचालय तथा पानी तथा | विद्यालयस | २ | १ | २ | २ | २ | ९ | | सबै | संघ, प्रदेश, नगरपालिका, गैसस, विद्यालय |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सरसफाइको प्रबन्ध | ङ्ख्या | | | | | | | | | |
| ६ | प्रारम्भिक बालविकासका लागि पानी तथा सरसफाइका साथै अलग्गै शौचालय र कक्षाकोठा | विद्यालय स ङ्ख्या | ५ | २ | २ | २ | २ | १३ | | सबै | संघ, प्रदेश, नगरपालिका, गैसस, विद्यालय |
| ७ | अपाङ्ता मैत्री तथा बालमैत्री संरचना सबलीकरण कार्यक्रम | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | २५० | निरन्तर | संघ, प्रदेश, नगरपालिका, गैसस, विद्यालय |
| ८ | नमूना विद्यालय विस्तार कार्यक्रम | पटक | | | १ | | | १ | १५०००० | ३ | प्रदेश, नगरपालिका र गैसस |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

सूचना तथा सञ्चार प्रविधिको कुशल र प्रभावकारी प्रयोगले सिकाइ सुधार गर्न, सिकाइलाई सान्दर्भिक बनाउन, सिकाइप्रति विद्यार्थीलाई अभिप्रेरित गर्न र शैक्षिक व्यवस्थापन सुधार गरी सुशासन कायम गर्न सहयोग पुग्दछ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुऱ्याई डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा समता मूलक पहुँच पुऱ्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सहयोग पुऱ्याउँदछ । यी चारओटा मार्गदर्शक सिद्धान्तका आधारमा शिक्षामा सूचना तथा सञ्चार प्रविधिको गुरुयोजना सन् २०१३-२०१७ निर्माण गरिएकोमा यी सिद्धान्तहरू अहिलेको सन्दर्भमा पनि उत्तिकै सान्दर्भिक देखिन्छन् ।

उक्त गुरुयोजनाले पहिचान गरेका चारओटा प्राथमिकताका क्षेत्रहरूमा सूचना तथा सञ्चारका लागि संरचना (कनेक्टिभिटी, सामग्री, आँकडा) तयार गर्ने; मानवीय स्रोत विकास गर्ने; डिजिटल सामग्री विकास गर्ने र शैक्षिक पद्धति तथा व्यवस्थापन सुधार गर्ने रहेका थिए । यी चारओटा क्षेत्रमा गुरुयोजनाले रणनीति, क्रियाकलाप तथा लक्ष्यहरू निर्धारण गरेको थियो । यी क्षेत्रहरू हालको परिस्थितिमा पनि सान्दर्भिक रहेकोले तदनुकुल रणनीति, क्रियाकलाप तथा लक्ष्यहरू अध्यावधिक तथा परिमार्जन गरी यस योजनामा समावेश गरिएकोछ।

कोभिड-१९ को महामारीले शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगको आवश्यकतालाई थप पुष्टि गरेको छ । विभिन्न प्रकारका विपत तथा महामारीमा पनि शिक्षण

सिकाइलाई निरन्तरता दिने कार्यमा सूचना तथा सञ्चार प्रविधिले महत्त्वपूर्ण सहयोग गर्न सक्दछ । यस सन्दर्भमा विद्यमान क्षमताका आधारमा अनलाइन तथा अफलाइन लगायतका भर्चुअल माध्यम प्रयोग गरी सिकाइलाई निरन्तरता दिन खोजिए पनि पर्याप्त क्षमता तथा संरचनाको अभावले सबैलाई समेट्न सकिएको छैन (Poudel, Kafle, 2020) । यस्तो अवस्थामा सबैका लागि सहज पहुँच पुग्ने गरी शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास गर्नु आवश्यक भएको छ ।

नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी नीतिहरू उल्लेख गरिएको छ । उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुऱ्याउने, तालिम, शिक्षण सिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिका लागि उल्लिखित दस्तावेजहरूले नीतिगत आधार तयार गरेका छन् भने शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी गुरुयोजना, २०१३-२०१७ ले यस सम्बन्धी रणनीति, कार्यक्रम तथा लक्ष्यहरू निर्धारण गरेको थियो ।

विद्यालय क्षेत्र विकास कार्यक्रममा पनि सूचना तथा सञ्चार प्रविधिका क्रियाकलाप समावेश गरिएको छ । विद्यालय क्षेत्र विकास योजनामा समावेश गरिएका मुख्य क्रियाकलापहरूमा सिकाइमा सूचना प्रविधिको प्रयोगका लागि आवश्यक सामग्री विद्यालयलाई उपलब्ध गराउने; विज्ञान, गणित र अङ्ग्रेजी विषयमा आधारित विद्युतीय सामग्री निर्माण गर्ने; पूर्वाधार विकास र शिक्षण सिकाइ सामग्री प्रदान गर्ने; नमुना विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको सिकाइ केन्द्र स्थापना गर्ने; एकीकृत लेखा सफ्टवेयर कार्यान्वयन गर्ने र एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) विकास गर्ने रहेका थिए ।

विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको संरचना विकासका लागि वार्षिक रूपमा लगानी गरिएको हुँदा धेरैजसो माध्यमिक विद्यालयहरूमा कम्प्युटर लगायतका सामग्री उपलब्ध गराउने र इन्टरनेट कनेक्टिभिटीका केही काम भए पनि यी सुविधाहरू पर्याप्तछैनन् । उपलब्ध भए तापनि शिक्षण सिकाइमा यी स्रोतहरूको प्रयोग गर्ने विद्यालयहरूको सङ्ख्या ज्याँदै कम रहेको छ । कतिपय विद्यालयहरूले विभिन्न व्यक्ति तथा संघसंस्था मार्फत पनि यस्ता सूचना तथा सञ्चार प्रविधि सम्बन्धी सामग्री प्राप्त गर्ने गरेका छन् । यसका लागि साधन तथा संरचना बढाउनुका साथै यसको प्रभावकारी प्रयोगका लागि शिक्षकको क्षमता वृद्धि अनिवार्य रूपमा गर्नुपर्ने देखिन्छ ।

विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत पाठ्यक्रम विकास केन्द्रले कक्षा ६, ७ र ८ का लागि गणित, विज्ञान र अङ्ग्रेजी विषयमा केही डिजिटल सामग्री तयार गरेको छ । त्यसैगरी केही निजी क्षेत्रका संस्थाहरूबाट पनि विभिन्न विषयमा डिजिटल सामग्री तयार गर्ने कार्य भइरहेको छ । दृष्टि विहिनका लागि पनि केही पाठ्यपुस्तकहरू डिजिटलाइज गर्ने कार्य भएको छ । कोभड-१९ को महामारीको समयमा यस्ता डिजिटल सामग्रीलाई बेग्लै वेबपोर्टल बनाई सबैको पहुँच हुने गरी राखिएको छ । पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका सामग्रीका विद्युतीयप्रति पनि वेभसाइटमा राख्ने गरिएको छ । त्यसै गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा तयार

गरिएका श्रब्य तथा श्रब्यदृश्य पाठ्यसामाग्रीहरु शिक्षा तथा मानवस्रोत विकास केन्द्रको Learning Portal मा राखिएको छ।डिजिटल सामग्री निर्माण केही मात्रामा भए पनि पर्याप्त मात्रामा सामग्री उपलब्ध नहुनु, भएका सामग्रीहरू पनि अन्तरक्रियात्मक नहुनु र सहज प्राप्त हुन सक्नु जस्ता समस्याहरू रहेका छन् । त्यसैगरी सबै विद्यालयमा इन्टरनेट कनेक्टिभिटी लगायत सूचना तथा सञ्चार प्रविधिको संरचना पुऱ्याउने, क्षमता विकास गर्न विभिन्न किसमका अपाङ्गता भएकाहरूको लागि पनि उपयोगी हुने गरी सामग्री विकास गर्ने कार्यमा चुनौतीहरू देखिएका छन् ।

## ४.७.१ वर्तमान अवस्था

मनराशिसवा नगरपालिका अन्तर्गतका २३ वटै सामुदायिक विद्यालयहरुमा इन्टरनेट सेवा उपलब्ध रहेको छ। डिजिटल बोर्ड जम्मा ४ वटा विद्यालयहरुमा उपलब्ध भएको मध्ये एउटा विद्यालयमा उपयोगको अवस्था राम्रो रहेको छ। भने बाँकी विद्यालयहरुमा शिक्षकहरुमा प्रविधि सम्बन्धि ज्ञान तथा क्षमताको अभावका कारण उपयोगमा आउन सकेको छैन।४ वटा विद्यालयहरुमा पर्याप्त मात्रामा कम्प्युटर उपलब्ध भएता पनि शिक्षकहरुमा ज्ञान शिपको अभावका कारण एउटा विद्यालयमा मात्र प्रयोगमा रहेको छ। यस नगरपालिका अन्तर्गतको एउटा विद्यालयमा प्राविधिक धार तर्फ कक्षा(९-१२) मा सिभिल इन्जिनियरिङ्गको कक्षा सञ्चालन भई रहेको र प्राविधिक तथा व्यावसायिक शिक्षा अन्तर्गत ३ वर्षे कम्प्युटर इन्जिनियरिङ्गको कक्षा सञ्चालन भई रहेको छ।विद्यार्थी शिक्षकको अनुपातको तालमेल मिलाउन सकिएको छैन, जस कारण सूचना तथा सञ्चार प्रविधिमा उल्लेख्य कार्य प्रगति पाउन सकिएको छैन।

**चुनौति तथा अवसरहरुः**

- विद्यार्थि शिक्षकको अनुपात मिलाउनु,
- भएका शिक्षकहरुमा सूचना तथा सञ्चार प्रविधि सम्बन्धि दक्षता दिलाउनु।
- प्रत्येक विद्यालयलाई सूचना,सञ्चार तथा प्रविधि मैत्रि बनाउनका लागि आवश्यकता बमोजिमको भौतिक संरचना विकास गर्नु।

## ४.७.२ उद्देश्य

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच पुऱ्याउनु ।
२. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु ।
३. विश्वव्यापिकरणको यस युगमा विश्व जगतमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति उत्पादन तथा निर्माण गर्नु।

## ४.७.३ रणनीति

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने ।
२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगको सम्वन्धमा सबै शिक्षकहरूको क्षमता अभिवृद्धि गर्ने ।
३. विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोगमा जोड दिने ।

४. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने ।
५. शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधा मार्फत विद्यालय, शिक्षक र विद्यार्थीहरूको पहुँच विस्तार गर्ने ।
६. कम्प्युटर लाइब्रेरी तथा डिजीटल पुस्तकालयको माध्यमबाट दृष्टिविहीन तथा सुनाइ क्षमता कमजोर भएका बालबालिकालाई लक्षित गरी दृष्य तथा श्रव्यदृष्य सामग्रीहरूको उचित प्रवन्ध र प्रयोग गर्ने ।

### ४.७.४ प्रमुख उपलब्धि तथा नतिजा

१. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास र विस्तारले प्रभावकारी ढंगवाट सिकाइमा सहजीकरण भएको हुनेछ ।
२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगवाट विद्यार्थीहरुको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।
३. विद्यार्थिहरुमा सूचना तथा सञ्चार प्रविधिको ज्ञान भए पश्चात हिम्मत र साहस बढेको हुनेछ जस कारण उनिहरु विद्यालय बाहिरको वातावरणमा पनि प्रतिस्पर्धा गर्न सक्ने हुनेछन्।
४. दक्ष जनशक्तिका रुपमा शिक्षकहरुको विकास भएको हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | Internet connectivity भएका विद्यालयको सँख्या | २३ | २३ | २३ | २३ | २३ | २३ |
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय संख्या | १ | १ | ५ | १० | १५ | २३ |
| ३ | मुख्य विषयहरूमा डिजिटल पाठ्य सामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | ० | ० | ५ | १० | १५ | २३ |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय सङ्ख्या | ४ | ४ | ८ | १२ | १७ | २३ |
| ५ | विद्युतको पहुँच पुगेका विद्यालयसँख्या | २३ | २३ | २३ | २३ | २३ | २३ |

## ४.७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालयमा ICT संरचना विस्तार गरी ईलाइब्रेरी स्थापना | संख्या | ४ | ७ | १० | १३ | १६ | १६ | २३ | संघ/पालिका |
| २ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था | संख्या | २ | २ | २ | २ | २ | २३ | २३ | पालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ३ | ३ | ३ | ३ | ३ | | | |
| ३ | शिक्षकहरूको क्षमता विकास | संख्या | ० | ५<br>० | १<br>०<br>० | १<br>५<br>० | २<br>०<br>० | २५१ | २५१ | पालिका |
| ४ | प्रत्येक विद्यालमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | संख्या | ० | ५ | १<br>० | १<br>५ | २<br>० | २३ | २३ | पालिका |
| ५ | IEMIS व्यवस्थापन | संख्या | २<br>३ | २<br>३ | २<br>३ | २<br>३ | २<br>३ | २३ | २३ | पालिका |

# परिच्छेद ५: सुशासन तथा व्यवस्थापन

शिक्षा जस्तो महत्त्वपूर्ण सार्वजनिक सेवालाई सबल, चुस्त, सेवाउन्मुख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका ज्यादै महत्त्वपूर्ण रहन्छ । सामान्यतया सुशासन तथा व्यवस्थापनले उत्तरदायित्त्व, पारदर्शिता, जिम्मेवारी बोध वा जवाफदेहीपन, विधिको शासन, समता तथा समावेशिता र व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्यहरू प्राप्तिमा सहयोग पुऱ्याउन तयार गरिएका संरचना तथा प्रकियाहरू जनाउँदछ । सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्न, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित भई कार्य गर्न, कार्य सम्पादनमा प्राथमिकता दिई उत्तरदायित्व वहन गर्न, कार्य सम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्नर पारदर्शिता तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रियाहरू व्यवस्थित गरिनु पर्दछ । शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले आआफ्नो भूमिका अनुसार सुशासन कायम गर्न यी सबैको योगदान आवश्यक हुन्छ ।नेपालको संविधानमा संघ,प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूची सहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ।विद्यालय शिक्षाको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना सहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको व्यबस्थापकीय प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक हुन्छ।

यस परिच्छेदमा सुशासन तथा व्यवस्थापन अन्तर्गत संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजनाको कार्यान्वयनको प्रबन्ध र अनुमगन तथा मूल्याकंन जस्ता क्षेत्रहरु समावेश गरिएको छ ।यस परिच्छेदमा समावेश गरिएका क्षेत्रहरुलाई पनि अरु परिच्छेदमा जस्तै परिचय, वर्तमान अवस्था,उद्देश्यहरु, रणनीतिहरु, उपलब्धिहरु, नतिजाहरु र मुख्य क्रियाकलापहरु र लक्ष्य निर्धारण गरि ७ वटा उपशिर्षकहरुमा विभाजन गरि विश्लेषण गरिएको छ ।

## ५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

**संस्थागत क्षमता विकास :**

नेपालको शिक्षा क्षेत्रको वर्तमान परीपेक्षमा तिनै तहका सरकारमा कर्मचारी व्यवस्थापन र संगठनात्मक स्वरुपमा केही परीर्वतन गरी व्यवस्थापन गरीएको छ । आजको सूचना तथा प्रविधिको युगमा शैक्षिक गतिविधिलाई प्रभावकारी बनाउन सासकिय संरचना, प्रकृया र क्षमतामा सुधार गर्नै सुशासनको प्रत्याभुति प्रदान गर्नुका साथै संस्थागत संरचना र क्षमता विकास गर्न आवश्यक छ ।

यस योजनामा नगर भित्रका प्रम्भिक वाल विकास शिक्षा आधारभुत शिक्षा र साहयमिक शिक्षामा सबै नगरवासी विद्यालय उमेर समुहका वालवालिकाहरु पहँच र सहभागितामा सुनिश्चित

गरी गुण्स्तरमा सुधार अनौपचारीक तथा जिवन पर्यन्त शिक्षाको अवसरहरुको विस्तार समता तथा समावेशिताको प्रवद्धन गरी जवाफदेही शैक्षिक शुसासन कायम गर्ने उदेश्यले आवश्यक संस्थागत संरचान र प्रकृया स्थापित गर्न खोजिएको छ।

**५.१.१ वर्तमान अवस्थाः**

यस स्थानिय तहमा शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकासको व्यवस्था देहायबमोजिम रहेको छः-

- यस स्थानिय तह अन्तर्गत शिक्षा शाखाविपद प्रतिकार्यको ,रोस्टर शिक्षक टिम ,नगर शिक्षा समिति , लागि शिक्षा समुह आदि रहेका छ ।
- स्थानिय तह ऐनकार्यविधि तथा मापदण्डको विकास गरीएको छ , ।
- वार्षीक बजेट निर्माणस्वीकृत र कार्यान्वयन । ,
- यस स्थानिय तहका विद्यालयमा आधारभुत तहमा नगर शिक्षकको व्यवस्थापन गरिएता पनि शिक्षक विद्यार्थीको अनुपातमा विषयगत दरवन्दीको अभाव रहेको देखिन्छ ।
- सम्पूर्ण विद्यालयहरुले विद्यालयको लेखा प्रणाली व्यवस्थीत ढङ्गले सम्पन्त भएको अवस्था छ ।
- विद्यालयहरुले निर्धारित समयमा सामाजिक लेखा परीक्षण गरेको अवस्था छ ।
- सूचनाको हरक सम्बन्धि व्यवस्थाको लागि विद्यालयहरुले वडापत्र वनाउन लागेको अवस्था छ साथै विद्यालयकहूमा गुनासो सुनवाई समिति द्वारा गोप्य सूचाहरु सामाधान गरीएको ।

**५.१.२ समस्या तथा चुनौतिहरुः**

- यस नगरपालिकाको शिक्षा शाखामा कर्मचारी अभावको कारण बिद्यायहरुमा नियमित अनुगमन तथा सुपरीवेहक्षण हुन नसकेको अवस्था ।
- अनुगमन तथा सूपरीवेक्षणका लागि आवश्यक सूचकाङ्क तय हुन नसक्नु ।
- शैक्षिक विकासमा जनप्रतिनिधिको कम चासो हुनु ।
- शिक्षा क्षेत्रमा कम बजेट विनियोजन हुनु ।

**५.१.३ उद्देश्यः**

शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास का लागि निम्नलिखित उद्देश्य राखिएको छ।

- योजनाको उनुगम तथा मुल्याङ्कन प्रणालीको विकास गर्नु ।
- नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली लागु गरी योजना कार्यान्वयनमा उपयुक्त समन्वय र सहजिकरण विकास गर्नु ।
- स्थानिय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्दा ।
- जनशक्तिको लागि संस्थागत क्षमता अविवृद्धि गर्नु ।
- आवश्यक स्रोत साधनको व्यवस्थापन गर्नु ।

**५.१.४ रणनितिहरुः**

यस नगरपालिकाले माथि उल्लेखित उद्देश्य हासिल गर्नका लागि देहाय बमोजिमको रणनितिहरु अपनाइने छनः-

- स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने ।

- संस्थागत संरचना अनुसार जनशक्तिको व्यवस्था गर्ने ।
- स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने ।
- प्रधानाध्यापक थप जिम्मेबार बनाई क्षमता विकास गर्ने ।
- कार्यक्रमको प्रभावकारी ढङ्गबाट कार्यसम्पादन गर्ने आवश्यक स्रोत साधनहरुको व्यस्थापन गर्ने ।
- विज्ञ सहितको समिती निर्माण गर्ने ।
- अनुगमनका लागि विभिन्न सूचकहरु बनाइने छ ।

**५.१.५ उपलब्धि नतिजा तथा परिमाणात्मक लक्ष्यः**

यस योजनाको कार्यान्वयनबाट देहाय बमोजिमको उपलब्धिहरु हासिल हुने देखिन्छः-

- स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने ।
- संस्थागत संरचना अनुसार जनशक्तिको व्यवस्था गर्ने ।
- कार्यरत जनशक्तिको क्षमता विकास गर्ने ।
- स्थानीय तहमा शिक्षक पेशागत सहयोग प्रणाली स्थापना गर्ने ।
- प्रधानाध्यापक विद्यालय व्यवस्थापन समिति अध्यक्षलाई थप जिम्मेवार बनाई क्षमता विकास गर्ने ।
- कार्यक्रमको प्रभावकारी ढङ्गबाट कार्य सम्पादन गर्न आवश्यक स्रोत साधनहरुको व्यवस्थापन गर्ने ।
- योजनाको अनुगमन र मूल्याङ्कनमा संस्थागत विकास हुने ।
- स्थानिय दक्ष जनशक्तिको सदुपयोग हुने ।
- विद्यार्थीहरुको शैक्षिक उपलब्धिमा सुधार हुने ।

**प्रमुखनतिजा**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सँख्या | १ | ७ | सबै | सबै | सबै | सबै |
| २ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सँख्या | ० | ७ | सबै | सबै | सबै | सबै |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सँख्या | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ४ | विद्यालय | १८ | २० | सबै | सबै | सबै | सबै |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | व्यवस्थापन समिति भएका विद्यालय सँख्या | | | | | | |
| ५ | प्रचलित कानूनमा व्यवस्था भए बमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालय सँख्या | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ६ | स्थानीय तहबाट शिक्षामा विनियोजित बजेट प्रतिशत (कुल बजेटको) | १५% | १५% | १५% | १५% | २०% | २०% |

## प्रमुख क्रियाकलाप र लक्ष्य

| क सं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | सरोकारित निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालय शिक्षा सम्बन्धी आवश्यक कानून तर्जुमा | पटक (आवश्यकता अनुसार) | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका |
| २ | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका, वि.व्य.स. रविद्यालय |
| ३ | शिक्षक सहायता प्रणालीको विकास तथा परिचालन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | संघ, प्रदेश, नगपालिका, विद्यालयर गैसस |
| ४ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका रविद्यालय |
| ५ | प्रधानाध्यापकसंग कार्य सम्पादन करार गरी नतिजा उत्तरदायी र जिम्मेवार सम्बन्धी कार्यक्रम संचालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिकारवि.व्य.स. |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | विद्यालय सुधार योजना निर्माण तथा कार्यान्वयन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | विद्यालय, वि.व्य.स. र नगरपालिका |
| ७ | विद्यालय कार्यसम्पादन एवम् स्वमूल्यांकंन गर्ने, गराउने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | वि.व्य.स., वडा र नगरपालिका |
| ८ | सामुदायिक सिकाइ केन्द्र प्रभावकारी रुपमा संचालन र नियमन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका र वडा |

## ५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध

योजना कार्यान्वयनको प्रबन्ध अन्तर्गत बार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कन लगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति, प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्वहरू पर्दछन् । नेपालमा संघीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना तयार भई तीनै तहका सरकार क्रियाशील भएको तीन वर्ष कटिसकेको छ भने केही कानुनी प्रबन्ध सहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको छ तापनि राज्य प्रणालीलाई संघीय संरचना अनुरूप सक्षम बनाउन आवश्यक कार्यान्वयन प्रबन्ध गर्नुपर्ने छ । कार्यान्वयन प्रबन्ध तयार गर्दा यसको दिगोपन, प्रभावकारिता तथा कार्यकुशलतामा ध्यान दिनु आवश्यक छ।

### ५.२.१ वर्तमान अवस्था

व्यावहारिक र कार्यान्वयन योग्य शिक्षा योजना निर्माण गर्नु एउट महत्वपूर्ण चरण हो भने यसको सफल कार्यान्वयन झनै महत्वपूर्ण पक्ष हो | यसको कार्यान्वयन गर्न सम्पूर्ण सरोकारित निकाय तथा नागरिकहरुको महत्वपुर्ण सहभागिता र सक्रियता आवश्यक देखिन्छ | स्थानीय तहको नगर सभा, नगर कार्यपालिका, नगर शिक्षा समिति, वडा कार्यालयहरु, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, प्र.अ., सम्पूर्ण शिक्षक विद्यार्थी लगाएत सम्पूर्ण अभिभावकहरु यस योजना कार्यान्वयनका महत्वपूर्ण अंगहरु हुन् | यसका साथै पालिकाको स्वास्थ्य शाखा, कृषि शाखा, रोजगार शाखा, महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा लगाएतका अन्य सम्पूर्ण शाखाको पनि महत्वपुर्ण भूमिका रहने गर्दछ | विकास साझेदारी संघसंस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघसंस्थाहरु र नागरी समाजको पनि यस शिक्षा योजना कार्यान्वयन अहम भूमिका स्थापित भएको हुन्छ | अतः यस नगरपालिकामा यस शिक्षा योजना कार्यान्वयन गर्न अभिन्न संरचनाको रुपमा नगर शिक्षा समिति स्थापित रहेको छ र सचिवालयको रुपमा सक्रिय शिक्षा शाखा समेत रहेको छ | यसका साथसाथै सम्पूर्ण नगर सभा, नगर कार्यपालिका, १० वडा समितिहरु यस शिक्षा योजना कार्यन्वयन गर्न प्रतिवद्ध रहेका छन् | विद्यालयस्तरमा गठित २३ वटा विद्यालय वयवस्थापन

समीत, २३ वटा शिक्षक अभिभावक संघ, २३ जना प्र.अ. तथा विद्यालयहरुमा कार्यरत शिक्षक तथा कर्मचारीहरु रहेका छन | ५ वटा राष्ट्रिय गैर सरकारी संघसंस्था र ३ वटाअन्तर्राष्ट्रिय विकास साझेदारी (गैर सरकारी) संघसंस्था यस नगरपालिकामा प्रत्यक्ष रुपमा कार्यरत रहेका छन् | अनौपचारिक तथा निरन्तर सिकाइ कार्यान्वयन गर्न ३ वटा सिकाई केन्द्र संचालनमा रहेका छान | मनराशिसवा नगर शिक्षा ऐन, २०७९ र नियमावली, २०७९ कार्यान्वयनमा रहेको छ | बालिका तथा समावेशी शिक्षा गठन तथा संचालन कार्यविधि, २०७९, करारमा शिक्षक नियुक्ति सम्बन्धी कार्यविधि, २०८१, नगर शिक्षक व्यवस्थापन कार्यविधि, २०७९ निर्माण भई कार्यान्वयन भएको छ | साथै विपदको समयमा कसरी बालबालिकाहरुलाई सुरक्षित राख्ने र सकारी शिक्षण सिकाईलाई निरन्तरता दिने सम्बन्धमा शिक्षा समूह गठन भएको छ | यति धेरै संरचना निर्माण तथा कार्यान्वयनको लागि कानुनी तथा नीतिगत व्यवस्था भएता पनि यस शिक्षा योजना कार्यान्वयन चुनौती पूर्ण नै रहेको छ | स्थानीय जनप्रतिनिधिको कम चासोको कारण यो योजना ओझेलमा पर्ने सम्भावना बढी देखिन्छ| यसका साथै योजना कार्यान्वयनमा आवश्यक पर्ने स्रोत साधनको समयमै व्यवस्थापन हुन प्रतिफल अपेक्षित नहुन सक्छ |

### ५.२.२ उद्देश्य

१. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।
२. योजना कार्यान्वयनको अन्तसम्म योजनाको उद्देश्य प्राप्त गर्नु|

### ५.२.३रणनीति

१. संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेट समेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।
२. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकता अनुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने ।
३. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने ।
४. एकीकृत शैक्षिक सूचना व्यवस्थापन मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने ।
५. विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने ।
६. विद्यालय सुधार योजना (SIP) निर्माण तथा अध्यावधिक गर्न लगाउने।
७. विद्यालय बार्षिक कार्य तालिका निर्माण गरि कार्यान्वयन गर्न लगाउने|
८. नगरपालिकाबाट नियमित रुपमा शैक्षिक पात्रो निर्माण गरि कार्यान्वयन गर्ने र गराउने |
९. विद्यालय व्यवस्थापनलाई सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने ।

१०. वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चितता सम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने।

११. अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्ने अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने ।

१२. सामुदायिक सिकाइ केन्द्र मार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, बैकल्पिक शिक्षा तथा आयआर्जन र सिपविकासका कार्यक्रमहरू सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेतकार्य गर्ने ।

१३. पालिका अन्तर्गत कार्य गरि रहेका विभिन्न विकास साझेदारहरुसँग एकीकृत समन्वय र सहकार्य गर्ने |

१४. योजना कार्यान्वयन गर्न आवश्यक स्रोत साधन व्यवस्थापनको लागि प्रदेश तथा संघ सरकारसँग समन्वय र अपिल गर्ने |

### ५.२.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि**

१ शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ | साथै शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुनेछ ।

**प्रमुख नतिजा**

१. विद्यालय सुधार योजना निर्माण भई प्रभावकारी कार्यान्वयन भएको हुनेछ |
२. शिक्षा शाखा सबल र सक्षम कर्मचारी व्यवस्थापन र उपलब्धता भएको हुनेछ |
३. एकीकृत शैक्षिक सूचना प्रणालीको प्रयोग र सुदृढीकरण भएको हुनेछ |
४. सक्षम विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ भएको हुनेछ |
५. सामुदायिक सिकाइ केन्द्रको माध्यमबाट अनौपचारिक तथा आजीवन सिकाइ कार्यक्रम निरन्तर र प्रभावकारी ढंगबाट संचालन भएको हुनेछ |
६. शिक्षाका सबै निकाय तथा विद्यालय सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी र जिम्मेवार हुनेछन |

**प्रमुख क्रियाकलाप र लक्ष्य**

| क्र सं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | सरोकारितनिकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | वार्षिक वजेट तथा कार्यक्रम निर्माण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | वडारनगपालिका |
| २ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | विद्यालय, वि.व्य.स.,नगर पालिका, संघ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | एकिकृत शैक्षिक सुचना प्रणाली सृदृढीकरण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | संघ, नगरपालिकारविद्यालय |
| ४ | विद्यालय बार्षिक कार्य तालिका निर्माण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | विद्यालय, वि.व्य.स. रनगरपालिका |
| ५ | पालिका स्तरीय शैक्षिक पात्रो निर्माण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका |
| ६ | विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको क्षमता विकास तालिम | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | संघ, नगरपालिका रगैसस |
| ७ | प्र.अ.हरुको लागि व्यवस्थापन तालिम | पटक | १ | | १ | | १ | ३ | ६ | संघ, प्रदेश, नगरपालिका, शिक्षा तालिम केन्द्र र गैसस |

# परिच्छेद ६: लगानी र स्रोत व्यवस्थापन

<u>परिचय :</u>

सबै नागरिकहरूलाई आधारभूत तह निशुल्क र अनिवार्य तथा माध्यमिक तह निशुल्क उपलब्ध गराउने संवैधानिक प्रावधान रहेकोछ। आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको अधिकार स्थानीय सरकारको कार्यक्षेत्रमा राखिएकोछ। आधारभूत तथा माध्यमिक शिक्षा, प्रारम्भिक वालविकास शिक्षा, खुला शिक्षा, विशेष शिक्षा, सामुदायिक सिकाइ केन्द्रहरुका अतिरिक्त औपचारिक संरचना बाहिर ट्युसन कोचिङ सेन्टरहरूको नीति, योजना र समग्र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको रहने गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले २३ ओटा कार्य क्षेत्र अधिकारहरुको विस्तृतीकरण गरेको पाइन्छ।मित्रका शैक्षिक संस्थाहरुलाई अनुदान उपलब्ध गराउने लेखापरीक्षण र वितीय सुशासन कायमगर्ने दायित्व पालिकाको कार्यक्षेत्रमा रहेकाले सीमित स्रोतसाधनलाई मितव्ययी, नियमित, प्रभावकारी र पारदर्शी ढङ्गले व्यवस्थापन गर्नुपर्नेछ।

वित्तीय व्यवस्थापन अन्तर्गत २ ओटा पक्ष समेटिएको छ। एकातर्फ योजना कार्यान्वयनका लागि आवश्यक पर्ने वित्तीय स्रोत ऑकलन, प्राप्ति र उपयोगितालाई समेटिएको छ भने प्रदेश तथा सङ्घीय सरकारबाट प्राप्त विभिन्न प्रकारका अनुदानहरुलाई विद्यालयहरूमा पुऱ्याई तोकिए बमोजिम खर्च पारदर्शिता बढाउँदै समग्र पक्षमा वित्तीय अनुशासन कायम गर्नुपर्नेछ। शिक्षालाई विकासको पूर्वाधारहरुको पनि पूर्वाधारका रूपमा लिइन्छ।शिक्षाको समय सापेक्ष जुन गतिमा विकास हुनुपर्ने हो त्यसो हुन सकेको हैन। विभिन्न प्रतिवेदनहरूले कुल बजेटको २०% बजेट शिक्षामा विनियोजन गर्ने भनिए तापनि सो पनि अनुपातमा पुग्न सकेको छैन।यथार्थताको नजिक रहेर योजना बनाएर सो बमोजिम बजेट विनियोजन गर्ने नभई हचुवाको भरमा बजेट विनियोजन गर्नो कार्यले प्रश्रयपाएको छ। समुदायको विद्यालयमा लगानी गर्नुपर्छ भन्ने सोचमा गिरावट आएकोछ। संविधानमा शिक्षालाई लगानी मैत्री बनाउने र लगानी बढाउँदै लैजाने नीति उल्लेख गरिएकोछ। कमजोर भौतिक पूर्वाधारलाई सुविधा सम्पन्न बनाउनु, विद्यालयहरुको आर्थिक पक्षलाई सवलीकरण गर्नु र विद्यालय शिक्षामा परिचालन हुने बजेटलाई पारदर्शी बनाउनु चुनौतीको रुपमा रहेका हुन्। सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा शिक्षालाई राखिनु सङ्घ, प्रदेश र स्थानीय तहको एकल अधिकारका रूपमा समेत स्पष्ट गरिनुले शिक्षामा लगानीको अवसर राम्रो हुनेछ ।

## ६.१ वर्तमान अवस्था

विश्वव्यापी रूपमा दिगो विकासका लक्ष्यहरु हासिल गर्न कुल बजेटको कम्तिमा २०% रकम शिक्षा क्षेत्रमा विनियोजन गर्ने विश्वव्यापी प्रतिबद्धता रहेतापनि शिक्षा क्षेत्रको वजेट क्रमश: प्रतिवद्धता घटदै गइरहेको पाइन्छ। शसर्त अनुदानको रुपमा प्राप्त हुने केन्द्रीय अनुदानको ९५% भन्दा बढी रकम शिक्षक तलव भता छात्रवृति भौतिक पुर्वाधार दिवा खाजा र पाठ्यपुस्तक जस्ता शिर्षकहरूमा खर्च हुने गरेको छ । गुणस्तर अभिवृद्धि क्षमता विकासका लागि स्थानीय सरकारका

कार्यक्रमहरु केन्द्रित रहेकोछ। नगर शिक्षा योजना कार्यानव्यनका वित्तिय व्यवस्थापनको मुख्य श्रोत संघीय प्रदेश, राष्ट्रिय सभा सरकार रहनेछन्। अभिभावक र समुदायको भूमिका परिपुरकको रुपमा रहनेछ । शिक्षा क्षेत्रमा कार्यगर्ने संघसंस्थाहरुलाई विश्वताका आधारमा क्षेत्रगत रुपमा साझेदारी गर्न सकिनेछ । समग्र वितिय व्यवस्थापन अन्तर्गत योजना कार्यान्वयनका लागि प्रयास वित्तिय स्रोत जुटाउनु शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूलाई आवश्यक क्षेत्रमा स्रोत उपलब्ध गराउने स्रोतसाधनको व्यवस्थापन मार्फत वितिय सुशासन कायम गर्ने कार्यहरू प्राथमिकतामा रहेका छन्। नतिजामा आधारित स्रोत विनियोजन पद्दति मार्फत विद्यालयहरुलाई नियमित अनुदानका अतिरिक्त एकमुस्ट मागमा आधारित कार्यसम्पादन मुलक र प्रोत्साहन मुलक अनुदानको व्यवस्था गरिनेछ।

**शिक्षामा निजी लगानी**

नेपालमा निजी क्षेत्रबाट सञ्चालित संस्थागत विद्यालमा पढ्ने विद्यार्थी सङ्ख्या कूल विद्यार्थी सङ्ख्याको २५ प्रतिशत भन्दा बढी रहेको छ। प्रारम्भिक बालविकास शिक्षामा ५० प्रतिशत भन्दा बढी बालबालिका निजी क्षेत्रबाट सञ्चालित विद्यालयमा रहेका छन्। निजी क्षेत्रबाट सञ्चालित शिक्षण संस्थामा सरकारी लगानी प्रत्यक्ष रूपमा नभए पनि प्रशासनिक र व्यवस्थापकीय कार्यमा सहयोग तथा सहजीकरण र नियमनका पक्षमा सरकारको भूमिका रहेको छ।

**नेपालमा प्रति विद्यार्थी लगानीको तुलनात्मक अवस्था**

| शिक्षाको तह | प्रति विद्यार्थी लगानी रु. | | कैफियत |
|---|---|---|---|
| | सार्वजनिक | नीजि | |
| बालविकास शिक्षा | ३६०२ | १७,३३६ | |
| प्राथमिक तह (१—५) | ११,५३६ | २०,२५४ | |
| आधारभूत तह (६—८) | ११,२५१ | १९,९८४ | |
| माध्यमिक तह (९—१०) | १०,६८१ | ३१,६९६ | |
| माध्यमिक तह (११—१२) | १६,५५६ | ३५,७५२ | |

स्रोतः *NCE Nepal (Cited from UNESCO/ILEP and MOE,2018)*

## ६.२ उद्देश्य

योजनाको वित्तीय व्यवस्थापनका प्रमुख उद्देश्यहरू देहाय अनुसार रहेका छन् -

१. योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक स्रोतको प्रक्षेपण गर्नु।

२. विद्यालय शिक्षा सम्बन्धी पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु।

३. उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरीएका कार्यक्रमको प्राथमिकता निर्धाण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु।

४. खर्चको प्रक्रिया, तीनै तहका सरकारको भूमिका र दायित्व स्पष्ट गर्नु।

५. लगानीको उपयोगको अवस्था जानकारी लिने विधि र प्रक्रिया उपयुक्त (प्रतिवेदन पद्धति) प्रस्तुत गर्नु र जवाफ देहिता स्पष्ट गर्नु।

### ६.३ रणनीतिहरू

योजनाको वित्तीय व्यवस्था सम्बन्धी रणनीतिहरू देहाय बमोजिम हुनेछन्-

१. विद्यालय शिक्षाको लागि कानुनमा तोकिए अनुसारको आर्थिक दायित्व तीनै तहका सरकारहरू बिचको लागत साझेदारीमा हुनेछ।यसका लागि कम्तीमा संघीय सरकारको शिक्षा क्षेत्रको लगानीको अनुपातमा प्रदेश तथा स्थानीय सरकारले आआफ्नो स्रोतबाट थप लगानी हुने अपेक्षा गरिने।
२. शिक्षामा सरकारी अनुदान खर्चको जिम्मेवारी स्थानीय तहको भएकोले आफ्नो तह भित्रकोलक्षित शैक्षिक पहुँच र सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न स्थानीय तहलाई जवाफदेहीहुने पद्धति विकास गर्ने।
३. सरकारबाट प्रदान गरीने स्रोतको उपयोग गर्ने प्रमुख एकाइ विद्यालय भएकाले लक्षित गुणस्तर सुनिश्चित गर्ने जवाफदेहिता विद्यालयको हुनेछ।
४. शिक्षामा सार्वजनिक लगानी वृद्धि गरी कूल गार्हस्थ उत्पादनको ७ प्रतिशत र तिनै तहका सरकारबाट कूल बजेटको वार्षिक रूपमा २० प्रतिशत पुऱ्याइने छ।
५. नेपालको वैदेशिक सहायता नीति अनुरुप शिक्षाको बजेटमा हुने न्यूनता पूरा गर्नका लागि निश्चित लक्ष्य हासिल गर्न बाह्य स्रोतको परिचालन गरिनेछ।
६. उपागम को अवधारणा अनुसार कार्यक्रम खर्च तथा नतिजामा आधारित खर्च गरिनेछ।
७. सार्वजनिक सेवा ,सामाजिक दायित्त्व वा सेवा मूलक व्यवसायका रूपमा विकास गरिनेछ।
८. मापदण्डका आधारमा शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्धन गरीने छ भने निजी क्षेत्रले सार्वजनिक सेवा ,सामाजिक दायित्त्व वा सेवामूलक व्यवसायका रूपमा रहने गरी विद्यालय शिक्षा सञ्चालन गर्न व्यवस्था गरिनेछ।
९. अवस्था र आवश्यकताका आधारमा समानीकरण, समपुरक, शसर्त र विशेष अनुदानको अवलम्वन र उपयोग गरिनेछ।
१०. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्वन गरिनेछ।
११. वित्तीय व्यवस्थापन क्षमतामा सुधार गरी ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई थप सबल बनाइनेछ।

### ६.४ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमान

मनराशिसवा नगरपालिकाले १० वर्षका लागि तयार गरेको शिक्षा क्षेत्रको योजना (२०८१-२०९०) मा विद्यालय क्षेत्रका प्रस्तावित कार्यक्रम अनुसार बजेट अनुमान गरिएको छ। बजेट अनुमान गर्दा सबैका लागि निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको सुनिश्चितता सहित गुणस्तर सुधारलाई विशेष ध्यान दिइएको छ । प्रारम्भिक बालविकास तथा शिक्षामा न्यूनतम् सक्षमताका मापदण्ड पूरा गरि गुणस्तरीय सेवा सुनिश्चित गर्न लगानी बढाइएको छ । माध्यमिक शिक्षालाई निःशुल्क गर्न, सान्दर्भिकता बढाउन र गुणस्तर सुधार गर्न, भर्ना वृद्धि तथा टिकाउ दर बढाउन र व्यवसायिक सीप तथा प्रविधिमा आधारित सिकाइको गुणस्तर सुधार गर्न आवश्यक पर्ने बजेट

समावेश गरिएको छ । आधारभूत तहमा पाँच वर्षमा सबै विद्यालयमा प्राथमिकता प्राप्त न्यूनतम् सक्षमताका मापण्ड पूरा गर्ने भने माध्यमिक तहमा दश वर्षभित्र सबै विद्यालयमा यो मापदण्ड पूरा गर्नेगरी बजेट प्रस्ताव गरिएको छ। विद्यालयको भौतिक अवस्था सुधार र गुणस्तर सुधारका लागि शिक्षक विकासमा पनि लगानी उल्लेख्य रहेको छ। पाठ्यक्रमको सान्दर्भिकता बढाउने. पाठ्यपुस्तक सुधार गर्ने, शिक्षा प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई विस्तार गर्ने, आधारभूत तहसम्म दिवा खाजाको प्रबन्ध गर्ने, समता तथा समवेशितामा सुधार गर्न अपाङ्गता भएका, आर्थिक रूपमा विपन्न तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरू मध्ये केहीलाई आवासीय प्रबन्धसहित शिक्षा प्रदान गर्ने र अन्यलाई छात्रवृत्तिका लागि पनि उल्लेख्य बजेट प्रस्ताव गरिएको छ।

तालिका ६.५ विद्यालय क्षेत्रअन्तर्गत विभिन्न उपक्षेत्र तथा विषयमा प्रस्तावित बजेट (लाखमा)

| **क्र.सं.** | **उपक्षेत्र** | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | **५वर्षको जम्मा** |
|---|---|---|---|---|---|---|---|
| १ | बालविकास र शिक्षा | १५ | १६ | १७ | १८ | २० | ८६ |
| २ | आधारभूत शिक्षा | ५ | ७ | १० | १५ | २० | ५७ |
| ३ | माध्यमिक शिक्षा | ७ | ८ | १० | १२ | १५ | ५२ |
| ४ | उच्च शिक्षा | ५ | ५ | ५ | ५ | ५ | २५ |
| ५ | पाठ्यक्रम तथा मूल्याङ्कन | २ | ३ | ४ | ५ | ५ | १९ |
| ६ | शिक्षक व्यवस्थापन र विकास | ० | ५ | ५ | ५ | ५ | २० |
| ७ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | ० | २ | २ | ३ | ३ | १० |
| ८ | शैक्षिक समता र समावेशीकरण | ० | २ | २ | २ | २ | ८ |
| ९ | दिवाखाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रम | ० | १ | २ | ३ | ५ | ११ |
| १० | छात्रवृत्ति | ० | १ | १ | १ | १ | ४ |
| ११ | परिस्थिति जन्य शिक्षा | ५ | ५ | ५ | ५ | ५ | २५ |
| १२ | विद्यालयको भौतिक पूर्वाधार विकास | १५ | २० | २० | २० | २० | ९५ |
| १३ | शिक्षामा सूचना र प्रविधि | ० | २ | २ | २ | २ | ८ |
| १४ | अनुगमन तथा मूल्याङ्कन | ० | १ | १ | १ | २ | ५ |
| १५ | धार्मिक तथा परम्परागत शिक्षा | ६ | ६ | ६ | ६ | ६ | ३० |
| जम्मा | | ६० | ८४ | ९२ | १०३ | ११६ | ४५५ |

अनुमान पहिलो पाँच वर्षमा लागि जम्मा ४५५ लाख नेपाली रुपैया आवश्यक देखिन्छ जसमा संघीय तथा प्रदेश सरकारको नियमित अनुदान बाहेक नगरपालिकाको आन्तरिक स्रोत र बजेटलाई आधार लिएको छ।

## ६.६ तालिका योजनाको लागि अपुग स्रोतको वार्षिक विवरण

| अनुमानित खर्च | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | ५वर्षकोजम्मा | १०वर्षकोजम्मा |
|---|---|---|---|---|---|---|---|
| रू. लाखमा | ३२ | ३२ | ३२ | ३२ | ३२ | १६० | ३२० |

## ६.७ योजनाका लागि अनुमानित सहयोगी संस्थागत सहभागिता

| क्र.सं. | अनुमानित विकासका साझेदारहरू | प्रतिशत | सहयोग अनुमान (लाखमा) | कैफियत |
|---|---|---|---|---|
| १ | संघ ३० प्रतिशत | ३० | ९३ | |
| २ | प्रदेश २० प्रतिशत | २० | ६३ | |
| ३ | जिल्ला समन्वय समिति ७ प्रतिशत | ० | ० | |
| ४ | नगरपालिका संस्था ५ प्रतिशत | १० | ३१ | |
| ५ | गैरसरकारी संस्था २५ प्रतिशत | २५ | ७८ | |
| ६ | दाता १० प्रतिशत | १० | ३१ | |
| ७ | अन्य ३ प्रतिशत | ३ | १६ | |
| कुल जम्मा | | १०० | ३१० | |

# परिच्छेद ७ :अनुगमन तथा मूल्याङ्कन

शैक्षिक कार्यक्रमहरूमा स्रोत साधनको विनियोजन र वितरण के कसरी भइरहेको छ, लगानीको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन, कार्यक्रम कार्यान्वयन प्रक्रियामा त्रुटीहरू छन् वा छैनन्, शैक्षिक क्रियाकलापहरू निर्धारित कार्य तालिका अनुसार समयमै कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्तितर्फ उन्मुख भएका छन् वा छैन भन्ने कुरा निश्चित गर्न व्यवस्थापनबाट कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगति बारेमा नियमित वा आवधिक रूपमा निगरानी, निरीक्षण, पुनर्निरीक्षण, पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो । यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ ।

शैक्षिक कार्यक्रमहरूको सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको सन्दर्भमा सुव्यवस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो । मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ। अनुगमन सामान्यतया कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भएपश्चात् पनि गरिन्छ। अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्दछन् ।

## ७.१ वर्तमान अवस्था

यस मनराशिसवा नगरपालिकाभित्र शैक्षिक अनुगमन तथा मूल्याङ्कनको वर्तमान अवस्था यस प्रकार रहेको छः-

१. न.पा. भित्रको शिक्षा शाखा अन्तर्गतको अनुगमन टोली निर्माण भई विद्यालय अनुगमन तथा आवश्यक सुझाव र निर्देशन दिने व्यवस्था रहेको।
२. एकीकृत प्रतिवेदन प्रणालीको विकास प्रभावकारी हुन नसेको,
३. जनप्रतिनिधि, शिक्षक, कर्मचारी सहितको सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनिश्चितता रहेको छ ।
४. न. पा. क्षेत्रभित्रका विद्यालयहरूको अनुगमन तथा मूल्याङ्कनमा सूचना तथा प्रविधिको उपयोग विस्तार र ब्यवस्थित गर्ने कार्य व्यवस्थित हुन नसकेको ।
५. नतिजामा आधारित अनुगमन भइ रहेको,
६. शिक्षक सुपरिवेक्षण र पेसागत सहयोग कार्यक्रम प्रभावकारी हुन नसेकको,
७. विद्यार्थी उपलब्धि परीक्षणका लागि आधारभूत तहको छ। अन्त्यमा (कक्षा८) को परीक्षा केन्द्रीकृत प्रणालीबाट गरिदै आएको, र कक्षा-एकका लागि पनि गरिदैछ ।
८. विद्यालय कार्य सम्पादन परीक्षण राम्रैसँग हुँदै आएको

## ७.२ उद्देश्यः

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकीकृत प्रणाली विकास गर्नु,
२. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु,

३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु।

**७.३ रणनीतिः**

उल्लिखित उद्देश्य हासिल गर्नका लागि मनराशिसवा नगरपालिकाले अपनाउने रणनीति यस प्रकार छः-

१. कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनका लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने ।
२. नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने ।
३. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्य सम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित गर्ने,
४. कक्षाकोठाको सिकाइको अनुगमन, कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरीवेक्षण एवम् प्रतिवेदन प्रणाली प्रबन्धगर्ने।
५. विद्यालय तथा शिक्षकको सुपरिवेक्षण तथा पेशागत सहयोग संयन्त्रको व्यवस्था र सुदृढीकरण गर्ने,
६. योजना अन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजना वा क्रियाकलापको नियमित आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने
७. अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले तोके बमोजिम अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन तयार गरी स्थानीय तहमा पेशगर्ने ।

**७.४ प्रमुख उपलब्धि तथा नतिजा :**

- **<u>उपलब्धि</u>**

योजनाको सफल कार्यान्वयनबाट निम्नानुसार मुख्य उपलब्धि प्राप्त हुने छ ।

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणालि विकास भएको हुने छ ।
२. नतिजामा आधारित अनुक्षण अनुगमन तथा मुल्याङ्कन प्रणाली कार्यान्वयन हुने छ।
३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतिलाई सम्बोधन गरि अपेक्षित उपलब्धि हासिल भएको हुने छ ।

- **<u>नतिजा</u>**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजा यस प्रकार छ ।

१. अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास भएको भएको हुने छ ।
२. नतिजामा आधारित अनुगमन प्रणाली स्थापित भई योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुने छ।

## ७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य :

मनराशिसवा नगरपालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य यस प्रकार छ।

| क. सं. | प्रमुख क्रियाकलाप | एकाई | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवारनिकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | अनुगमण तथा मुल्याङकन संयंत्र निर्माण | पटक | १ | | | १ | | २ | ४ | नगरपालिका |
| २ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचक तयार तथा अद्यावधिक गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका |
| ३ | कार्यान्वयनको चौमासिक तथा वार्षिक समिक्षा तथा प्रतिवेदन तयार गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका |
| ४ | कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका |
| ५ | अनिवार्य तथ निशुल्क शिक्षा कार्यान्वयनको अवस्था तयार गर्ने | पटक | | १ | | | | १ | २ | नगरपालिका र गैसस |

## अनुसूचीहरु

## अनुसूची १ : मनराशिसवा नगरपालिका नगर शिक्षा योजना २०८१-२०९०

### नगर शिक्षा योजना निर्माण सम्बन्धी सरोकारवाला र कार्यपालिका बैठकको निर्णय

PAGE NO.

DATE / /

आज मिति २०८१ साल फागुन महिनाको ८ गते बिहीवारका दिन तदनुसार २० फरवरी यस मनराशिसवा नगरपालिकाका नगर प्रमुख श्री मोहन पाण्डेय ज्यूको अध्यक्षतामा नगर शिक्षा योजना निर्माणको मस्यौदा माथि सरोकारवालासँग परामर्श, सुझाव सङ्कलन तपसिल बमोजिमको उपस्थितिमा प्रस्ताव माथि छलफल गरि निर्णय गरियो ।

उपस्थिति

| क्र.सं. | नाम थर | पद | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | मोहन पाण्डेय | मेयर | ९८४५०३३९०१ | |
| २. | शकुन्तला देवी | उप-मेयर | ९८४५०३३९०२ | |
| ३. | राजेश कुमार शर्मा | प्र.प्र.अ. | ९८४५०३०७०४ | |
| ४. | प्रेम शंकर मण्डल | शिक्षा शाखा प्रमुख | 9844215533 | |
| ५. | नेचन राय | प्र.अ. | ९८४४९०२८२३ | |
| ६. | ब्रजलाल सहनी | प्र.अ. | ९८४४९०६८४२ | |
| ७. | प्रमोद कुमार सिंह | प्र.अ. | ९८५४०२६५९६ | |
| ८. | विजय चौधरी | प्र.अ. | ९८१९६६०२३० | |
| ९. | जिबा कुमारी देवी | कार्यपालिका सदस्य | 9807821559 | Jiba |
| १०. | उदय किशोर झा | प्र०अ० | 9854028247 | Udayjha. |
| ११. | चन्द्र भूषण मंडल | अध्यक्ष | 9844222765 | |
| १२. | [illegible] | [illegible] | 981557777[illegible] | |
| १३. | नरेश [illegible] सिंह | " | 98442233[illegible] | |
| १४. | रामनाथ सहनी | " | 9814811173 | |
| १५. | कृष्ण बहादुर शाह | [illegible] - | 9819906633 | |
| १६. | गोमा काफ्ले | स.म.वि.नी. | ९८६४०५१५३२ | |
| १७. | ई. राकेश कुमार पाण्डेय | इन्जिनियर शाखा | ९८६०५०२८७५ | |
| १८. | रामचन्द्र यादव | [illegible] | ९८६२६९०३३७ | |
| १९. | सिमि खातुन | कार्यपालिका सदस्य | 9843263765 | सिमि खातुन |
| २०. | उपेन्द्र [illegible] सिंह | वडा अध्यक्ष | 9822[illegible] | |
| २१. | राम नरेश रजक | [illegible] सदस्य | 9844031734 | |

| क्र.सं. | नाम थर | पद | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| २२. | श्याम नन्दन सिंह | शिक्षा संयोजक | ९८४४०३९९९८ | [signature] |
| २३ | अभय कुमार गुप्ता | नगर प्रहरी | 9828576585 | [signature] |
| २४. | विजय महरा | | 9824827593 | [signature] |
| २५. | गौतम कुमार साह | प्राविधिक सहायक | [illegible] | [signature] |
| २६. | राजेश कुमार शर्मा | computer operator | 9815852529 | [signature] |
| २७. | दिपेश साह | ITO | 9801003244 | [signature] |
| २८ | शिवप्रसाद यादव | लेखा प्रमुख | 9807665090 | [signature] |
| २९. | श्याम देव महासेठ | प्रशासन अधिकृत | 9854031975 | [signature] |
| ३० | अशोक कुमार अधिकारी | वडा अध्यक्ष-३ | 9849405713 | [signature] |
| ३१. | राम बहादुर साह | वडा अध्यक्ष-६ | 9854024222 | [signature] |
| ३२. | अरुण कुमार चौधरी | वडा अध्यक्ष-१० | 9854031774 | [signature] |
| ३३. | मंजु देवी महारा | कार्यपालिका सदस्य | | [signature] |
| ३४. | द्रौपती देवी | कार्यपालिका सदस्य | | द्रौपती |
| ३५. | अनिल कुमार सिंह | वि.व्य.स.अध्यक्ष | | अनिल |
| ३६. | चाँदनी मण्डल | प्र.अधिकृत (स्वा) | 9864023399 | Chandani |
| ३७. | पंकज कु. साफी | | ९६४८८४२६९०३ | |
| ३८. | हेमन्त चौधरी | PPC | ९८४४२९९७०६ | [signature] |
| ३९. | उज्वल नारायण यादव | Education officer | ९८१०८००६९३ | [signature] |

प्रस्तावहरु

१. १० वर्षे नगर शिक्षा योजना माथि सरोकारवाला संग परामर्श, सुझाव सङ्कलन सम्बन्धमा ।

२. नगर शिक्षा योजना २०८१ - २०९० अनुमोदन सम्बन्धमा।

निर्णयहरु :-

निर्णय नं. १.

प्रस्ताव नं. १ माथि छलफल गर्दा १० वर्षे नगर शिक्षा योजना सरोकारवाला संग परिच्छेद अनुसार उप-~~क्षेत्र~~ क्षेत्रहरुमा परामर्श, सुझाव

PAGE NO.

DATE / /

सङ्कलन गरियो ।

निर्णय नं. २.

प्रस्ताव नं.२ माथि छलफल गर्दा यस मनरा शिसवा नगरपालिकाको शिक्षा क्षेत्रको समग्र विकासको लागि १० वर्षे शिक्षा योजनाको आवश्यकता महसुस गरी यस पालिकाको प्रमुखको अध्यक्षतामा कार्यदल समितिको सल्लाह र सहमति अनुसार विभिन्न सरोकारवालासँग तयार गरिएको मस्यौदा माथि छलफल गरी मनरा शिसवा नगरपालिकाको शिक्षा क्षेत्र योजनाको अन्तिम रुप दिएको र सर्व-सहमतिले पारित गरियो ।